सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हकसम्वन्धी नियमाववली ३ २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

२०८० बैशाख देखि असार मसान्त सम्मको

सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

घ्याङलेख गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हायुटार, सिन्धुली

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हकसम्वन्धी नियमावली २०६५ को नियम ३ बमोजिम प्रकाशित विवरण

२०८० बैशाख देखि असार मसान्त सम्मको

१. गाउँपालिकाको परिचय

१.१ भौगोलिक अवस्थिति

घ्याङलेख गाउँपालिका १६६.७७ वर्ग कि.मि. क्षेत्रफलमा फौलिएको छ । समुन्द्री सतहबाट तल्लो सतह ४८४मिटर देखि माथिल्लो सतह फापरचुली २३८० मिटर सम्म उचाइमा अवस्थित यस गाउँपालिका मा उष्ण मनसुनी, न्यानो समशितोष्ण, ठण्डा समशीतोष्ण प्रकारको हावापानी पाइन्छ । यस गाउँपालिकाको औसत तापक्रम २० र औषत वर्षा १८४१ मिलिमिटर हुन्छ । महाभारतको काखमा रहेको यस घ्याङलेख गाउँपालिकामा प्राय भिरालो जमिन छ । यहाँ खोला किनारामा बलौटे पथ्थरीलो र अन्य भागमा रातो फुस्रो माटो पाइन्छ ।

अक्षांश : २७ डिग्री १८ मिनटदेखि २७ डिग्री २१ मिनट उत्तरी ।

देशान्तर :८५ डिग्री ४१ मिनटदेखि ८५ डिग्री ५२ मिनटदेखि पूर्वी ।

सिमाना

पूर्वमा: सिन्धुली जिल्लाको कमलामाई नगरपालिका ।

पश्चिममा: काभ्रेपलान्चोक जिल्लाको महाभारत र सिन्धुली जिल्लाको मरिण गाउँपालिका ।

उत्तरमा: काभ्रेपलान्चोक जिल्लाको रोशी र सिन्धुली जिल्लाको सुनकोशी गाउँपालिका ।

दक्षिणमा: सिन्धुली जिल्लाको कमलामाई नगरपालिका र मरिण गाउँपालिका ।

क्षेत्रफल: १६६.७७ वर्ग कि.मि.

लम्बाई: सरदर २०.५ कि.मि.

चौडाई: सदरदर ६.५ कि. मि.

१.२ ऐतिहासिक चिनारी तथा नामाकरण

साविकको नेत्रकाली गा.वि.स.मा रहेको घ्याङलेख डाँडोबाटनै यस गाउँपालिकाको नाम 'घ्याङलेख'रहन गएको हो । तामाङ भाषामा 'घ्याङ' भन्नाले देवी देवता बस्ने ठाउ र 'लेख' भन्नाले अग्लो ठाउँ जनाउने हुँदा सो अग्लो डाँडामा तामाङहरुको इष्टदेवता रहने भएको हुनाले त्यस ठाउँको नाम **घ्याङलेख** रहन गएको देखिन्छ। त्यस घ्याङलेख डाडामा परापूर्व समय देखि नै माघे सक्रान्तीका

दिन ठूलो मेला लाग्ने गरेको र यस क्षेत्र वरिपरिका मानिसहरु सो मेला भर्न ठूलो संख्यामा आउने गरेको तथ्यबाट पनि सो ठाउँको ऐतिहासिक महत्व रहेको छ । वर्तमान समयमा सो ठाउँमा मेला लाग्ने प्रचलन हराएता पनि यस ठाउँको ऐतिहासिक महत्वलाई पुनर्ताजगी गराउन यस गाउँपालिकाको नाम घ्याङलेख राखिएको हो ।

घ्याङलेख गाँउपालिकाको शिरमा रहेको फापरचुली(शिवजीको वासस्थान) मानिने यस धार्मिक एवंम पर्यटकीय स्थानमा फापरचुली भ्यूटावरको निर्माण गरिँदै छ । सहिद भुमी भनेर चिनिने सिम्ले गाउँले कान्ती देखाउँछ भने लाखान, गुम्बा, सोल भञ्ज्याङ जस्ता स्थानहरुलाई शान्तीको प्रतिकको रुपमा चिनारी पाएका छन्। सात दोबाटो, हायुटार, चौकी डाँडा, सिम्पाल जस्ता विभिन्न स्थानहरुले यस गाउँपालिकाको ऐतिहासिक महत्वलाई दर्शाएका छन् । सर्वेक्षण अनुसार यस गाउँपालिकामा देहाय वमोजिमका पर्यटकीय स्थलहरु रहेका छन, जसमा तल उल्लेख गर्न सकिन्छ ।

१. फापरचुली भ्यू टावर २. सिम्ले गाउँ ३. सोल भञ्ज्याङ ४. सात दोबाटो ५. चौकी डाँडा ६. तामाजोर नदी

१.३ राजनीतिक अवस्थिति

साविक मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत जनकपुर अञ्चलको सिन्धुली जिल्लाको साविकको ५३ वटा गा.वि.स.हरु मध्ये अमले, बस्तिपुर, तामाजोर, नेत्रकाली र शान्तेश्वरी गा.वि.स.हरुलाई समायोजन गरी ५ वटा वडामा विभाजन गरी २०७३ साल फाल्गुण २७ गते घ्याङलेख गाउँपालिका गठन भएको हो । संघीय लोकतन्त्र गणतन्त्र नेपालको ७ वटा प्रदेश मध्ये बागमती प्रदेशको १३ वटा जिल्लामध्ये सिन्धुली जिल्लाको संघीय निर्वाचन क्षेत्र नं. २ प्रदेश निर्वाचन क्षेत्र २ ख मा यो घ्याङलेख गाउँपालिका पर्दछ ।

१.४ धरातलीय अवस्था

यस गाउँपालिका महाभारत पर्वतमापर्ने हुनाले प्राय भिरालो जमिन छ । यहाँ खोला किनारामा बलौटे पथ्थरीलो र अन्य भागमा रातो फुस्रो माटो पाइन्छ ।

१.५ प्राकृतिक सम्पदा

प्राकृतिक रुपले मनोरम साल,सिरिस, खयर, बर्रो, कर्मा, जामुन, वेल, कुसुम, सिमल, लामपाते कटुस, चिलाउने, उत्तिस, लाकुरी आदी जस्ता रुखहरु र लंगुर, दुम्सी, रातो मृग, चितुवा, वादर,

मलसाप्रो, बाघ, आदि प्रकारका जनावर आदिको बासस्थानको रुपमा रहेको यस गाँउपालिकामा मरिण खोला, तामाजोर खोला, चाउखोला, रातु खोला, सिम्ले खोला, ठाडो खोला, चालिसे खोला आदि खोला, रातु खोला, लिपे खोला आदी ।

१.६ साँस्कृतिक उत्कृष्टता

यस गाउँपालिकामा मनाईने मुख्य चाडपर्वहरुमा दशै, तिहार, हरितालिका तिज, रामनवमी, शिवरात्री, फागुपुर्णिमा, वुद्धपुर्णिमा, नागपञ्चमी, माघेसक्रान्ती, साउने संक्रान्ती, कृष्णजन्माष्टमी, चैतेदशै, हरिशयनी एकादशी, हरीवोधनी एकादशी, कुशेऔंसी आदि पर्दछन भने सोनाम ल्होसार, ग्याल्पो ल्होसार, साकेला नाच, लाखे नाच, बालन नाच, साकेला नाचले संस्कृतिलाई जगेर्ना गरेको छ ।

१.७ विकासका सम्भावना

सिन्धुली जिल्लाको सांस्कर्तिक तथा पर्यटकीय दृस्टीकोणले महत्वपूर्ण यस गाउँपालिकामा विकासका धेरै नै सम्भावना भएता पनि भौगोलिक विकटता को कारण ले विकास ले सोचे जस्तो फड्को मार्न सकिरहेको छैन ।

१.८ गृाहस्थ उत्पादन

उत्पादनको दृष्टिले यस गाउँपालिकामा मकै, कोदो, धान,आलु, तोरी, प्याज, लसुन, गहुँ आदि खेती गरिने गरिन्छ । यस गाउँपालिकामा तोरी र आलु धेरै मात्रामा उत्पादन हुने गरेको छ ।

१.९ मानव विकास सूचकाङ्क

इ.सं.२०१९ को , Global Human development sf] Report अनुसार नेपालको औषत मानव विकास सूचकाङ्क ०.४९, औषत आयु ६८.८ वर्ष, र औषत बार्षिक आम्दानी १,१६० डलर प्रति व्यक्ति देखिएको छ । इ.सं.२०१९ को , Global Human development sf] Report अनुसार सिन्धुली जिल्लाको औषत मानव विकास सूचकाङ्क ०.४४, औषत आयु ७०.०४ वर्ष र औषत बार्षिक आम्दानी ८८२ डलर प्रति व्यक्ति देखिएको छ ।

पारिवारिक विवरण तथा जनसंख्याको अवस्था

२.१ घरधुरी विवरण

पाँच वडामा विभाजित यस घ्याङलेख गाउँपालिकामा जम्मा २७११ घरधुरी छन् । जसमध्ये वडा नं.४ मा सबै भन्दा बढी घरधुरी ७२१ र सबै भन्दा कम घरधुरी ३७३ वडा नं.१ मा अवस्थित छन् ।

२.२ जनसंख्या वितरणको अवस्था

घ्याङलेख गाउँपालिकामा जम्मा १७३०३ जनसंख्याको बसोबास रहेको छ । सबै भन्दा बढी जनसंख्या वडा नं. ४ मा ४७५६ र सबै भन्दा कम जनसंख्या वडा नं. १ मा २०६४ छन् । नेपालको कुल जनसंख्याको ०.०६५ प्रतिशत जनसंख्या यस गाउँपालिकामा छन् ।

२.३ उमेर तथा लिङ्गको आधारमा जनसंख्या विवरण

यस गाउँपालिकाको कुल जनसंख्याको ५१.४ प्रतिशत पुरुष र ४८.६ प्रतिशत महिला छन् । वडा अनुसार हेर्दा पनि सबै वडामा पुरुषकै बाहुल्यता बढी भएको देखियो । तलको तालिकामा वडागत रुपमा लिङ्गको आधारमा जनसंख्याको विवरण प्रस्तुत गरिएको छ ।

२.४ मातृभाषाको आधारमा जनसंख्या विवरण

यस गाउँपालिकामा तामाङ भाषा मुख्य भाषाको रुपमा रहेको सर्भेक्षणबाट देखिन आउँछ । कुल जनसंख्याको ७४.१ प्रतिशत बासिन्दाले बढी मात्रामा तामाङ भाषा प्रयोग गर्ने गरेको र दोस्रो नं. मा खस पर्वते भाषा/नेपाली भाषा १८ प्रतिशतले मात्रा प्रयोग गर्ने गरेको देखिन्छ । यस्तै विभिन्न भाषा प्रयोग गर्ने जनसंख्याको आधारमा वडागत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

२.५ धर्म अनुसार जनसंख्या विवरण

यस गाउँपालिकामा बौद्ध धर्म मान्ने जनसंख्या सबै भन्दा धेरै छन् । कुल जनसंख्याको ७५ प्रतिशत जनसंख्याले बौद्ध धर्म मान्छन् । बौद्ध धर्म मान्ने जनसंख्या पछि हिन्दु धर्म मान्ने जनसंख्या २३ प्रतिशत छन् । त्यस्तै गरि क्रिश्चियन धर्म, किरात धर्म आदि धर्म मान्ने पनि रहेका छन् ।

२.६ जातिगत आधारमा जनसंख्या विवरण

यस गाउँपालिकामा तामाङको जनसंख्या सबै भन्दा धेरै छनाजसमा कुल जनसंख्याको ७४.५७ प्रतिशत छन ।

तालिका नं.३.६ जातिगत आधारमा जनसंख्याको विवरण

जाति	१	२	३	४	५	जम्मा	जम्मा %
तामाङ	१७७९	२२३५	२५५३	४१६६	२१६९	१२९०२	७४.५७
थामी	०	३५५	०	०	०	३५५	२.०५
नेवार	०	०	१९०	४५३	४६४	११०७	६.४०
दमाई	७	३६	११	०	५३	१०७	०.६२
मगर	२	४८२	४१	४४	८३१	१४००	८.०९
कामी	१०५	९१	१४९	१८	१४६	५०९	२.९४
क्षेत्री	९४	३२८	५	३३	०	४६०	२.६६
बाहमण	०	१२	०	१२	०	२४	०.१४
सार्की	०	०	०	३०	०	३०	०.१७
सुनुवार	७७	२६९	६३	०	०	४०९	२.३६
जम्मा	२०६४	३८०८	३०१२	४७५६	३६६३	१७३०३	१००.००

२.७ घरमुलीको विवरण

यस गाउँपालिकामा २१६० घरधुरीमा घरमुलीको रुपमा पुरुष छन् भने ५५१ घरधुरीमा घरमुलीको रुपमा महिला रहेका छन् ।

२.८ पेशाको आधारमा जनसंख्या विवरण

घ्याङलेख गाउँपालिकामामुख्य पेशाको रुपमा कृषि तथा पशुपालन रहेको छ । ४२८७ जनसंख्या जिविको पार्जनको लागि कृषि पेशामा आवद्ध छन् । ९४५ जनसंख्याले नोकरी पेशाबाट आफ्नो जिविको पार्जन गर्दै आइरहेका छन् । हाल सम्म पनि ६३० जनसंख्या बेरोजगार छन् । ५८८ जनसंख्या वैदेशिक रोजगारीमा आवद्ध छन् । अन्य पेशा जस्तै ज्याला, मजदुरी, उद्योग, व्यवसाय आदिमा आवद्ध रहेका छन् ।

२.९ आर्थिक रुपले सकृय जनसंख्याको विवरण :

आर्थिक रुपले हेर्दा १८ देखि ४० वर्ष को जनसंख्या कृषि तथा पशुपालन ,नोकरी र बैदेसिक रोजगारीमा लागेको देखिन्छ।

२.१० अपाङ्गताको आधारमा जनसंख्या विवरण

घ्याङलेख गाउँपालिकामाशारीरिक अपाङगता भएका व्यक्तिहरु १०८ जना, बोल्न तथा सुन्न नसक्ने २२ जना, मनोसामाजिक अपाङगता भएका १३ जना, दृष्टिविहिन ११ जना, बोलाईसम्बन्धी अपाङगता भएका १२ जना श्रवण दृष्टीविहिन ५ जना र वौद्धिक अपाङगता भएका ४ जना गरि यस गाउँपालिकामा जम्मा १७५ जना अपाङ्ग नागरिकमा गनिन्छन् ।जसमध्ये ६३ जनाले अपाङ्गगता परिचयपत्र हालसम्म लिएका छैनन् भने परिचय पत्र लिएका मध्ये रातो रंगको (क वर्ग) को परिचय पत्र ३७ जनाले, निलो रंग (ख वर्ग)को परिचय पत्र ३० जनाले र पहेँलो रंग (ग वर्ग) को परिचय पत्र २१ जनाले लिएका छन् ।

२.११ बसाइंसराइ सम्बन्धी विवरण

घ्याङलेख गाउँपालिकाबाट ३६७४ जनाले अन्यत्र बसाइसराई गरेका छन् । यस गाउँपालिकाबाट काठमाडौंमा बसाइसराई गर्नेको संख्या उच्च मात्रामा देखिएको छ । २५६३ जना काठमाडौंमा बस्दै आइरहेका छन् । काभ्रेपलाञ्चोक जिल्लामा ४२१ जना र भक्तपुरमा जिल्लामा २८२ जना बसाइसराई गरेका छन् ।

२.१२ व्यक्तिगत घटना सम्बन्धी विवरण

वैवाहिक स्थिति

घ्याङलेख गाउँपालिकामा ८२७३ जना विवाहित जनसंख्या छन् । यस गाउँपालिकामा ४७८१ जनसंख्या अविवाहित छन् भने ७७ जनाले बहुविवाह गरेका छन् भने २३ जनाको बालविवाह भएको सर्भेक्षणबाट देखिन आउँछ ।

मृत्यु भएका मानिसको वडागत विवरण

घ्याङलेख गाउँपालिकामा२०७७सालमा मृत्यु भएका कुल ६९ जनाा मानिस मध्ये ४१ पुरुष र २८ महिला छन् । मृत्यु हुनेमा ५० जनाको रोग लागेर, ८ जनाको दुर्घटनामा र २ जना आत्महत्या

गरेर मृत्यु भएको रहेछ। रोग लागेर मृत्यु हुनेमा मुटु सम्बन्धी रोगबाट मृत्यु हुने २१ जना छन् । १२ जनाको मृत्यु श्वास सम्बन्धी रोगले मृत्यु भएको छ ।

२.१३ सामाजिक सुरक्षा कार्यक्रमबाट लाभान्वित विवरण

घ्याङलेख गाउँपालिकामाविगत देखि नै सामाजिक सुरक्षा कार्यक्रम नियमानुसार सञ्चालन हुँदै आएको छ ।

२.१४ संस्थागत विवरण

घ्याङलेख गाउँपालिकमा विभिन्न किसिमका उद्योग तथा कलकारखाना/जलविद्युतको साथै विभिन्न संस्थागत संरचनाहरु सम्वन्धीत निकायमा दर्ता भई सञ्चालनमा आएका छन् ।

आर्थिक अवस्था

३.१प्रमुख आर्थिक विवरण

३.१.१ प्राविधिक, सीपयुक्त तथा विशेष दक्षता भएका मानव संशाधनको विवरण

घ्याङलेख गाउँपालिकामा विगत ३ वर्षमा ४५९ जनाले विभिन्न विषयमा सीप तथा तालिम लिएका छन् । जसमध्ये निर्माण सम्बन्धी तालिम लिने १४६ जना, सिलाइ बुनाइ, बुटिक सम्बन्धी तालिम लिने ११८ जना ।

३.१.२ मुख्य पेशा सम्बन्धी विवरण

यस गाउँपालिकाका मानिसहरु विभिन्न पेशामा संलग्न भएको पाइन्छ । जसमध्ये सवैभन्दा वढी कृषि तथा पशुपालन सम्वन्धी पेशामा ४२८७ जना सहभागी छन् भनेनोकरी तथा जागीरमा ९४५ जना, बैदेशिक रोजगारीमा ५८८ जना, उद्योग तथा व्यापारमा ३१७ जना, व्यवसायिक कार्य (पत्रकार, वकिल, परामर्श, ठेक्कापट्टा, पुजारी आदि) मा १४२ जना संलग्न भएको पाइन्छ ।

३.१.३ औसत आम्दानी, खर्च तथा वचत विवरण

घ्याङलेख गाउँपालिकाकोपरिवारको औसत वार्षिक आम्दानी करिब १,६५,७५० र खर्च करिब १,३३,००० छ। यस गाउँपालिकाको परिवारको औसत ऋण ९०,२४० देखिन आउँछ। यस तथ्यांकलाइ हेर्दा यस गाँउपालिकाको नागरिकको मानव विकास क्रम निरन्तर रुपमा अगि बढी रहेको देखिएको छ।

३.१.४ पारिवारिक ऋणको विवरण

यस गाउँपालिकाका २७११ घरधुरी मध्ये १४५० घरधुरीको पारिवारिक ऋण भएको र १२०३ घरधुरीको पारिवारिक ऋण नभएको सर्भेक्षणबाट देखिन आउँछ। अन्य घरधुरी ऋणको बारेमा अनविज्ञ छन्। सर्भेक्षण अनुसार आर्थिक रुपले हाल सम्म पनि आधा घरधुरी विपन्न वर्गमा पर्ने देखिन्छ।

३.१.५ विपन्नता स्तरीकरण विवरण

घ्याङलेख गाउँपालिकामा रहेका विपन्न परिवारको अवस्थालाई स्तरीकरण गर्नको लागि विभिन्न प्रयास गरिएको छ।

३.१.६ खाद्यान्न सुरक्षाको अवस्था

घ्याङलेख गाउँपालिकामा आफ्नो उत्पादन/आम्दानीले ९ महिना भन्दा वढि खान पुग्ने परिवारको संख्या ६५३ छ भने ३ महिना सम्म मात्र खान पुग्ने परिवारको संख्या ३७९ रहेको छ। यसको वडागत वर्गिकरण यसप्रकार रहेको छ।

३.१.७ आवास संरचना विवरण

घ्याङलेख गाउँपालिकामा माटो र ढुङ्गाको जगबाट बनेका घरहरु १४७६ वटा छन्, सिमेन्टको जगबाट बनेका घरहरु ८४९ वटा छन्। घर भवन मापदण्ड अनुसार बनेका घरधुरी जम्मा१८३५, मापदण्ड अनुसार नबनेको घरहरु ७३४ छन्।

३.२ भू-उपयोग तथा स्वामित्व

३.२.१ वर्तमान भू-उपयोग

घ्याङलेख गाउँपालिका भौगोलिक रुपमा २७ डिग्री १८ मिनटदेखि २७ डिग्री २१ मिनट उत्तरी अक्षांश र पुर्वि देशान्तर ८५ डिग्री ४१ मिनटदेखि ८५ डिग्री ५२ मिनटमा विश्वमानचित्रमा सरदर २०.५ कि.मि लम्वाई र ६.५ कि. मि. चौडाईमा कुल १६६.७७ वर्ग कि.मि. क्षेत्रफलमा फौलिएको छ । यस पालिकाको पूर्वमा सिन्धुली जिल्लाको कमलामाई नगरपालिका, पश्चिममा काभ्रेपलाञ्चोक जिल्लाको महाभारत र सिन्धुली जिल्लाको मरिण गाउँपालिका, उत्तरमा काभ्रेपलाञ्चोक जिल्लाको रोशी र सिन्धुली जिल्लाको सुनकोशी गाउँपालिका र दक्षिणमा सिन्धुली जिल्लाको कमलामाई नगरपालिका र मरिण गाउँपालिका सिमानाका रुपमा रहेका छन् । समुन्द्री सतहबाट तल्लो सतह ४८० मिटर देखि माथिल्लो सतह फापरचुली २३८० मिटर सम्म उचाइमा अवस्थित यस गाउँपालिका मा उष्ण मनसुनी, न्यानो समशितोष्ण, ठण्डा समशीतोष्ण प्रकारको हावापानी पाइन्छ । घ्याङलेख गाँउपालिकाको शिरमा रहेको फापरचुली (शिवजीको वासस्थान) मानिने यस धार्मिक एवंम पर्यटकीय स्थानमा फापरचुली स्थानिय पर्यटन स्थलका रुपमा चर्चित छ । सात दोबाटो, हायुटार, चौकी डाँडा, सिम्पाल जस्ता विभिन्न स्थानहरुले यस गाउँपालिकाको ऐतिहासिक महत्वलाई दर्शाएका छन् । अन्य पर्यटकीय स्थलहरु फापरचुली, सिम्ले गाउँ सोल भञ्याङ, सात दोबाटो, चौकी डाँडा, तामाजोर नदी रहेको छन् । शहिद भुमी भनेर चिनिने सिम्ले गाउँले क्रान्ती देखाउँछ भने लाखान, गुम्बा, सोल भञ्याङ जस्ता स्थानहरुलाई शान्तीको प्रतिकको रुपमा चिनारी पाएका छन् ।

महाभारतको काखमा रहेको यस घ्याङलेख गाउँपालिकामा प्राय भिरालो जमिन छ । यहाँ खोला किनारामा बलौटे पत्थरीलो र अन्य भागमा रातो फुस्रो माटो पाइन्छ । यस गाउँपालिकाको औसत तापक्रम ३० डिग्री र औषत वर्षा १८४१ मिलिमिटर हुन्छ । प्राकृतिक रुपले मनोरम साल,सिरिस, खयर, बर्रा, कर्मा, जामुन, वेल, कुसुम, सिमल, लामपाते कटुस, चिलाउने, उत्तिस, लाकुरी आदी जस्ता रुखहरु र लंगुर, दुम्सी, रातो मृग, चितुवा, वादर, मलसाप्रो, बाघ, आदि प्रकारका जनावर आदिको बासस्थानको रुपमा रहेको छ । यस गाँउपालिकामा मरिण खोला, तामाजोर खोला, चाउखोला, रातु खोला, सिम्ले खोला, ठाडो खोला, चालिसे खोला आदि खोला र लिपे खोला आदीले खेतवारीहरुमा सिंचाई गर्न सहयोग गरिरहेका छन्।

साविक अमले, बस्तिपुर, तामाजोर, नेत्रकाली र शान्तेश्वरी गा.वि.स.हरुलाई समायोजन गरी ५ वटा वडामा विभाजन गरी २०७३ साल फाल्गुण २७ गते घ्याङलेख गाउँपालिका गठन भएको हो । तत्कालिन नेत्रकाली गा.वि.स.मा रहेको घ्याङलेख डाँडोबाट नै यस गाउँपालिकाको नाम 'घ्याङलेख'रहन गएको हो । तामाङ भाषामा 'घ्याङ'भन्नाले देवी देवता बस्ने ठाउ र 'लेख'भन्नाले अग्लो ठाउँ जनाउने हुँदा सो अग्लो डाँडामा तामाङहरुको इष्टदेवता रहने भएको हुनाले त्यस ठाउँको नाम घ्याङलेख रहन गएको देखिन्छ । त्यस घ्याङलेख डाडामा परापूर्व समय देखि नै माघेसक्रान्तीका दिन ठूलो मेला लाग्ने गरेको र यस क्षेत्र

वरिपरिका मानिसहरु सो मेला भर्न ठूलो संख्यामा आउने गरेको तथ्यबाट पनि सो ठाउँको ऐतिहासिक महत्व रहेको छ ।वर्तमान समयमा सो ठाउँमा मेला लाग्ने प्रचलन हराए तापनि ठाउँको ऐतिहासिक महत्वलाई पुनर्ताजगी गराउन यस गाउँपालिकाको नाम घ्याङलेख राखिएको हो ।

३.२.२ भू-स्वामित्व

घ्याङलेख गाउँपालिका आफ्नो नाममाजग्गा जमिन भएका घरधुरी जम्मा २४२५ छन् आफ्नो नाममा जग्गा नभएका घरधुरी २७३ छन् । घ्याङलेख गाउँपालिका आफ्नो नाममा रहेको जग्गा जमिन जम्मा १९७४० रोपनी, १६१३ आना, २४९ पैसा र ६३ दाम रहेको छ ।

घरको स्वामित्वको आधारमा वडागत वर्गीकरण

घ्याङलेख गाउँपालिकामा आफ्नै घरमा बसोबास गर्ने घरधुरी २६६० छन् । आफन्तकोमा बसोवास गर्ने घरधुरी १४ र भाडामा बस्ने घरधुरी ३७ छन् । आफ्नो जग्गा प्रयोग गर्ने घरधुरी २५७१ छन् भने अरुको नामको जग्गा प्रयोग गर्ने घरधुरी ७६ छन् । तपसिलको तालिकाहरुमावडागत विस्तृत विवरण प्रस्तुत गरिएको छ ।

३.२.३ जग्गाको किसिम

यस गाउँपालिकामा विभिन्न किसिमको जग्गा उपलब्ध छ । जसमध्ये खेतीयोग्य जग्गाको क्षेत्रफल ३५३१३० हेक्टर छ भने बाँझो जग्गाको क्षेत्रफल १९० हेक्टर रहेको छ

३.३ कृषि तथा पशु विकास

कृषि क्षेत्रको वर्तमान अवस्था

विगत एक दशक देखि ताजा तरकारी र दुग्ध उत्पादनलाई कृषि पेशा भित्रको आम्दानीको स्रोतका रुपमा विकास हुदै आएको छ । यस पालिकाले काठमाण्डौंका वजारहरुमा ताजा तरकारीको आपुर्ति गरिरहेको अवस्था छ । गेडागुडीमा केराऊ, सिमी, वोडी निजी क्षेत्रको संलग्नतामा लगभग १३ वटा गाई, कुखुरा, बाखा र माछाहरुको व्यवसायिक उत्पादनको लागि फर्महरुको स्थापना गरी संचालन गरेका छन् । चिसो हावापानीका कारण यहाँ उत्पादन हुने मकैलाई स्वाद र पौष्टिकताका आधारमा विशेष महत्वपूर्ण मानिएको छ । आलुको उत्पादन निक्कै हुने गर्दछ भने स्थानीय बजारमा यहाँको

उत्पादनको निक्कै माग पनि रहेको उत्पादकहरु बाताउँछन् । ताजा तरकारीको उत्पादन अहिले फस्टाउँदो व्यवसाय रहिआएको छ । पालिकाका अधिकांश उत्पादन र वालीलाई प्राङ्गारिक उत्पादन मान्न सकिन्छ । विषादिको कम प्रयोग भएकै कारण परम्परागत मौरी पालनको अभ्यास प्रसस्त देख्न सकिन्छ । समग्रमा दुग्ध उत्पादन, ताजा तरकारी उत्पादन, फलफूल, मकै र आलु उत्पादनलाई व्यावसायिक रुपमा अगाडि बढाउन किसानहरुले प्रयत्न गरिरहेको अवस्था छ । काठमाण्डौ, सिन्धुली, वनेपा सम्म ताजा तरकारी बिक्री गरेर आम्दानी बढेको अवस्था छ ।

घ्याङलेख गाउँपालिकाको मूख्य जिवीको पार्जनको कृषि उत्पादन गरी बिकी गर्ने घरधुरी १८१६ र पशु चौपाय पाल्ने घरधुरी २३७९ छन् ।

कृषि कार्यमा जग्गाको प्रयोग

घ्याङलेख गाउँपालिकामा कृषिको लागि जग्गा प्रयोग गर्ने घरधुरी २५८७ छन् । वडा नं. ४ को ७०७ घरधुरीले कृषि कार्यका लागि जग्गा प्रयोग गर्ने गरेको देखियो ।

३.३.१ सार्वजनिक पोखरी तथा माछापालन सम्बन्धी विवरण

घ्याङलेख गाउँपालिकामा माछा, मौरी तथा रेशमपालन गर्ने घरधुरी खासै धेरै छैन्न । जम्मा १३४ घरधुरीले मात्र माछा, मौरी र रेशमपालन गर्ने गरेको देखियो जसमध्ये माछा पाल्ने घरधुरी १ र मौरी पाल्ने घरधुरी १३३ रहेको छन् ।

३.३.२ सिंचाइ सुविधाको उपलब्धता विवरण

घ्याङलेख गाउँपालिकामा जम्मा २७ वटा सिंचाइ योजना रहेका छन् ।

३.३.३ कृषि उत्पादन र बिक्री सम्बन्धी विवरण

यस गाउँपालिकामा सबैभन्दा बढी घरधुरीले मकै खेती गर्ने गरेको देखिन्छ । दोस्रोमा कोदो खेती गरिन्छ। तेस्रोमा धान खेती गरिन्छ । आलु, तोरी, प्याज, लसुन, गहुँ आदि यस गाउँपालिकामा खेती गरिने गरिन्छ । तोरी र आलु धेरै मात्रा उत्पादन हुने गरेको छ ।

३.३.४ पशुपन्छीजन्य उत्पादन सम्वन्धी विवरण

यस गाउँपालिकामा गाइगोरु/बाच्छाबाच्छी/राँगाभैसी/पाडापाडी पाल्ने घरधुरी १९४७गरेका छन् । बाखा/खसी/बोका/च्याङग्रा पाल्ने घरधुरी २००० छन्। सुँगुर/वँगुर पाल्ने घरधुरी १५६ र कुखुरा/हाँस पाल्ने घरधुरी १६८७ रहेका छन् ।

पशु पालन

यस गाउँपालिकामा गाइ पाल्ने घरधुरी ४५०, भैसी पाल्ने घरधुरी १३९३, राँगा पाल्ने घरधुरी २२३ र बाच्छाबाच्छी १३४ को संख्यामा रहेको देखिन्छ। तपसिलको तालिकाहरुमा विभिन्न पशु चौपाया पाल्ने घरधुरीको आधारमा वडागत विवरण प्रस्तुत गरिएको छ।

पशुपन्छीजन्य उत्पादन

यस गाउँपालिकामा जम्मा स्थानीय जातको थारो गाइ ६०२ र स्थानीय जातको लैनो गाइ १२२ छन् यी गाइहरुबाट एक दिनमा सरदर २.४ लिटिर दुध उत्पादन हुने गरेको छ। त्यसै गरी उन्नत जातको थारो गाइको संख्या ९ र उन्नत जातको लैनो गाइको संख्या जम्मा १५ रहेको छ। यी जातका गाइले दिनमा सरदर ४.६ लिटर मात्र दुध दिने गरेको सर्भेक्षणबाट थाहा हुन आउँछ। स्थानीय जातको थारो भैसींको संख्या१३९३ र स्थानीय जातको लैनो भैंसीको संख्या ६०५ छ। यी प्रकारका भैसींबाट दिनमा सरदर ४.१ लिटर दुध उत्पादन हुन्छ। त्यसै गरी उन्नत जातको थारो भैंसीको संख्या १ र उन्नत जातको लैनो भैंसीको संख्या जम्मा ८ रहेको छ। यी जातका भैंसीले दिनमा जम्मा सरदर ७ लिटर मात्र दुध दिन्छन् ।

पशुपंक्षीजन्य उत्पादनबाट हुने आम्दानी सम्बन्धी विवरण

यस गाउँपालिकामा राँगाको संख्या २९३, पाडापाडीको संख्या ७२८, गोरुको संख्या १५७४ र बाछाबाछी संख्या २०२ छ। यी विभिन्न प्रकारका पशुबाट बार्षिक रु १,०४,८६,०५,००० आम्दानी हुने गरेको सर्भेक्षणबाट देखिन्छ। त्यसै गरी बाखा/खसी/बोका बाट बार्षिक ४५७०६४ के.जी मासु उत्पादन हुने गरेको छ र सोबाटवार्षिक रु १,६५,५७,३११को आम्दानी हुने गरेको तपसिलको तंथ्याकमा उल्लेख गरिएको छ। त्यस्तै सुँगुर/वँगुरको विक्रीबाट प्रति वर्ष रु ८,४४,५८० आम्दानी हुने गरेको

छ भने कुखुरा/हाँस बाट बार्षिका रुपमा ९२९८६२ आम्दानी हुने गरेको देखिन्छ ।तपसिलको तालिकाहरुमा वडागत रुपमा विस्तृत विवरण प्रस्तुत गरिएको छ ।

३.३.५ व्यवसायिक कृषि गर्न इच्छुकको विवरण

यस गाउँपालिकामाव्यवसायिक कृषि गर्न इच्छुक घरधुरी २२३९ छन् भने व्यवसायिक कृषि गर्न इच्छुक नभएका घरधुरी ४७२ छन् । वडागत रुपमा व्यवसायिक कृषि गर्न इच्छुक घरधुरीको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।

३.३.६ कृषि बजार तथा हाट बजार सम्बन्धी विवरण

यस गाउँपालिकाको वार्ड नं.२ चालिसे बगर भन्ने ठाँउमा हप्ताको एक पल्ट हाट बजार लाग्ने गर्छ । जसमा कपडा, खाद्यान्न, फलफुल, तरकारी तथा मासुका व्यापार हुने गदर्छ । जसमा आन्तरिक तथा वाह्य व्यापारीहरुले विक्री गर्ने गर्छन् ।

पर्यटन विकास

.४.१ पर्यटकीय स्थलहरुको विवरण

यस गाउँपालिकामा तपशिल बमोजिमका मनमोहक पर्यटकिय स्थलहरु रहेका छन् ।

पर्यटकिय स्थाल : भुमिचुली, घ्याङडाँडा, फापरचुली, ,देवीथान मन्दिर (पाखुरे)

स्मारक : वडा नं १ सहिद पार्क, वडा नं ३ दौलतसिं स्मृतिलाय (चौकिटार) वडा नं ४ कोकिल स्याङतान स्मृति भवन (कालिखोला) ।

४.२ होटल, रिसोर्ट तथा रेष्टुरेन्ट सम्बन्धी विवरण

यस गाउँपालिकामा आवसीयहोटेल३ वटा र होटेल ७ वटा र होमस्टे२ वटा गरी जम्मा १२ वटा होटल/रिसोर्ट रहेका छन् ।

४.३ धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलको विवरण

यस गाउँपालिकाकोसबैभन्दा समृद्ध पक्ष भनेको जैविक विविधिता सहितको वन जंगलका साथैमरिण खोला, तामाजोर खोला, चाउखोला, रातु खोला, सिम्ले खोला, ठाडो खोला, चालिसे खोला आदि खोला, लिपे खोला आदी खोलानाला हुन् प्राकृतिक रुपले मनोरम साल,सिरिस, खयर, बर्रो, कर्मा, जामुन, वेल, कुसुम, सिमल, लामपाते कटुस, चिलाउने, उत्तिस, लाकुरी आदी जस्ता रुखहरु र लंगुर, दुम्सी, रातो मृग, चितुवा, वादर, मलसाप्रो, बाघ, आदि प्रकारका जनावर आदिको बासस्थानको रुपमा रहेको यस गाँउपालिकामा विभिन्न संस्किर्तिक स्थल हरु पनि रहेका छन्।

घ्याङलेख गाउँपालिकाको वडा नं. १ मा अवस्थित फापरचुलि डाँडा सिन्धुली जिल्लको अग्लो डाँडा मध्येमा पर्दछ । जसमा विभिन्न पर्यटकहरुले त्यस स्थानको मनोरम दृश्य हेर्न आउने गर्दछन् । त्यसै गरी वडा नं. २ मा रहेको हाडीखोला छाँगाले पनि आन्तरिक पर्यटकलाई आकृषित गरिरहेको छ । घ्याङलेख गाउँपालिकाको भद्रकाली मन्दिर, गणेशस्थान मन्दिर, महादेव गुफा, चुवाकोट मन्दिर, उर्गेन छ्योइफिल गुम्बा जस्ता विभिन्न धार्मिक पर्यटकीय स्थलहरुले यस गाउँपालिकाको महिमा अझै उच्च गरिरहेको छ । त्यस्तै वडा नं. ४ मा पर्ने गोपे डाडो यहाँको अर्को अग्लो डाडौँ हो। त्यस्तै सातदोबाटो डाडौँ पनि वडा नं २ मा पर्ने एक अग्लो डाडौँ हो।

सितल हावापानी रहेको यस गाउपालिकामा अर्गानिक आलु ,अम्रिसो उत्पादन हुन्छ र यसका साथै यहाँ बाट हिमाल देखि तराई सम्मको दृश्य अवलोकन गर्न सकिन्छ।

वडा नं. १. पशुपति मन्दिर, (खर्सुलेक), पेमादर्गी गुम्वा (थलागाउँ) चम्पालामा छोर्तेन(थलागाउँ सिरुटार) महासत्य धर्मकुण्ड प्राकृतिक गुम्वा (भ्वाँसेडाँडा)

वडा नं. २. देविथान, बराजुथान (चन्दनपुर) ,चण्डेश्वर महादेव -चन्दनपुर)थानपति (बस्तिपुर) नारायणथान (सातदाबाटो) बस्तिपुर अनुग्रह चर्च (हिर्दिङ) दमाइडाँडा माने गुम्वा (सानोभोक्टेनी) पेमा होइवरलिङ (खोलागाउँ) काङलिङ गुम्वा (खोलागाउँ) छ्योर्तेन गुम्वा (खोलागाउँ) गोक्चोमायाँ स्याङतान स्मृति स्तुप (माने भञ्ज्याङ्ग),चण्डिथान मन्दिर (सातदोबाटो), भूमेथान (बस्तिपुर), बोधिसत्व छ्र्योदेन

वडा नं. ३. पेमासाङलिङ गुम्वा (कोल्टार) , कालिनाग मन्दिर चौकीटार दौलतसिं स्मृतिलाय (चौकिटार)

वडा नं. ४ सिद्धिमान घलान स्मृति छ्योर्तेन (ठाडे कालिखोला) उर्गेन छ्योइफेल गुम्बा (सिम हाइटार) टासि छ्योइफेल गुम्वा (काङलिङगेट) शिव मन्दिर (बेलबोट) लाखाङ गुम्वा (घ्याङडाँडा) भिमसेनस्थान(आँपडाँडा) कालिमाइ मन्दिर (आपडाँडा) कमेरो गुँफा (नकर्टे) , माईथान मन्दिर (

कालिखोला), थर्पालिङ गुम्बा नेत्रकाली (मभ्गुवा),टसी छयोर्लिङ गुम्बा (मभ्गुवा), टसी छयोइफेल गुम्बा स्कुल(मभ्गुवा),टसी दर्गेलिङ गुम्बा -मभ्गुवा) पेमा देक्षेण गुम्बा गोपेफेदी),

वडा नं. ५.पशुपतिनाथ(रामपुर) नारायणथान मन्दिर (रामपुर) ठाकुरथान(ठाकुरडाँडा)गणेशथान(राङचा) दक्षिणकाली(सोलीथुम्का) राङचा अनुग्रह खृष्टिय मण्डली(राङचा) सिंपाल अनुग्रह खृष्टिय मण्डली(सिंपाल) पशुपतिथान मन्दिर(रातुदोभान) चमेरोगुँफा(बुदुमचुली) देविथान मन्दिर(बुदुमचुली) ।

४.४ बैक तथा वित्तिय संस्था सम्वन्धी विवरण

घ्याङलेख गाउँपालिकामा बैंक तथा वित्तिय संस्था कम मात्रामा खोलिएका छन् । जम्मा बैंक संख्या १ (नेपाल एस वि आई बैंक) र लघु वित्त संस्थाको संख्या २ रहेका छन् ।

बैंक तथा वित्तीय संस्थामा पहुँच सम्बन्धी विवरण

घ्याङलेख गाउँपालिकामाबैंक तथा वित्तीय संस्थामा खाता भएका घरधुरी जम्मा ४२ प्रतिशत र बैंक तथा वित्तीय संस्थामा पहुँच नभएका घरधुरी ५८ प्रतिशत रहेका छन् ।

४.५ सहकारी संस्थाहरुको विवरण

यस पालिकामा हाल सम्म १५ वटा सहकारी संस्था रहेको छन ।

सामाजिक अवस्था

५.१ शैक्षिक तथा मानव संशाधन विकास

यस गाउँपालिकामा ८६ प्रतिशत जनसंख्या साक्षर छन् । यस गाउँपालिकाबाट डाक्टर अध्ययन गरेका जम्मा ११ जना छन् भने इञ्जिनियर जम्मा ३ जना । यस गाउँपालिकाबाट एमफिल र विद्यावारिधी गर्ने जम्मा २ जना छन् । तपसिलको तालिकामा वडागत रुपमा विस्तृत विवरण प्रस्तुत गरिएको छ ।

५.१.१ तहगत रुपमा शैक्षिक संस्था/विद्यालय (सामुदायिक, संस्थागत, मदरसा, गुम्बा)

यस गाउँपालिकामा सरकारी शैक्षिक संस्था २३, सामुदायिक ३ र निजी १ गरी जम्मा २७ शैक्षिक संस्थाहरु छन्। यी मध्ये आधारभूत विद्यालय (१ देखी ८ सम्म) पढाइ हुने विद्यालय २१ वटा , पूर्व प्राथमिक (१ कक्षा भन्दा तल) मात्र पढाइ हुने विद्यालयको संख्या १ र माध्यमिक विद्यालय (९ देखि १२ सम्म) पढाइ हुने विद्यालय ५ वटा छन् भने ५ वटा सामुदायिक सिकाई केन्द्र रहेका छन् ।

५.२ स्वास्थ्यतथा पोषण

५.२.१ स्वास्थ्य संस्था (अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र आयुर्वेद केन्द्र) को **विवरण**

घ्याङलेख गाँउपालिकामा ४ स्वास्थ्य चौकी, ५ सामुदायिक स्वास्थ्य इकाई, १ प्राथमिक स्वास्थ्य केन्द्र, ३ निजी क्लिनिक र १ उप स्वास्थ्य चौकी गरी जम्मा १५ स्वास्थ्य संस्था अवस्थित छन् । तपसिलको तालिकामा वडागत रुपमा अवस्थित स्वास्थ्य संस्थाको विवरण प्रस्तुत गरिएको छ ।

५.२.२ उपलब्ध स्वास्थ्य सेवा तथा सुविधाहरु

यस गाउँपालिकाका नागरिकलेप्रसुति सेवा, ल्याब, क्लिनिक, सुरक्षित मातृत्व, रक्त संचार, एक्सरे, खोप , एससिटि र परामर्श जस्ता सेवा तथा सुविधाहरुको भोग गर्दै आइरहेका छन् ।

५.२.३ प्रमुख रोग र उपचार सम्बन्धी विवरण

यस गाउँपालिकामा कुल जनसंख्याको ९९ प्रतिशत जनसंख्या स्वास्थ्य छन् । अन्य ७३ जना दीर्घ रोगबाट ग्रसित छन् भने १६ जना सामान्य रोगबाट । सामान्य रोगमा ज्वरो/टाइफाइड भएका जनसंख्या बढी मात्रामा देखिन आउँछन् र दीर्घ रोगको हदमा स्वासप्रश्वास सम्बन्धी रोगी बढी देखिएका छन् । यस गाँउ पालिकामा प्रमुख रोगको रुपमा स्वाशप्रश्वास सम्बन्धी रोग रहेको तंथ्याकले देखाउँछ ।

५.३ खानेपानी तथा सरसफाई

५.३.१ खानेपानी सुविधाको अवस्था :

यस गाउँपालिकाका सत प्रतिशत घरधुरीले खानेपानीको पहुँच पुगेको छ । करिब७४ प्रतिशत घरधुरीले सार्वजनिक पाइपधाराबाट खानेपानीको पहुँच पाएका छन्, मूलको पानीमा आधारित जनसंख्या १५ प्रतिशत रहेकाछन् भने ६ प्रतिशतको घरधुरीको आफ्नै घरको कम्पाउण्डमा पाइपधारा छन् ।

५.३.२ शौचालय प्रयोगको अवस्था

यस गाँउपालिकामा ९७.५ प्रतिशत घरधुरीमा शौचालय छन् । फ्लस भएका (सेप्टिक ट्याङ्क) शौचालय भएका घरधुरी १३५० को संख्यामा छन् र १२८४ घरधुरीमा साधारण शौचालय छन् भने फ्लस भएको (सार्वजनिक ढल) भएका शैचालय ९ घरधुरीमा छन् ।

५.३.३ फोहोरमैला व्यवस्थापन

यस गाउँपालिकामा १०९३ घरधुरीले वर्गीकरण नगरी खाल्डो राखी फोहोर व्यवस्थापन गर्ने गरेका छन् , २८९ जनाले वर्गीकरण गरी अलग अलग खाल्डोमा व्यवस्थापन गर्ने गरेका छन् भने १० घरधुरीको फोहोर फोहोर संकलन संस्थाले व्यवस्थापन गरेको छ । फोहोर व्यवस्थापनको लागि केहि पनि नगरेको घरधुरी १३२१ छन् ।

वन तथा वातावरणीय स्थिति

६.१ वन तथा वातावरणीय :

वनस्पति :

मध्य पहाडि क्षेत्रमा पर्ने यस घ्याङलेख गाउँपालिकामा साल, सिरिस, खयर, बर्रो, कर्मा, जामुन, वेल, कुसुम, सिमल, लामपाते प्रजातीका रुख हरु पाइन्छ। यसका साथै अन्य प्रजातीका रुखहरु जस्तै कटुस, चिलाउने, उत्तिस, लाकुरी, पैंयु, ओखर, वाँझ, खसु, चाँप र गुराँस फलाँट, धुपी, लेक चाँप आदि यहाँ प्रशस्त पाइन्छ ।

गैह्र काष्ठ वन पैदावर

यहाँ गैह्र काष्ठ वन पैदनवरमा चिराइतो, जिवन्ती, मजिने, झ्याउ, काउलो, पाषणभेद, सतुवा, हडचुर, अल्लो, गुराँस, पावन बोक्रा, सुगन्धवाल, अमला, हर्रो, बर्रो, टिमुर, सिकाकाई, पिप्ला, पिपली, कुरिलो, लोक्ता, दालचिनी, भोर्ला, वन लसुन, बुकीफूल, विषफेज, सेत चिनीजरा, हलिक, बाँस, निगालो, हाडेकाफल, छतिवन आदि पाइन्छ।

वन्यजन्तु

यहाँ लंगुर, दुम्सी, रातो मृग, चितुवा, वादर, मलसाप्रो, बाघ, भालु, बदेल, न्याउर, निगाले, स्याल, व्वाँसो, जंगली विरालो आदि वन्यजन्तु हरु पाइन्छ ।

<u>चराचुरङ्गी</u>

चराचुरङ्गीहरु मा कालिज, मयुर, लुइचे, बकुल्ला, मैना, ढुकुर, वन कुखुरा, सुगा, भँगेरा, गिद्ध, लाटोकोसेरो आदि पाइन्छ ।

६.१.१ वन क्षेत्र र प्रकार सम्वन्धी विवरण

यस गाउँपालिकामा सामुदायिक वन २९८२.०१ हेक्टर क्षेत्रफलमा रहेको छ । यहाँ १६ वटा सामुदायिक, ६५ वटा कवुलियति वन रहेको छ ।

६.१.३ नदी तथा खोला सम्बन्धी विवरण

क्र.स.	खोलानालाको नाम
१.	मरिण खोला
२.	तामाजोर खोला
३.	चाउखोला
४	रातु खोला
५	सिम्ले खोला
६	ठाडो खोला
७	चालिसे खोला
८	लिपे खोला
९	राङचाखोला
१०	घट्टे खोला
११	लाङ्दीखोला
१२	रामपुरखोला
१३	बेसारे खोला
१४	कालीखोला

६.१.४ विपद् जोखिम व्यवस्थापन

यस गाँउपालिकामा विपद् जोखिम व्यवस्थापन अन्तर्गत भूकम्प प्रतिरोधी घर बनाउने घरधुरी ३३.७१ प्रतिशत छन र भूकम्प प्रतिरोधी घर नबनाउने घरधुरी ६६.२४प्रतिशत रहेका छन् ।

६.१.५ जोखिमयुक्त (संवेदनशिल स्थानमा बसोबास गरेका परिवार) विवरण

यस गाँउपालिकामा प्राकृतिक प्रकोपको जोखिममा भएका घरधुरी ४२.७८ प्रतिशत छन् ।५७.२१ प्रतिशत घरधुरी प्राकृतिक जोखिममा छैन्न ।

६.१.६ विपद्/प्रकोपको प्रकार विवरण

यस गाँउपालिकामा भूकम्प जस्तो प्राकृतिक प्रकोपबाट जोखिममा रहेका घरधुरीको संख्या ७०९, बाढीबाट जोखिममा रहेका घरधुरी १०२, पहिरोको जोखिमबाट ४०९, चट्याङगबाट ६३७ घरधुरी, हावाहुरीबाट ७७१ घरधुरी र शितलहरबाट ३८ घरधुरी र डुवान वा कटानबाट ७ घरधुरी जोखिममा रहेका छन ।

भौतिक विकासको अवस्था

७.१ यातायात पूर्वाधार

७.१.१ सडक संजालको विद्यमान अवस्था

यस गाँउपालिकामा ४६ प्रतिशत घरधुरीले घरसम्म पुग्ने मोटरबाटाको पहुँच पाएका छन् भने छ, ४७ प्रतिशतको घर पुग्ने गोरेटो बाटो मात्र छ । ७ प्रतिशत घरधुरीको हालसम्म पनि घर पुग्ने बाटो छैन । कच्ची सडकले छोएको घरधुरी २३९० छन, ग्राभेल सडकले छोएको घरधुरी १३९ र पक्की सडकले छोएको घरधुरी जम्म एक रहेका छन् ।

७.१.२ मुख्य सडकहरु

सि.नं.	सडकको नाम	लम्वाई (अनुमानित कि.मि.)	सडकको स्तर
१	पिपलभन्ज्यांग हायुटार सोलाभन्ज्यांग सडक	२९	ग्राभेल,कच्ची
२	सोलाभन्ज्यांग चौकीटार बेलबोट हुदै रामपुर बजार जाने सडक	१३	कच्ची
३	सिम्ले खटार देखि अमले हुदै लघुराम खोला बन्दीपुर सुनकोशी जोडने सडक	१५	कच्ची
४	अमले, थलागाउं, लङदी, बछिउटार, मतानबास सुनकोशी जोडने सडक	११	कच्ची
५	गुन्द्रखोला सुकाचोरी हुदै डाठे जाने सडक	१४	कच्ची
६	भद्रकाली खटारबाट बुक्ती हुदै पटबास सम्म जाने सडक	१२	कच्ची
७	चन्दनपुर भैसै हुदै सातदोबाटो जाने सडक	१७	कच्ची
८	२ नं.वडा कार्यालयबाट बजु टोल हुदै माझगाउँ च्यूरीबास सडक	१३	कच्ची
८	सोलाभन्ज्यांग पचभैया लाप्से हुदै सातदोबाटो जाने सडक	२२	कच्ची

९	३ नं. वडा कार्यालयबाट तामाजोर टेकनपुर आधमारा हुदै गोठडाँडा भन्ज्यांग जाने सडक	१७	कच्ची
१०	३ नं. वडा कार्यालयबाट पाँचघरे जाने बाटो	१५	कच्ची
११	रामभेडा जुगेपानी सडक	१४	कच्ची
१२	रामभेडा गोपे हुदै चौकीडाँडा जाने सडक	१३	कच्ची
१३	सोलाभन्ज्यांग माथिल्लो आहाले हुदै तल्लो आहाले सडक	१४	कच्ची
१४	कालीखोला रामपुर बजार हुदै रामभेडा सम्म जाने सडक	१४	कच्ची
१५	रामपुर चैनपुर हुदै सिम्फल महाभारत सम्म जाने सडक	१८	कच्ची
१६	रामपुर बजारबाट पहरी लेख हुदै महाभारत जोड्ने सडक	१४	कच्ची

७.१.३ झोलुंगे पुल तथा पुलपुलेसा

- पक्की पुल : १ वटा सिम्ले खोला
- झोलुंगे पुल : ५ वटा

७.२ विद्युत तथा वैकल्पिक उर्जा

७.२.१ इन्धन उपयोग विवरण (खाना पकाउने इन्धनको आधारमा घरपरिवार)

यस गाँउपालिकामा खाना पकाउनको लागि २५६१ घरधुरीले दाउराको प्रयोग गर्छन् । १४४ घरधुरीले एल पि ग्यास प्रयोग गर्छन । अन्यले मट्टीतेल र वायो ग्यास प्रयोग गर्छन ।

७.२.२ बत्ति बाल्ने इन्धनको प्रयोगको आधारमा घरपरिवार

यस गाँउपालिकामा ६३ प्रतिशत घरधुरीले जलविद्युतको पहुँच पाएका छन् । ३६ प्रतिशतले बत्ति बाल्नको लागि सोलार प्रयोग गर्छन भने १.०६ घरधुरीले मट्टीतेल र ०.२७ प्रतिशतले अन्य उर्जाको स्रोत प्रयोग गर्छन्।

७.२.३ जलविद्युत, सौर्य उर्जा, वायु उर्जाबाटा विद्युत उत्पादन विवरण :

क्र.सं.	लघु जलविद्युत आयोजनाको नाम	सेवा क्षेत्र
१	घट्टेखोला लघु जलविद्युत आयोजना (८ किलोवाट)	साविक अमले गाविसको वडा नं. ७
२	मरिणखोला लघु जलविद्युत आयोजना(२४ किलोवाट)	घ्याङलेख १ का स्थानीय वासीहरु
३	मरिण हायुटार लघु जलविद्युत आयोजना(१२ किलोवाट)	बस्तिपुर, घ्याङलेख २

४	दमार ठाडोखोला लघु जलविद्युत आयोजना(८ किलोवाट)	खोलागाउँ, घ्याङलेख २
५	मरिणखोला लघुजलविद्युत आयोजना(८ किलोवाट)	फुलबारी, घ्याङलेख २
६	चन्दनपुर लघुजलविद्युत आयोजना(८.५ किलोवाट)	उचनदनपुर, घ्याङलेख २
७	चैनपुर लघुजलविद्युत आयोजना(१२ किलोवाट)	घ्याङलेख ५ का बासीहरु
८	दोङछेम्पो लघुजलविद्युत आयोजना(१५ किलोवाट)	घ्याङलेख ५ का बासीहरु
९	गर्के लघुजलविद्युत आयोजना(३ किलोवाट)	घ्याङलेख ५ का बासीहरु
१०	पाखुरे लघुजलविद्युत आयोजना(८ किलोवाट)	घ्याङलेख ५ का बासीहरु
११	सीइपाल लघुजलविद्युत आयोजना(८ किलोवाट)	घ्याङलेख ५ का बासीहरु
१२	राङचा लघुजलविद्युत आयोजना(८ किलोवाट)	घ्याङलेख ५

७.२.४ परिवारले उपभोग गरेको सुविधाहरु

यस गाँउपालिकामा रेडियो, टेलिभिजन, टेलिफोन, कम्प्यूटर, इन्टरनेट जस्ता अन्य सेवाहरु पनि उपभोग गर्दै आइरहेका छन् । मोवाइल फोन प्रयोग सबै भन्दा बढी हुने गरेको देखियो, २३८९ घरधुरीले टेलिफोन प्रयोग गर्ने गरेका छन् भने १११० घरधुरीले रेडियो, ४२३ घरधुरीले टेलिभिजन र यस गाँउपालिकामा सबै भन्दा कम उपभोग गरेको सुविधा भनेको रेफ्रिजरेटर हो।

७.४ आवास तथा भवन

७.४.१ छानोको प्रकारका आधारमा घरधुरी

यस गाँउपालिकामा सबै भन्दा बढी जस्ता वा च्यादर छाना भएको ९५ प्रतिशत घरधुरी छन् । आरसिसि ढलान भएको घरधुरी ३ प्रतिशत छन् ।

२. कार्यालयको काम, कर्तव्य र अधिकार

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ बमोजिम यस गाउँपालिकाको काम कर्तव्य र अधिकार तपसिल बमोजिम रहने छ ।

११. गाउँपालिकाको अधिकारः

(१) गाउँपालिकाको एकल अधिकार संविधानको अनुसूची-८ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी गाउँपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क. गाउँपालिका प्रहरी

(१) गाउँपालिका प्रहरीको गठन, सञ्चालन, व्यवस्थापन, नियमन तथा गाउँपालिका प्रहरी सम्बन्धी नीति, कानून र मापदण्डको निर्माण तथा कार्यान्वयन,

(२) देहायका कार्यमा सहयोग पुऱ्याउनको लागि गाउँपालिका प्रहरीको परिचालन गर्न सक्नेः-

(क) गाउँपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन,

(ख) गाउँपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण,

(ग) स्थानीयस्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन,

(घ) स्थानीय बजार तथा पार्किङ स्थलको रेखदेख र व्यवस्थापन,

(ङ) गाउँ सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन,

(च) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन,

(छ) सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा,

(ज) विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनर्स्थापना,

(झ) अनधिकृत विज्ञापन तथा होडिङ बोर्ड नियन्त्रण,

(ञ) छाडा पशु चौपायाको नियन्त्रण,

(ट) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण,

(ठ) कार्यपालिकाले तोकेको अन्य कार्य।

ख. सहकारी संस्था

(१) सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन,

(२) सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको भौगोलिक क्षेत्रभित्र सञ्चालन हुने सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन,

(३) सहकारी वचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड निर्धारण र नियमन,

(४) सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय, विषयगत, प्रादेशिक र स्थानीय सङ्घ संस्थासँग समन्वय र सहकार्य,

(५) सहकारी सम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,

(६) स्थानीय सहकारी संस्थाको क्षमता अभिवृद्धि,

(७) स्थानीय सहकारी क्षेत्रको प्रवर्द्धन, परिचालन र विकास ।

ग. एफ.एम. सञ्चालन

(१) एक सय वाटसम्मको एफ. एम. रेडियो सञ्चालन अनुमति, नवीकरण, नियमन र खारेजी,

(२) प्रदेश कानूनको अधीनमा रही एफ.एम. सञ्चालन सम्बन्धी अन्य कार्य ।

घ. स्थानीय कर, सेवा शुल्क तथा दस्तुर

(१) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), मनोरञ्जन कर सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,

(२) स्थानीय पूर्वाधार तथा सेवाको शुल्क निर्धारण, सङ्कलन र व्यवस्थापन,

(३) ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, च्याफ्टिङ्ग, मोटरबोट, केवुलकार सेवा लगायत अन्य जल तथा स्थल क्षेत्रमा सञ्चालन हुने नवीन पर्यटकीय सेवा तथा साहसिक खेलको शुल्क,

(४) जडीबुटी, कवाडी र जीवजन्तु कर निर्धारण तथा सङ्कलन,

(५) स्थानीय राजस्वको आधार विस्तार तथा प्रवर्द्धन,

(६) ढुगां, गिट्टी, वालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट, खरीढुगां आदि प्राकृतिक एवं खानीजन्य वस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर संकलन

(७) सिफारिस, दर्ता, अनुमति, नवीकरण आदिको शुल्क, दस्तुर निर्धारण र संकलन

(८) स्थानीय राजस्व प्रवर्द्धनका लागि प्रोत्साहन,

(९) राजस्व सूचना तथा तथ्याकंको आदान प्रदान,

(१०) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय तहमा राजस्व चुहावट नियन्त्रण सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

(११) स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

(१२) मालपोत सकंलन,

(१३) कर तथा सेवा शुल्क सम्बन्धी अन्य कार्य ।

ङ. स्थानीय सेवाको व्यवस्थापन

(१) स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन,

(२) संविधानको धारा ३०२ को उपधारा (२) बमोजिम समायोजन भएका कर्मचारीको व्यवस्थापन, उपयोग र समन्वय,

(३) सगंठन विकास, जनशक्ति व्यवस्थापन र वृत्ति विकास,

(४) स्थानीय कानून बमोजिम सगंठन तथा व्यवस्थापन सर्वेक्षण गरी सगंठन संरचना तथा दरबन्दी निर्धारण,

(५) स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रवर्द्धन र नियमन,

(६) जनशक्ति व्यवस्थापन तथा वृत्ति विकास,

(७) स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

च. स्थानीय तथ्याकं र अभिलेख सकंलन

(१) स्थानीय तथ्याकं सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(२) आधारभूत तथ्याकं सङ्कलन र व्यवस्थापन,

(३) जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइसराइ दर्ता र पारिवारिक लगतको अभिलेख तथा पञ्जीकरण व्यवस्थापन,

(४) सूचना तथा सञ्चार, प्रविधियुक्त आधारभूत तथ्याकंको सकंलन र व्यवस्थापन,

(५) स्थानीय तथ्याकं र अभिलेख सकंलन सम्बन्धी अन्य कार्य ।

छ. स्थानीयस्तरका विकास आयोजना तथा परियोजना

(१) विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याकंन र नियमन,

(२) आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याकंन,

(३) आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याकंन,

(४) सम्भाव्य प्राकृतिक श्रोत तथा साधनको पहिचान तथा अभिलेख व्यवस्थापन,

(५) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही शहरी विकास, बस्ती विकास र भवन सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन,

(६) राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमन,

(७) सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह र अन्य सार्वजनिक भवन तथा संरचनाको निर्माण र मर्मत सम्भार तथा सञ्चालन र व्यवस्थापन,

(८) सङ्घीय र प्रदेशस्तरीय आयोजना तथा परियोजनाको कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग,

(९) सुरक्षित बस्ती विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्याकंन,

(१०) सार्वजनिक निर्माण कार्यको लागि प्रचलित कानून बमोजिमको "घ" वर्गको इजाजतपत्रको जारी, नवीकरण तथा खारेजी,

(११) पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवर्द्धन सम्बन्धी आयोजनाहरूको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन,

(१२) नवीन पर्यटकीय सेवा तथा कार्यहरू सम्बन्धी आयोजनाहरूको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन,

(१३) विकास आयोजना तथा परियोजना सम्बन्धी अन्य कार्य ।

ज. आधारभूत र माध्यमिक शिक्षा

(१) प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याकंन र नियमन,

(२) सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन,

(३) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याकंन र नियमन,

(४) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,

(५) गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,

(६) गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन,

(७) विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,

(८) विद्यालयको नामाकरण,

(९) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,

(१०) विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण,

(११) सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान,

(१२) विद्यालयको नक्साकंन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,

(१३) सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,

(१४) आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,

(१५) विद्यार्थी सिकाई उपलब्धीको परीक्षण र व्यवस्थापन,

(१६) निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,

(१७) ट्यूसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,

(१८) स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण,

(१९) स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,

(२०) माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,

(२१) सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,

(२२) शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास,

(२३) अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन ।

झ. आधारभूत स्वास्थ्य र सरसफाई

(१) आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन,

(२) आधारभूत स्वास्थ्य, प्रजनन स्वास्थ्य र पोषण सेवाको सञ्चालन र प्रवर्द्धन,

(३) अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन,

(४) स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन,

(५) स्वच्छ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदूषण नियन्त्रण र नियमन,

(६) सरसफाई सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन,

(७) स्वास्थ्यजन्य फोहरमैला सङ्कलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमन,

(८) रक्त सञ्चार सेवा तथा स्थानीय र शहरी स्वास्थ्य सेवा सञ्चालन,

(९) औषधि पसल सञ्चालन, अनुमति, अनुगमन र नियमन,

(१०) सरसफाई तथा स्वास्थ्य क्षेत्रबाट निष्कासित फोहोरमैला व्यवस्थापनमा निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय, सहकार्य र साझेदारी,

(११) परिवार नियोजन तथा मातृशिशु कल्याण सम्बन्धी सेवा सञ्चालन, अनुमति, अनुगमन तथा नियमन,

(१२) महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापन ।

ञ. स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता

(१) स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन, उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,

(२) बजार तथा हाट बजार व्यवस्थापन,

(३) स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमन,

(४) स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण,

(५) स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन,

(६) स्थानीयस्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन,

(७) स्थानीय व्यापारको तथ्याकं प्रणाली र अध्ययन अनुसन्धान,

(८) निजी तथा गैरसरकारी क्षेत्रसग समन्वय र सहकार्य,

(९) स्थानीय व्यापार प्रवर्द्धन, सहजीकरण र नियमन,

(१०) स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखाकंन,

(११) उपभोक्ता सचेतना अभिवृद्धि, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण,

(१२) वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यान्वयन, अनुगमन र नियमन,

(१३) स्थानीयस्तरमा वातावरणीय जोखिम न्यूनीकरण,

(१४) स्थानीयस्तरमा जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमका उपभोग्य वस्तुको बेचविखन र उपभोग तथा वातावरणीय प्रदूषण र हानिकारक पदार्थहरूको नियन्त्रण, अनुगमन तथा नियमन,

(१५) स्थानीयस्तरमा सरसफाई तथा फोहरमैला व्यवस्थापन,

(१६) स्थानीयस्तरमा न्यून कार्बनमूखी तथा वातावरणमैत्री विकास अवलम्बन,

(१७) स्थानीयस्तरमा हरित क्षेत्रको संरक्षण र प्रर्वद्धन,

(१८) स्थानीयस्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन,

(१९) स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी अन्य कार्य ।

ट. स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिचाइ

(१) स्थानीय, ग्रामीण तथा कृषि सडक र सिचाइ सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,

(२) स्थानीय, ग्रामीण तथा कृषि सडक, झोलुगें पूल, पुलेसा, सिँचाइ र तटबन्धन सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन, मर्मत, सम्भार र नियमन,

(३) स्थानीयस्तरका सिँचाइ प्रणालीको निर्माण, सञ्चालन, रेखदेख, मर्मत सम्भार, स्तरोन्नति, अनुगमन र नियमन,

(४) यातायात सुरक्षाको व्यवस्थापन र नियमन,

(५) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक सम्बन्धी अन्य कार्य ।

ठ. गाउँसभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन

(१) गाउँसभा वा नगरसभा सम्बन्धी नीति, कानून र कार्यविधि,

(२) स्थानीयस्तरका विषय क्षेत्रगत नीति तथा रणनीति, आवधिक तथा वार्षिक योजना, कार्यक्रम र बजेट स्वीकृति,

(३) सभाका समितिहरूको गठन र सञ्चालन ,

(४) स्थानीय तहबीच साझा सरोकार तथा साझेदारीका विषयमा संयुक्त समिति गठन,

(५) कार्यपालिका तथा न्यायिक समितिबाट सभामा प्रस्तुत प्रतिवेदनमाथि छलफल तथा सो सम्बन्धमा आवश्यक निर्देशन,

(६) विकास योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा सुशासनको लागि कार्यपालिकालाई निर्देशन,

(७) गाउँपालिका तथा नगरपालिकालाई आर्थिक व्ययभार पर्ने विषयको नियमन,

(८) स्थानीय मेलपिलाप र मध्यस्थता,

(९) गाउँ सभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

ड. स्थानीय अभिलेख व्यवस्थापन

(१) स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन, अनुगमन र नियमन,

(२) जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कूल ग्राहस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास तथा लैगिंक सशक्तीकरण सूचकाङ्क, राजश्व तथा आयव्यय समेतको तथ्याकं सकंलन र प्रशोधन गरी नवीनतम प्रविधियुक्त र राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आवद्धता र पाश्र्व चित्र तथा श्रोत नक्साको अद्यावधिक अभिलेखन,

(३) सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन,

(४) सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसायको विवरण सहितको अद्यावधिक अभिलेख,

(५) आफ्नो क्षेत्रभित्र सम्पन्न भएका तथा चालु योजनाको विवरण र त्यस्तो योजनाको सम्पत्तिको अद्यावधिक अभिलेखन,

(६) स्थानीय अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको उपयोग,

(७) स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

ढ. जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण

(१) स्थानीय जग्गाको नाप नक्सा, कित्ताकाट, हालसाविक, रजिष्ट्रेशन नामसारी तथा दाखिल खारेज,

(२) जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण तथा लगत व्यवस्थापन,

(३) भूमिको वर्गीकरण अनुसारको लगत,

(४) सार्वजनिक प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा वितरणमा समन्वय र सहजीकरण,

(५) नापी नक्सा तथा जग्गाको स्वामित्व निर्धारण कार्यमा समन्वय र सहजीकरण,

(६) जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण सम्बन्धी अन्य कार्य ।

ण. कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी

(१) कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थ्य सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

(२) कृषि तथा पशुपन्छी बजार सूचना, बजार तथा हाटबजारको पूर्वाधार निर्माण, साना सिँचाइ निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन, अनुगमन र नियमन,

(३) कृषि तथा पशुपक्षीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण,

(४) पशुपक्षी चिकित्सा सेवाको व्यवस्थापन,

(५) कृषि वातावरण संरक्षण तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन,

(६) पशुनश्ल सुधार पद्धतिको विकास र व्यवस्थापन,

(७) उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास तथा बजारीकरण,

(८) स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन,

(९) पशु आहारको गुणस्तर नियमन,

(१०) स्थानीयस्तरमा पशुपक्षी सम्बन्धी तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली,

(११) पशु बधशाला र शीत भण्डारणको व्यवस्थापन र नियमन,

(१२) पशुपक्षी सम्बन्धी बीमा र कर्जा सहजीकरण,

(१३) पशुपालन तथा पशु स्वास्थ्य सम्बन्धी अन्य कार्य ।

त. जेष्ठ नागरिक, अपागंता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन

(१) सङ्घ र प्रदेश कानूनको अधीनमा रही सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन, सञ्चालन तथा व्यवस्थापन,

(२) जेष्ठ नागरिक, अपागंता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण,

(३) जेष्ठ नागरिक क्लव, दिवा सेवा केन्द्र, भेटघाट स्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन,

(४) सङ्घ तथा प्रदेशसँगको समन्वयमा अपा•ता पुनर्स्थापना केन्द्र, ज्येष्ठ नागरिक केन्द्र तथा अशक्त स्याहार केन्द्रको सञ्चालन र व्यवस्थापन,

(५) सडक बालबालिका, अनाथ, असहाय, अशक्त र मानसिक असन्तुलन भएका व्यक्तिहरूको पुनर्स्थापना केन्द्रको सञ्चालन, व्यवस्थापन, अनुगमन र नियमन,

(६) जेष्ठ नागरिक, अपागंता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

थ. बेरोजगारको तथ्याकं सकंलन

(१) रोजगार तथा बेरोजगार श्रमशक्तिको तथ्याङ्क सङ्कलन, प्रशोधन र सूचना प्रणालीको स्थापना,

(२) स्थानीयस्तरमा रहेका स्वदेशी तथा विदेशी श्रमिकको लगत सकंलन तथा सूचना व्यवस्थापन,

(३) विभिन्न क्षेत्र तथा विषयका दक्ष जनशक्तिको तथ्याकं सकंलन तथा व्यवस्थापन,

(४) सुरक्षित वैदेशिक रोजगारी र वैदेशिक रोजगारीमा रहेको श्रमशक्तिको सूचना तथा तथ्याकंको सकंलन तथा व्यवस्थापन,

(५) रोजगार सूचना केन्द्रको व्यवस्थापन तथा सञ्चालन,

(६) वैदेशिक रोजगारीमा जाने श्रमशक्तिको लागि वित्तीय साक्षरता र सीपमूलक तालीमको सञ्चालन,

(७) वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको सामाजिक पुनः एकीकरण,

(८) वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप र उद्यमशीलताको उपयोग,

(९) बेरोजगारको तथ्याकं सकंलन सम्बन्धी अन्य कार्य।

द. कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण

(१) कृषि प्रसार सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

(२) कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन,

(३) कृषकहरूको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण,

(४) कृषि बिउविजन, नश्ल, मलखाद र रसायन तथा औषधिहरूको आपूर्ति, उपयोग र नियमन,

(५) कृषक समूह, कृषि सहकारी र कृषि सम्बन्धी स्थानीय सङ्घ संस्थाहरूको समन्वय, व्यवस्थापन र नियमन,

(६) स्थानीयस्तरमा कृषि सम्बन्धी प्रविधिको संरक्षण र हस्तान्तरण,

(७) कृषि सम्बन्धी सूचनाको प्रचारप्रसार,

(८) स्थानीयस्तरका स्रोत केन्द्रहरूको विकास र व्यवस्थापन,

(९) प्रागांरिक खेती तथा मलको प्रवर्द्धन र प्रचार प्रसार,

(१०) कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण सम्बन्धी अन्य कार्य ।

ध. खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा

(१) स्थानीय खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(२) खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन,

(३) एक मेगावाट सम्मका जलविद्युत आयोजना सम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,

(४) स्थानीय तहमा वैकल्पिक ऊर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, नियमन,

(५) स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन, अनुगमन र नियमन,

(६) स्थानीय तहमा वैकल्पिक ऊर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि र प्रवर्द्धन,

(७) खानेपानी, साना जलविद्युत आयोजना तथा वैकल्पिक उर्जा सम्बन्धी अन्य कार्य ।

न. विपद् व्यवस्थापन

(१) विपद् व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजनाको कार्यान्वयन, अनुगमन र नियमन,

(२) स्थानीयस्तरमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, पूर्व सूचना प्रणाली, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय,

(३) स्थानीय तटबन्ध, नदी र पहिरोको नियन्त्रण तथा नदीको व्यवस्थापन र नियमन,

(४) विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरूको पहिचान र स्थानान्तरण,

(५) विपद् व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय समुदाय, सङ्घ संस्था तथा निजी क्षेत्रसँग सहयोग, समन्वय र सहकार्य,

(६) विपद् व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन,

(७) विपद् जोखिम न्यूनीकरण सम्बन्धी स्थानीयस्तरका आयोजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,

(८) विपद् पश्चात् स्थानीयस्तरको पुनर्स्थापना र पुनर्निर्माण,

(९) स्थानीयस्तरको विपद् सम्बन्धी तथ्याकं व्यवस्थापन र अध्ययन अनुसन्धान,

(१०) स्थानीय आपतकालीन कार्य सञ्चालन प्रणाली,

(११) समुदायमा आधारित विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमको सञ्चालन,

(१२) विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

प. जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण

(१) जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमन,

(२) पानी मुहानको संरक्षण,

(३) सामुदायिक भू-संरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रम,

(४) भू-संरक्षण र जलाधार व्यवस्थापनजन्य सामुदायिक अनुकूलन,

(५) खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्क सकंलन,

(६) बहुमूल्य धातु, पत्थर तथा खनिज पदार्थको संरक्षण र सम्वर्द्धनमा सहयोग,

(७) ढुगां, गिट्टी, बालुवा, नुन, माटो, खरीढुगां तथा स्लेट जस्ता खानीजन्य वस्तुको सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन,

(८) भौगर्भिक नक्सा प्रकाशन ।

फ. भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास

(१) भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

(२) पुरातइभ्व, प्राचीन स्मारक तथा संग्रहालयको संरक्षण, सम्भार, प्रवर्द्धन र विकास,

(३) परम्परागत जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन,

(४) प्रचलित कानून बिरुद्धका कुरीति तथा कुसंस्कार बिरुद्ध सामाजिक परिचालन सम्बन्धी कार्य,

(५) भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी अन्य कार्य ।

(३) गाउँपालिका तथा नगरपालिकाले सङ्घ तथा प्रदेशसँगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार संविधानको अनुसूची-९ मा उल्लेख भए बमोजिम हुनेछ ।

(४) उपदफा (३) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी देहायको विषयमा सङ्घ तथा प्रदेश कानूनको अधीनमा रही गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क. खेलकुद र पत्रपत्रिका

(१) स्थानीयस्तरका खेलकुदको संरचनाको पूर्वाधार निर्माण, सञ्चालन तथा विकास,

(२) स्थानीयस्तरका खेलकुद प्रशासन तथा सङ्घ संस्थाको नियमन र समन्वय,

(३) खेलकुदको विकास र प्रवर्द्धन,

(४) खेलकुद प्रतियोगिता आयोजना र सहभागिता,

(५) खेलकुद सम्बन्धी पूर्वाधारको विकास,

(६) स्थानीय तहका पत्रपत्रिकाको दर्ता, अभिलेख तथा नियमन ।

ख. स्वास्थ्य

(१) सङ्घीय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण,

(२) जनरल अस्पताल, नर्सिङ होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरूको क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन,

<u>४. आधारभूत स्वास्थ्य सेवा शाखाः</u> यस शाखा अन्तर्गत जनस्वास्थ्य प्रवर्द्धन उपशाखा र स्वास्थ्य व्यवस्थापन उपशाखा सहित २ वटा उपशाखाहरू रहनेछ । यस शाखा मार्फत सम्पादन हुने प्रमुख कार्य जिम्मेवारी देहाय बमोजिम रहनेछ ।

जनस्वास्थ्य प्रवर्द्धन उपशाखा

- आधारभूत स्वास्थ्य तथा पारिवारिक सरसफाई सम्वन्धी नीति, नियम, मापदण्ड,कार्ययोजना तर्जुमा,कार्यान्वयन तथा नियमन सम्वन्धी कामहरू ,
- आधारभूत स्वास्थ्य सेवाको संचालन तथा प्रवर्द्धनका कामहरू,
- स्वास्थ्य संस्थाहरू मध्ये महनौर र अर्नमा स्वास्थ्य संस्थाहरूमा उपलव्ध प्याथोलजी सेवाको विश्वसनीयताको लागि भएकै जनशक्तिलाई प्रशिक्षित गरी सेवा प्रवाह गर्न पहल गर्ने।
- जनस्वास्थ्य निगरानी **(Public Health Surveliance)** लाई निरन्तरता दिने ,
- प्रबर्धनात्मक, प्रतिकात्मक ,उपचारात्मक, पुनर्स्थापनात्मक स्वास्थ्य सेवामा जोड ,
- **OutReach Clinic** का माध्यमले स्वास्थ्य सेवा भरपर्दो बनाउने ,
- दूरदराजमा रहेका स्वास्थ्य चौकीहरूमा सुरक्षित मातृत्व सेवा सहित **Birthing Center** संचालन गरी भरपर्दो सेवा पु-याउन पहल गर्ने ,
- आमा र शिशुका लागि तोकिए बमोजिमका सवै किसिमका खोपहरू समयमा नै लगाउने गरी उपलव्ध स्वास्थ्यकर्मीहरू परिचालन गर्ने ,
- घातक रोगहरू विरूद्धको राष्ट्रिय अभियान सफल बनाउन उपलव्ध मानव श्रोतको परिचालन गर्ने ,
- महिला स्वयंसेविकाको परिचालन तथा क्षमता विकासका कार्यहरू,
- विश्वमा देखिने भिन्न किसिमको कोभिड जस्तै नयाँ महामारी संक्रमण नियन्त्रणका लागि राष्ट्रिय नीति र प्राथमिकता अनुसार सचेतात्मक र उपचारात्मक सेवा स्थानीय स्तरमा नै सहजरूपमा उपलव्ध गराउन बहूक्षेत्रको सहयोग र साझेदारीका कामहरू ,
- समय समयमा देखिने र फैलिने विभिन्न किसिमका महामारी, संक्रामक रोगहरूबाट स्थानिय वासिन्दाहरूलाई वच्ने वचाउने कार्यक्रम तर्जुमा गर्ने, यस सम्वन्धमा पूर्व

तयारी गर्ने र विभिन्न तहका सरकार र संघसंस्थाहरू विच आर्थिक तथा प्राविधिक साझेदारी अभिबृद्धिका कार्यहरू गर्ने गराउने ,

- शाखा प्रमुख र कार्यालय प्रमुखले तोके अनुसारका जिम्मेवारीका कामहरू ,

<u>स्वास्थ्य व्यवस्थापन उपशाखा</u>

- स्वास्थ्य क्षेत्रका लागि स्वीकृत राष्ट्रिय र प्रादेशिक स्वास्थ्य नीति अनुरूप् स्थानीय स्वास्थ्य नीति तर्जुमा गरी एकरूपता कायम गर्ने गराउने ।
- स्वास्थ्य बीमा कार्यक्रम विस्तार लगायत स्वास्थ्य सम्वन्धि सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन र व्यवस्थापनका कामहरू ,
- पालिका स्तरीय स्वास्थ्य संस्थाको भौतिक विकास तथा सेवा विस्तार गरी स्वास्थ्य सेवामा जनताको पँहूच बढाउन पहल गर्ने ,
- गाउँपालिका स्तरीय अस्पताल संचालनका लागि व्यवस्थापकीय कामहरू गर्ने ,
- तोकिएको मापदण्ड अनुसार जनरल अस्पताल , नर्सिङ होम , उपचार केन्द्र, स्वास्थ्य क्लिनिक, ल्याव सेवा केन्द्र स्थापना, दर्ता, संचालनको अनुमतिका लागि स्थानीय मापदण्ड बनाई लागु गर्ने ,
- स्वास्थ्य चौकीहरूमा तोकिए बमोजिमका अत्यावश्यक औषधिहरूको भरपर्दो आपूर्तीको व्यवस्था मिलाउने तथा अत्यावश्यक उपकरणहरूको अवस्था नियमित जाँच गर्ने,
- स्वास्थ्य चौकीहरूमा दरबन्दी अनुसारका स्वास्थ्य कर्मीहरूको पूर्तीको अवस्था निगरानी गर्ने र कर्मचारीको क्षमता विकासका कामहरू वार्षिक कार्यक्रममा समावेश गरी संचालन गर्ने ,
- आयुर्वेद, प्राकृतिक र अन्य परम्परागत बैकल्पिक उपचार पद्धतीको विकास र विस्तारमा पहल गर्ने ,

- स्वस्थ जीवनको लागि योगा र ध्यान (**Yoga & Meditation**) मा आकर्षण बढाउन समुदाय तथा विद्यालय स्तरमा विभिन्न अनुशिक्षणका कार्यहरू गर्ने,
- पालिका स्तरमा स्थापित सवै किसिमका निजी स्वास्थ्य संस्थाहरू (अस्पताल,पोली क्लिनिक, ल्याव) र औषधि पसलको नियमित अनुगमन गरी गाउँपालिका समक्ष प्रतिवेदन पेश गर्ने ,
- गाउँपालिकाको स्वामित्वको एम्वुलेन्स संचालनको मापदण्ड निर्धारण गर्ने र निजी तथा सामुदायिक क्षेत्रबाट संचालित एम्वुलेन्स संचालनको मापदण्ड निर्धारण र परिमार्जन गर्ने ,
- आकस्मिक स्वास्थ्य सेवाको भरपर्दो व्यवस्था मिलाउने ,
- आपतकालीन स्वास्थ्य तथा महामारी तथा संक्रमण नियन्त्रणका लागि आन्तरिक र बाह्य साधन श्रोत परिचालन गर्न पहल गर्ने ,
- स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापनका कामहरू ,

५) ***<u>वित्त तथा राजस्व शाखा</u>*** : यस शाखा अन्तर्गत आर्थिक प्रशासन (लेखा) उपशाखा र राजस्व प्रशासन उपशाखा समेत २ वटा उपशाखाहरू रहने छ । यस शाखा मातहत सम्पादन हुने कामको विवरण निम्नानुसार रहनेछ ।

<u>आर्थिक प्रशासन (लेखा) उपशाखा</u>

- आर्थिक कार्यविधि सम्वन्धी नीति, नियम,कार्यविधी तर्जुमा र कार्यान्वयन
- आर्थिक प्रशासन र व्यवस्थापन सम्वन्धी कामहरू ,
- वार्षिक बजेट तर्जुमा ,बजेट सीमा निर्धारण, शिर्षकगत व्ययको अनुमान तयारी,
- स्थानीय संञ्चित कोष तथा आकस्मिक कोषको व्यवस्थापन,
- लेखा व्यवस्थापन, खर्च, राजस्व,घरौटी, कार्यसंचालन कोष तथा अन्य स्थानीय कोष तथा सम्पत्तिको एकीकृत विवरण तयारी ,
- गाउँसभाबाट स्वीकृत बार्षिक बजेट अनुसार आर्थिक कारोवारको लेखांकन, नियन्त्रण र व्यवस्थापन ,

- चालु आ.व. को राजस्व तथा व्ययको प्रगतीको आधारमा आगामी आ.ब.को बार्षिक आय अनुमान तयार गरी राजस्व परामर्श समिति समक्ष पेश गर्ने,
- नियमानुसार आन्तरिक तथा पूर्व लेखापरिक्षण गराई अन्तिम लेखापरिक्षण गराउने ,
- लेखापरिक्षण प्रतिवेदन अनुसार कायम बेरूजुहरूको लगत तयारी गर्ने र सो अनुसार नियमित गर्नु पर्ने, फर्छ्योट गर्नु पर्ने कार्य गर्ने ,
- लेखा परिक्षण प्रतिवेदनले असूलउपर गर्नु पर्ने भनि उल्लेख गरे अनुसार बेरुजु फर्छ्योटका काम सम्पन्न गरी बार्षिक प्रतिवेदन कार्यपालिका र गाउँसभा समक्ष पेश गर्ने ,
- गाउँपालिकाको वित्तीय कारोवारको स्वीकृत सफ्टवेयरको संचालन र उपयोगबाट लेखापालनको आधुनिक प्रविधिको प्रयोग गर्ने ,
- पारदर्शी लेखा प्रणाली अनुशरण गरी आर्थिक अनुशासन कायम गर्ने गराउने ,
- गाउँपालिकाको बार्षिक खरीद योजना तयारीमा सहयोग गर्ने,
- कार्यपालिका वा कार्यालय प्रमुखले मांगेका आर्थिक प्रशासन विषयमा राय सल्लाह दिने ,

<u>राजस्व प्रशासन उपशाखा</u>

- गाउँपालिकाको राजस्व नीति, नियम तर्जुमा ,कार्यान्वयन तथा नियमन सम्वन्धी काम,
- स्थानीय सरकार संचालन ऐन २०७४ , गाउँपालिकाबाट जारी ऐन नियम, कार्यविधि र प्रचलित संघीय र प्रदेश कानून बमोजिम स्थानीय तहको अधिकार क्षेत्र भित्रका शिर्षकहरूमा गाउँसभाले तोकेको दरमा राजस्व संकलन तथा दाखिला,
- स्थानीय कर (सम्पत्ति कर, घर वहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर),सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत सङ्कलन

- बार्षिक बजेटले प्रक्षेपण गरे अनुसार राजस्व असूलीका लागि आन्तरिक र बाह्य सरोकारवालाहरूसंग नियमित समन्वय र सहकार्य ,
- राजस्व चुहावट नियन्त्रणका लागि आवश्यक सचेतात्मक कार्यहरू , करदाता शिक्षा तथा करदाता सम्मान कार्यक्रमहरू ,
- प्राकृतिक श्रोतको उपयोग सम्वन्धी स्थानीय नीति नियम तर्जुमा तथा संघ र प्रदेश स्तरीय मापदण्डको पालना ,
- कानून बमोजिम ढुंगा,गिट्टी,बालुवा,माटो,स्लेट,लगायत प्राकृतिक एवं खनीज पदार्थको सर्वेक्षण, अन्वेषण, उत्खनन र रोयल्टी संकलन र तोकिए बमोजिम बांडफांड ,
- बाकी बक्यौता राजस्व रकमको लगत अद्यावधिक र असूल उपर गर्ने गराउने,
- गाउँपालिकाको कुल आम्दानीको मासिक, चौमासिक र बार्षिक एकीकृत प्रतिवेदन तयारी,
- राजस्व परामर्श् समितिको सचिवालयको कार्य जिम्मेवारी,
- प्रचलित कानून र कार्यपालिकाले तोके बमोजिमका कामहरू ,

६. आर्थिक क्षेत्र विकास शाखा : यस शाखा अन्तर्गत कृषि तथा मत्स्य विकास उपशाखा, पशुपंछी विकास उपशाखा र सहकारी,पर्यटन, उद्योग,श्रम तथा रोजगार प्रवर्द्धन उपशाखा सहित ३ वटा उपशाखाहरू रहने छन । यस शाखा मार्फत विषयगत रूपमा प्रमुख कार्यहरू सम्पादन गर्न पर्ने कार्यजिम्मेवारी रहनेछ ।

कृषि तथा मत्स्य विकास उपशाखा

- कृषि विकास, कृषि प्रसार, कृषि उत्पादन र व्यवस्थापन सम्वन्धी नीति,नियम, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन ,
- स्थानीय संभावनाका आधारमा कृषिको व्यवसायिकरण र विविधिकरण गर्न टेवा पुग्ने गरी प्रोत्साहन कार्यक्रम तर्जुमा, साना सिंचाई आयोजना संचालन,

- कृषि समूह, कृषि सहकारी गठन र संचालनमा प्रोत्साहन तथा कृषि सम्वन्धी संघसंस्थासंग समन्वय र सहकार्य ,
- कृषि सूचना प्रणालीको व्यवस्थापन, सूचनाको प्रचार प्रसार तथा कृषि तथ्यांक अद्यावधिक,
- कृषि बीउबिजनको गुणस्तर परीक्षण, मलखाद, रसायन र औषधिको आपूर्ती व्यवस्थापन,
- उच्च मूल्ययुक्त कृषिजन्य बस्तुको प्रवर्द्धन , विकास तथा बजारीकरणका कार्यहरू ,
- कृषकलाई व्यवसायिक कृषि कार्यमा उत्प्रेरित गर्नर् कृषक बर्गीकरण तथा परिचय पत्र वितरण,
- परम्परागत खेती प्रणाली भन्दा पनि कृषकलाई आधुनिक खेती तर्फ आकर्षित गर्ने र स्थानीय माटो, हावापानी अनुकुल उच्च मूल्यका कृषि उत्पादनमा अभिप्रेरित गर्ने,
- कृषि उत्पादनको लागत घटाउन आवश्यक कृषि औजार र उपकरण प्रयोगमा प्रोत्साहन तथा अनुदानमा उपलव्ध गराउन पहल गर्ने,
- कृषि उत्पादन वजारसम्म पँहूच लागि हाटबजारको विकास र विस्तारका लागि पूर्वाधार निर्माण, प्राविधिक सेवा तथा प्रविधिको प्रसार, कृषि सामाग्रीको आपूर्ती लगायत कृषक क्षमता विकासका लागि अभिमुखीकरण ,तालिम संचालन गर्ने,
- संघ तथा प्रदेशका कार्यक्रमसंग सामञ्जस्य हुने गरी कृषि विकासका विभिन्न कार्यक्रमहरू सहकार्य तथा समन्वयमा संचालन गर्ने गराउने,
- कृषकको आयस्तर बढाउन पालिका भित्रका पुराना पोखरीहरूमा मत्स्य विकास कार्यक्रम तर्जुमा र कार्यान्वयनको नीतिगत व्यवस्था गरी गरिवी न्यूनिकरण कार्यक्रम संचालन गर्ने,

- किसानलाई माछा खेती तर्फ आकर्षित गर्न नया पोखरी खन्न , माछा भूरा उत्पादन गर्न र माछापालन गर्न प्रोत्साहनमूलक अनुदान कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन ,
- वडाबाट कृषिसंग सम्वन्धित विषयमा राय सुझाव मांग भई आएमा माग बमोजिमको प्राविधिक परामर्श दिने र बडा समितिसंग कृषिका विविध सवालमा छलफल गर्ने,
- कृषकहरूबाट कृषिजन्य प्राकृतिक प्रकोप तथा महामारी रोग नियन्त्रण र विभिन्न बालीहरूमा देखिने रोगको उपचारका लागि स्थलगत भ्रमण गरी समस्या समाधानको पहल गर्ने,
- कृषिमा नविनतम प्रविधि र अनुभवको आदान प्रदानको संस्थागत व्यवस्था मिलाउने,
- तोकिएको कार्यसम्पादनको चौमासिक प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्ने

पशुपंछी विकास उपशाखा

- पशुपक्षी पालन तथा स्वास्थ्य सम्वन्धी नीति,नियम,कार्यक्रम तर्जुमा र मापदण्ड निर्धारण
- पशुनश्ल सुधार,विकास तथा व्यवस्थापनका कार्यहरू ,
- पशुचरनका लागि खर्कको विकास सम्वन्धी कार्यक्रम,
- पशु हाटबजारको विकास तथा विस्तार लगायत पशु बधशाला स्थापनका कार्यहरू
- पशुपक्षीको उपचार तथा बीमा र सहज कर्जा प्राप्तिका लागि प्रोत्साहन कार्यहरू ,
- आधुनिक प्रविधि र सूचनामा आधारित पशुपक्षी हाटबजारको पूर्वाधार निर्माण, कृषकलाई प्राविधिक परामर्श, क्षमता विकासका तालिम एवं अभिमुखीकरण र प्रविधि विस्तारमा जोड,
- उन्नत नश्लको बोयर बोका तथा बाख्रा पालनलाई प्रोत्साहन गर्ने,

- स्थानीय जातका लोकल कुखुरा लगायत कानूनले बर्जित नगरेका विभिन्न चराचुरूङ्गी जस्तै कालीज,अस्ट्रीच जस्ता चरा मासु उत्पादनको लागि पालन गर्न किसानलाई प्रोत्साहित गर्ने ,
- पशुपालनको संभाव्य क्षेत्रमा उन्नत नश्लका पशु उत्पादन, मासु उत्पादन, दूग्ध पदार्थ उत्पादनमा कृषकलाई बढी लाभ हुने गरी खर्च तथा उत्पादन लागत घटाई किसानलाई यस तर्फ आकर्षित गर्न नविन सोच र प्रविधिको उपयोगमा जोड,
- किसानको आयस्तर बढाउन विभिन्न औजार र उपकरण प्रयोगमा सहजीकरण र प्रोत्साहन,
- संघ तथा प्रदेशका कार्यक्रमसंग सामञ्जस्य हुने गरी पशुपंछी विकासका कार्यक्रम सहकार्य तथा समन्वयमा संचालन गर्ने गराउने,
- वडा स्तरबाट मांग भएका विषयमा राय सुझाव दिने तथा कृषकहरूबाट पशुपंछी पालन र विभिन्न उपचार सम्वन्धमा मांग भइ आएको विषयमा तत्काल सुनवाई गरी उपयुक्त राय परामर्श सहित स्थलगत भ्रमणबाट समस्या समाधान गर्ने,
- तोकिएको कार्यसम्पादनको चौमासिक प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्ने

<u>उपभोक्ता हकहित संरक्षण, सहकारी, उद्योग, पर्यटन, श्रम तथा रोजगार प्रबर्द्धन उपशाख</u>

- आम उपभोक्ताहरुको सर्वोत्तम हितलाई प्रवर्द्धन गर्न उपभोक्ता अधिकार तथा हकहित सम्वन्धी राष्ट्रिय नीति ,ऐन, नियम, कानूनको आधारमा पालिका स्तरीय नियम तथा मापदण्ड तर्जुमा गरी उपभोक्ता अधिकारको संरक्षण गर्ने गराउने ,
- दैनिक उपभोग्य स्थानीय बस्तु तथा सेवाको गुणस्तर परीक्षण तथा मापदण्ड निर्धारण ,
- आम उपभोक्ताले प्रयोग गर्ने खाद्य पदार्थको गुणस्तर परीक्षण, बजार अनुगमन र नियन्त्रण ,

- उपभोक्ता जागरण तथा व्यवसायीलाई उपभोक्ता प्रति जिम्मेवार बनाउन अन्तरक्रिया र जनचेतनामूलक कार्यक्रम तर्जुमा र कार्यान्वयन ।
- उत्पादक र उपभोक्ता मैत्री हाटबजारको विकास,पूर्वाधार निर्माण तथा व्यवस्थापन ,
- स्थानीय व्यापार तथा व्यवसाय प्रवर्धनमा सहजीकरण र नियमन
- खाद्य प्रयोगशाला स्थापना र गुणस्तर परीक्षण , नियन्त्रण र नियमन
- सहकारी संस्था सम्वन्धी नीति,नियम, कार्यक्रम तर्जुमा, मापदण्ड निर्धारण र कार्यान्वयन,
- सहकारी संस्थाको दर्ता,अनुमति,खारेजी तथा विघटनका काम,
- सहकारी सम्वन्धी विभिन्न तहका संघसंस्थासंग समन्वय,सहकार्य,
- सहकारीको विकासका लागि अध्ययन अनुसन्धान लगायत सहकारी संस्थाको कार्य क्षमता विकासका लागि कार्यक्रम तर्जुमा ,
- सहकारी बचत तथा ऋण परिचालन सम्वन्धि स्थानीय मापदण्ड निर्धारण र अनुगमन ,
- पालिका स्तरीय पर्यटन नीति, नियम,मापदण्ड तयार गरी गुरूयोजना तर्जुमा तथा कार्यान्वयन,
- स्थानीय आस्थासंग जोडिएका पर्यटकीय तथा सांस्कृतिक महत्वका मठ,मन्दिर ,गुम्वा, मस्जीद र पुरातात्विक महत्वका स्थानहरूको संरक्षण,
- प्राकृतिक वा मानव निर्मित पर्यटकीय आकर्षणका संरचनाहरूको विकास, स्याहार र संरक्षण,
- पर्यटनको संभावनाका आधारमा साहसिक पर्यटनको विकासमा जोड ,
- ग्रामीण पर्यटनको विकास र विस्तारका लागि होमस्टेको स्थापना, विकास र विस्तार,
- ग्रामीण पर्यटनको विकासको माध्यमले रोजगारी सिर्जना भई गरिवी न्यूनीकरणमा टेवा पुग्ने हुदा दक्ष जनशक्तिको विकासका लागि निजी क्षेत्रसंग सहकार्य गर्ने ,

- पर्यटनको विकासमा निजी क्षेत्रलाई आकर्षित गर्न सार्वजनिक निजी साझेदारीमा आधारित योजना कार्यक्म पहिचान गरी लगानीका लागि आकर्षित गर्ने ,
- घरेलु तथा साना उद्योग एवं लघु उद्योगको विकासका कार्यक्रम तर्जुमा सहित उद्यमशीलता प्रवर्धनका कामहरू ।
- लघु, घरेलु तथा साना उद्योग लगायत व्यापारिक फर्म तथा पसल दर्ता, अनुमति, नविकरण,, खारेजी तथा नियमनका कामहरू,
- गाउँपालिका भित्रको खानी तथा खनिज पदार्थको संरक्षणका लागि नीति, नियम, मापदण्ड तर्जुमा,
- खानी तथा खनिज पदार्थ सम्वन्धी सूचना तथा तथ्यांक संकलन, अभिलेखन र भौगोलिक नक्शा तयारी ,
- रोजगार प्रवर्धन तथा गरिवी निवारण सम्वन्धी नीति, रणनीत ,नियम तर्जुमा ,
- गाउँपालिका क्षेत्रमा बेरोजगारहरूको तथ्यांक संकलन ,प्रकाशन र सूचना प्रणाली स्थापना ,
- पहिचान भएका गरिव घरपरिवार र लक्षित समूहलाई परिचय वितरण, गा.पा.स्तरका आयोजना ,कार्यक्रममा निश्चित दिन सम्म रोजगारीका अवसर सिर्जनाको प्रत्याभूती,
- सवै तहका सरकार र रोजगारदाता संघसंस्थासंग रोजगारीका अवसरमा पहूँचका लागि सहकार्य र समन्वय ,
- बैदेशिक रोजगारीमा सीपयुक्त जनशक्ति विकासका कार्यक्रम तर्जुमा तथा दक्ष जनशक्ति तयारीका लागि श्रोत साधन परिचालन ,
- बैदेशिक रोजगारी सम्वन्धी रोजगार सूचना प्रणालीको स्थापना र प्रचार प्रसार,
- श्रम शोषण हुन नदिन आवश्यक व्यवस्था मिलाउने ,

७. आन्तरिक तथा पूर्व लेखापरिक्षण ईकाइ : कानूनमा व्यवस्था भए अनुसार यस ईकाईले कार्यपालिकाको कार्यालय अन्तर्गत स्वतन्त्र शाखाको हैसियतमा देहाय बमोजिम कार्य सम्पादन गर्नेछ ।

- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७७ (२) बमोजिम गाउँपालिकाको समष्टीगत आय (राजस्व समेत) र व्यय (खर्च)को आन्तरिक लेखा परीक्षण गर्ने,
- कार्यपालिकाले तोकेमा भुक्तानी पूर्व गरीने परीक्षण (पूर्व लेखा परिक्षण) गर्ने,
- आन्तरिक लेखापरीक्षण प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत मार्फत कार्यपालिकामा पेश गर्ने
- गाउँपालिकाको प्रत्येक बर्षको अन्तिम लेखापरीक्षणको प्रतिवेदन सुरक्षित राख्ने,
- अन्तिम लेखापरीक्षण कार्यमा सहयोग,समन्वय र सहजीकरण गर्ने,
- लेखापालन सम्वन्धमा क्षमता विकास कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने,
- गाउँसभाबाट गठन हुने लेखा समितिको सचिवालयको काम गर्ने ,
- वडा र गाउँपालिका स्तरबाट संचालन भएका भौतिक विकास निर्माणको काममा सुशासन कायम गर्न गरीने सार्वजनिक सुनवाई, सार्वजनिक परीक्षण र सामाजिक परीक्षणका काममा सहयोग र समन्वय गरी सो सम्वन्धि प्रतिवेदन संकलन र अभिलेखिकरण गर्ने,
- पालिकाको आर्थिक कारोवारलाई पारदर्शी बनाई खर्च प्रणालीमा बेरूजु हुन नदिनका लागि लेखा शाखासंग सहकार्य गरी सम्वन्धित कर्मचारिहरू, उपभोकता समूह र जिम्मेवार पदाधिकारीको लागि अनुशिक्षण तथा अभिमुखीकरण कार्यक्रम संचालन गर्ने ,
- आन्तरिक तथा पूर्व लेखापरिक्षण ईकाइले गर्ने गरी कानूनले तोकेका कामहरू,

संगठन संरचनाको आधारमा पदहरूको कार्यविवरण

यस नगरपालिकाको नयाँ परिमार्जित संगठनात्मक संरचना अनुसार कायम हुने शाखा र सो अन्तर्गत रहने उपशाखाको लागि प्रस्तावित अधिकृत तहका दरबन्दीको पद अनुसारको कार्यविवरण देहाय बमोजिम हुनेछ ।

शाखा/उपशाखा	पदको नाम	पद संख्या	कार्यविवरण
कार्यपालिका को कार्यालय	प्रमुख प्रशासकीय अधिकृत	१	• स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४(२) बमोजिम प्रमुख प्रशासकीय अधिकृतकोकाम कर्तव्य र अधिकारमा उल्लेखित कामहरु गर्ने गराउने , • गाउ कार्यपालिका र गाउसभाको सचिव भई कामगर्ने । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १५ बमोजिमको स्थानीय स्तरमा विकास, निर्माण तथा सेवा प्रवाह सम्वन्धी तोकिएका क्षेत्रहरुको परिचालन, समन्वय र प्रबर्ध्दनका कामहरु गर्ने । • कार्यपालिकाले स्वीकृत गरेको गाउपालिकाको कार्यसम्पादन नियमावली २०७४ र कार्यविभाजन नियमावली २०७४ अनुसार तोकिए बमोजिमका कामहरु सम्पादन गर्ने गराउने • स्वीकृत दरबन्दी अनुसार कार्यपालिका र अन्तर्गतका सवै शाखा, ईकाइ र वडा कार्यालयका कर्मचारीको नियुक्ति,, पदस्थापना, कार्य नियमन, मूल्याकंन, र नियन्त्रण गर्ने गराउने । • सुशासनमा आधारित सेवा प्रवाह र विकास निर्माणका कामहरु गाउपालिकाका प्रत्येक तहमा अनुभूति हुने गरी कार्यान्वयन गर्न उच्च प्राथमिकताकासाथ काम गर्ने । • कार्यसम्पादनमा प्रमावकारीता ल्याउन कार्यजिम्मेवारी सम्बन्धी विषयक्षेत्रमा क्षमता विकासका कार्यक्रम तर्जुमा गरी कर्मचारीको दक्षता अभिवृध्दी गर्ने । • गाउसभाले स्वीकृत गरेको बार्षिक बजेट कार्यान्वयनका लागि उच्च आर्थिक अनुशासन पालनाको आधार तयार गर्ने र आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउने । • गाउपालिकाको अधिकार क्षेत्र भित्रका आन्तरिक श्रोतसाधन संकलन र उपयोगमा पारदर्शिता कायम गर्ने गराउने एवं

			नयाा श्रोतको खोजीका लागि आन्तरिक र बाह्य रुपमा अध्ययन गर्ने गराउने । • गाउस्तरमा प्रकोप व्यवस्थापनकालागि आकस्मिक कोष स्थापना लगायत आवश्यक श्रोतसाधन जुटाउन सरोकारवाला निकायसंग समन्वय र सहकार्य गर्ने । • गाउस्तरका विभिन्न सरकारी निकाय, निजी क्षेत्र तथा गैससका संचालनमा रहेका कार्यक्रमको समन्वय, सुपरिवेक्षण, मूल्याकंन र समीक्षा गरी प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्ने, • संघीय सरकार तथा प्रदेश सरकारका विभिन्न मन्त्रालय, निकायबाट प्रदत्त जिम्मेवारीका कामहरु सम्पादन गर्ने गराउने । • आफुमा अन्तर्निहित रहेको अधिकार र जिम्मेवारी मातहत अधिकृत वा अन्य सम्बद्ध कर्मचारीलाई प्रत्यायोजन गरी कार्यान्वयन गर्ने । • कर्मचारीको कार्य सम्पादन मूल्याकंन गर्न सुपरिवेक्षक तोक्ने र सवै कर्मचारीको कार्यसम्पादन मूल्याकंन गर्ने गराउने व्यवस्था मिलाउने । • अर्न्तराष्ट्रिय सम्बन्धको काम गर्ने अधिकृत नोडल अधिकृत तोक्ने । • गाउपालिकाको वृहत्तर हित र प्राथमिकता क्षेत्रको विकासमा टेवा पुग्ने गरी राष्ट्रिय र अन्तरराष्ट्रिय नगरहरुसंग सहकार्यका प्राथमिक क्षेत्र पहिचान गरी भगिनि सम्बन्ध स्थापित गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने । • राष्ट्रिय तथा अन्तराष्ट्रिय संध,सस्था,सञ्जालहरुको सदस्यता लिदा गाउ पालिकाको हित प्रबर्ध्दन हुने भएमा मात्र सदस्यता लिन र भई रहेको सदस्यता पुनरावलोकन गरी कार्यपालिका समक्ष प्रतिवेदन दिने • गाउ पालिकाको तर्फबाट सम्मान दिनुपर्ने विदेशी राष्ट्का सम्मानित व्यक्तित्वहरु तथा संघसंस्थाकाे पदाधिकारीहरुबाट गाउपालकिामा भ्रमण हुदा नगरको साचो हस्तान्तरण एंव अभिनन्दन जस्ता औपचारिक स्वागत कार्यक्रमको समन्वय र सहजीकरण गर्ने । • आपसी हित प्रवर्द्धन र सिकाईको लागि अध्ययन, अवलोकन भ्रमण कार्यक्रमहरु मिलाउने, समन्वय र सहजीकरण गर्ने । • कार्यपालिकाबाट तोकिएको तथा निर्देशित कामहरु कार्यान्वयन गर्ने गराउने , • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउपालिकाले गर्ने भनी तोकिएका कामहरु सम्पादन गर्न

			कार्यपालिकालाई क्रियाशील बनाउन समन्वयकारी भूमिका निर्वाह गर्ने । • प्रचलित ऐन, नियम तथा निर्देशनबाट अख्तियार गरिएका र तोकिएका अन्य काम गर्ने गराउने ।
सामान्य प्रशासन शाखा	अधिकृत सातौ तह प्रशासन	१	• प्रमुख प्रशासकीय अधिकृतबाट प्रत्यायोजित तथा तोकिए बमोजिमको कार्यविवरणका आधारमा मातहत उपशाखामा कार्यरत अधिकृतहरुलाई कार्यजिम्मेवारी प्रत्यायोजित गरी काम गर्ने गराउने । • प्रशासन शाखाको शाखा प्रमुखको जिम्मेवारीमा मातहत सबै उपशाखाहरुको कामको सुपरिवेक्षण र निगरानी गरी काममा प्रभावकारीता ल्याउने । • मातहत अधिकृत तथा सहायक कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन गरी कार्यालय प्रमुख समक्ष पेश गर्ने । • कार्यालय संचालन तथा व्यवस्थापनका लागि सम्पूर्ण प्रशासनिक कार्यहरु गर्ने गराउने । • स्वीकृत दरबन्दीका पदहरुमा कर्मचारी नियुक्ति, बढुवा, सरुवा, कार्यजिम्मेवारी हेरफेरका कामहरु गर्ने । • कार्यपालिका लगायत तोकिए बमोजिमका समिति तथा उपसमितिहरुको बैठक व्यवस्थापन, मार्इन्यूट तयारी एवं निर्णय कार्यान्वयनका लागि सम्बन्धित इकाईमा पठाउने । • समस्त कार्यालयको लागि आवश्यक सामानहरु स्वीकृत बार्षिक खरीद योजना अनुसार खरीद गरी आपूर्ती गर्ने । • पालिकाको पदाधिकारीहरु लगायत कार्यपालिकाको कार्यालय र मातहत सबै ईकाइहरुमा कार्यरत कर्मचारीहरुको कार्यक्षमता र कार्यदक्षतामा सुधार ल्याउन आवधिक जनशक्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने । • पालिकाको कार्यक्षेत्र भित्रका अत्यावश्यक सेवा भरपर्दो र सुलभ तरीकाले उपलब्ध गराउने व्यवस्था मिलाउने । • गाउपालिका क्षेत्रमा वातावरण सुधार गरी स्वस्थ्य र स्वच्छता कायम गर्न बनाउन समन्वयात्मक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने । साथै सरसफाईका लागि उपलब्ध साधनश्रोतको किफायती उपयोग गरी स्वच्छ वातावरण तयारमा योगदान गर्ने । • कार्यालयको पालोपहरा, सरसफाई र शान्तिसुरक्षा व्यवस्थाका साथै विभूषण, अलंकार, सम्मान तथा अतिथि सत्कारका कामहरु गर्ने । • कार्यपालिका तथा कार्यालय प्रमुखबाट तोकिएका अन्य कामहरु गर्ने गराउने ।

			• वडा कार्यालयहरुको कामको समन्वय र सहजीकरण गरी सेवा प्रवाहमा प्रभावकारीता ल्याउन सहयोग गर्ने ।
	अधिकृत,छैठौ तह प्रशासन	४	• शाखा प्रमुखबाट प्रत्यायोजित र तोकिएको उपशाखाले गर्ने भनी निर्धारित कार्यविवरणका आधारमा शाखा प्रमुखको सामान्य निर्देशनमा रहि उपशाखा प्रमुखको हैसियतमा कार्यसम्पादन गर्ने , • सा.प्र.शाखा मातहत रहने प्रशासन तथा जनशक्ति उपशाखा, बैठक व्यवस्था तथा शिष्टाचार उपशाखा, खरीद तथा भण्डार उपशाखा, विपद व्यवस्थापन तथा आकस्मिक सेवा उपशाखाको प्रमुखको हैसियतमा मातहत सहायक कर्मचारीहरुलाई कार्यविवरण तयार गरी कार्यजिम्मेवारी तोक्ने र कार्यसम्पादन फारममासुपरिवेक्षक भइ मूल्यांकन गर्ने । • शाखाको कार्यविवरणमा उल्लेख भएको आफ्नो उपशाखासंग सम्वन्धित कामहरु शाखा प्रमुखको निर्देशनमा सम्पादन गर्ने • शाखा प्रमुख तथा कार्यालय प्रमुखबाट निर्देशित तथा तोकिए बमोजिमका कामहरु गर्ने गराउने ।
	वातावरण अधिकृत,छैठौ तह, प्राविधिक	१	• शाखा प्रमुखबाट प्रत्यायोजित र तोकिएको उपशाखाले गर्ने भनी निर्धारित कार्यविवरणका आधारमा शाखा प्रमुखको सामान्य निर्देशनमा रहि उपशाखा प्रमुखको हैसियतमा कार्यसम्पादन गर्ने , • स्वच्छ तथा स्वस्थ्य वातावरण, जलाधार र वन्यजन्तु संरक्षण सम्वन्धी नीति ,कानून तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन र नियमन सम्वन्धी कामहरु गर्ने गराउने, • वातावरण संरक्षण, हरियाली प्रबर्द्धन र सरसफाईका कामहरु स्थानीय समुदाय, टोल विकास संस्था, सामाजिक संघसंस्था एवं अन्य सरोकारवालाहरुसंग समन्वय र सहकार्य गरी कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने ।

			• शहरी तथा सार्वजनिक क्षेत्रको सरसफाई सम्वन्धी काम स्थानीय समुदाय र वडा समितिको समन्वय र सहकार्यमा संचालन गर्ने , • गाउपालिकाको बजार क्षेत्रबाट फोहर संकलन गर्दा श्रोतमा नै जैवीक र अजैवीक फोहर छुट्याई संकलन गर्ने र घरपरिवार स्तरमा जैवीक मल बनाउन अभिमुखीकरण र प्रोत्साहनका कामहरु गर्ने गराउने । • संकलित फोहरमैला विसर्जन र व्यवस्थापनका लागी छिमेकी पालिकाहरुसंग समन्वय सहकार्य र साझेदारी गरी सामूहिक याण्डफिल साईट प्रवन्धको पहल गर्ने , • कार्यपालिका र कार्यालय प्रमुखबाट तोकिए बमोजिमका कामहरु सम्पादन गर्ने । • उपशाखा मातहत काम गर्न खटीएका सहायक कर्मचारीहरुको खटन पटन, कार्य जिम्मेवारी निर्धारण र कार्यसम्पादनको सुपरिवेक्षक भई मूल्यांकन गर्ने ।
योजना तथा पूर्वाधार विकास शाखा	सिभिल ईन्जीनियर, सातौ तह	१	• प्रमुख प्रशासकीय अधिकृतबाट प्रत्यायोजित तथा तोकिए बमोजिमको कार्यविवरणका आधारमा मातहत उपशाखामा कार्यरत अधिकृतहरुलाई कार्यजिम्मेवारी प्रत्यायोजित गरी काम गर्ने गराउने । • गाउपालिकाको दीर्घकालीन सोंच, लक्ष र उद्देश्य प्राप्त गर्न सहयोग पुग्ने गरी योजना तर्जुमाका चरण पूरा गरी बार्षिक नीति, कार्यक्रम तथा बजेट सभा समक्ष प्रस्तुत गरी सभाबाट स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि सवै शाखा, उपशाखा, ईकाई , वडा कार्यालयमा पठाउने व्यवस्था मिलाउने । • सभाबाट स्वीकृत बार्षिक नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनको चौमासिक तथा बार्षिक समीक्षा गरी तदनुरुप सुधारको प्रकृया शुरु गर्ने गराउने । • योजना तथा पूर्वाधार विकास शाखाको शाखा प्रमुखको जिम्मेवारीमा मातहत सवै उपशाखाहरुको कामको सुपरिवेक्षण र निगरानी गरी काममा प्रभावकारीता ल्याउने । • स्थानीय पूर्वाधार विकासका लागि यातायात सम्वन्धी नीति, नियम, मापदण्ड निर्धारण तथा यातायात गुरुयोजना तर्जुमा सम्वन्धी कामहरु गर्ने गराउने , • सभाबाट स्वीकृत पूर्वाधार विकास कार्यक्रम तर्फको आयोजनाहरुको प्राविधिक डिजाईन,ईष्टीमेट सहित विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने, प्राविधिक सुपरिवेक्षण र रेखदेख गर्ने गरी निर्माण कार्यको गर्ने गराउने , • गाउपालिकाको जिम्मेवारीमा रहने गरी संघ र प्रदेशबाट हस्तान्तरण भएका सडक तथा पुलपुलेसाहरुको निर्माण,

			रेखदेख, मर्मत संभारको कार्ययोजना तयार गरी तदनुरुप काम गर्ने गराउने, • सार्वजनिक निर्माण सम्वन्धी सवै काममा गुणस्तर कायम गरी आयोजना दीगो र टिकाउ बनाउनका लागि गुणस्तर नियन्त्रण मापदण्ड तयार गरी उच्च प्राथमिकताका साथ लागु गर्ने गराउने व्यवस्था मिलाउने , • गुणस्तर निर्धारण मापदण्डले निर्धारण गरे अनुसार पूर्वाधार विकास कार्यक्रमहरुमा प्रयोग हुने विभिन्न किसिमका निर्माण सामाग्रीहरुको गुणस्तर परीक्षण गर्न गाउपालिका स्तरीय गुणस्तर परीक्षण तथा नियन्त्रण ल्याव स्थापना गरी संचालनको व्यवस्था मिलाउने ,पूर्वाधार सम्वन्धी आयोजना कार्यान्वयनका लागि सम्वन्धीत उपभोक्ता समिति, निर्माण व्यवसायी तथा सर्साइट ईन्चार्ज प्राविधिकलाई आयोजनाको विषयमा तथा गुणस्तर नियन्त्रण सम्वन्धी अभिमुखीकरण दिने व्यवस्था गर्ने गराउने , • वडास्तरीय पूर्वाधार विकास कार्यक्रममा प्राविधिक सेवा तथा सुपरिवेक्षण उपलव्ध गराउने र वडामा रहेका प्राविधिकलाई प्राविधिक सेवा, सुपरिवेक्षण तथा प्रतिवेदन दिनुपर्ने सम्वन्धमा अभिमुखीकरण गराउने • गाउपालिका स्तरमा सफा खानेपानीको समुचित वितरणको प्रवन्धका लागि तथा ढल निकास व्यवस्थापनको लागि खानेपानी तथा ढल निकास गुरुयोजना तयार गरी वडा कार्यालय र समुदायको साझेदारीमा कार्यान्वयनको प्रवन्ध गर्ने, • गाउसभाबाट स्वीकृत नीति भित्र रहि साना सिंचाई कार्यक्रमका आधारमा साना तथा मझौला सिचाई आयोजना निर्माणको संभाव्यता अध्ययन गर्ने, DPR तयार गनै गराउने र स्वीकृत आयोजना कार्यान्वयनमा लैजाने , • जल उत्पन्न नियन्त्रण सम्वन्धी कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने गराउने , • उर्जा विकास तर्फ सौर्य बत्ती, बैकल्पिक उर्जाका श्रोतहरुको अध्ययन तथा पहिचान, साना तथा लघु जलविद्युतको विकास सम्वन्धी कामहरु गनै गराउने , • स्थानीय सरकार संचालन सम्वन्धी कानूनमा व्यवस्था भए अनुसार तथा कार्यपालिकाबाट तोकिए अनुसार समिति, उपसमितिको वैठक बोलाउने, सचिव वा सदस्यको हैसियतमा भाग लिने वा प्रतिनिधि तोक्ने, • मातहतका सवै प्राविधिक कर्मचारीको क्षमता विकासका लागि पद र कार्यचरित्रसंग मिलदो गरी क्षमता विकास कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने ,

			• मातहत विभिन्न उपशाखामा काम गर्ने ईन्जीनियर र सहायक कर्मचारीको कार्यविवरण सहित कार्य जिम्मेवारी तोक्ने , कामको समीक्षा गर्ने, र बार्षिक कार्यसम्पादन मूल्यांकन गरी पेश गर्ने , • आफ्नो शाखा र अन्तर्गतका उपशाखा समेतको एकमुष्ठ बार्षिक प्रतिवेदन आर्थिक वर्ष व्यतित भएको १५ दिन भित्रमा प्रमुख प्रशासकीय अधिकृत मार्फत नगर कार्यपालिका समक्ष पेश गर्ने । • पूर्वाधार शाखाको कार्यविवरणमा तोकिए बमोजिमको कामहरु गर्ने गराउने, • भौतिक पूर्वाधार विकास तर्फ भूउपयोग नीतिको तर्जुमा तथा शहरी विकास सम्वन्धी गुरुयोजना तर्जुमा लगायत नगर विकास सम्वन्धी कार्यहरुको समन्वय र सहजीकरण गर्ने । • अन्य तोकिए बमोजिमको कामहरु गर्ने गराउने ,
	सिभिल ईन्जीनियर छैठौ तह प्राविधिक	२	• शाखा प्रमुखबाट प्रत्यायोजित एवं उपशाखाले गर्ने भनी निर्धारित कार्यविवरणका आधारमा शाखा प्रमुखको सामान्य निर्देशनमा रहि उपशाखा प्रमुखको हैसियतमा कार्यसम्पादन गर्ने , • गाउपालिकाको स्वीकृत बार्षिक वजेट तथा कार्यक्रम तर्फ पूर्वाधार विकास कार्यक्रम कार्यान्वयनको लागि बार्षिक कार्यान्वयन कार्ययोजना तयार गरी शाखा प्रमुख समक्ष पेश गर्ने र स्वीकृत भए अनुसार काम गर्ने गराउने , • स्वीकृत पूर्वाधार विकास कार्यक्रमका सवै आयोजनाहरुको डिजाईन ईष्टीमेट सहित DPRतयार गर्ने र स्वीकृत DPRअनुसार कार्यान्वयनमा लैजाने, • गाउपालिका स्तरीय र वडा स्तरीय सवै पूर्वाधारका आयोजनामा प्राविधिकहरुको परिचालन सुनिश्चित गर्ने , • आयोजना निर्माणको चरणमा प्राविधिकको रेखदेख तथा सुझाव सल्लाहमा आयोजना निर्माण कार्य अगाडी बढेको सुनिश्चित गर्ने र उपशाखा प्रमुखको हैसियतमा आयोजना स्थलको नियमित अनुगमन गरी प्राविधिक सुझाव र सल्लाह लिखित रुपमा दिने, • भौतिक पूर्वाधार सम्वन्धी नगरस्तरीय वा प्रदेश स्तरीय कार्यशाखा, छलफल तथा अन्तरक्रियात्मक कार्यक्रममा खटाईए अनुसार भाग लिने, • विकास निर्माण कामका लागि गाउ पालिकाको स्थानीय नर्मस तयार गर्ने , • ज्याला तथा निर्माण सामाग्रीको नगर स्तरीय दररेट निर्धारण समितिले निर्धारण गरेको स्थानीय दररेटको आधारमा दर विश्लेषण गरी स्वीकृत गराउने ,

			• प्राविधिक जनशक्तिको क्षमता विकास सम्वन्धी योजना निर्माणमा सहयोग गर्ने , • आफूले गरेको कामको मासिक प्रतिवेदन शाखा प्रमख समक्ष पेश गर्ने • कानूनमा तोके बमोजिमका कामहरु गर्ने गराउने ,
	आर्किटेक्ट ईन्जीनियर छैठौं तह प्राविधिक)भवन निमार्णा तथा नक्सापास उपशाखा(	१	• शाखा प्रमुखबाट प्रत्यायोजित एवं उपशाखाले गर्ने भनी निर्धारित कार्यविवरणका आधारमा शाखा प्रमुखको सामान्य निर्देशनमा रहि उपशाखा प्रमुखको हैसियतमा कार्यसम्पादन गर्ने , • गाउपालिका क्षेत्रका लागि भवन सम्वन्धी नीति, मापदण्ड, सो सम्वन्धी अध्ययन, कार्यक्रम तर्जुमा , कार्यान्वयन तथा नियमन सम्वन्धी कामहरु गर्ने , • राष्ट्रिय भवन संहिता बमोजिम गाउपालिका क्षेत्रका निर्माण हुने सवै किसिमका भवनहरुको लागि भूकम्य प्रतिरोधी सार्वजनिक भवन तथा संरचनाको डिजाईन तयार गर्ने , • भूकम्प दिवसका माध्यमले सुरक्षित भवन निर्माणको महत्व र आवश्यकताका विषयमा आमजनसमुदायलाई सचेत बनाउने • स्थानीय सरकार संचालन ऐन २०७४ मा तोकिए अनुसार भवन निर्माणको ईजाजत दिने, नक्शापास गर्ने तथा निर्माण सम्पन्न भएपछि निर्माण सम्पन्नको प्रमाणपत्र दिने , • ग्रामीण क्षेत्रमा रहेका र गाउपालिकाले रेखदेख गर्नुपर्ने पुरातात्विक महत्वका मठमन्दिर, प्राचीन भवनहरु, स्मारकको लगत राख्ने र संरक्षण तथा पुनःनिर्माण गर्ने व्यवस्था मिलाउने, • गाउपालिका क्षेत्रमा निर्माण हुने सवै किसिमका सार्वजनिक भवनको डिर्जाईन चेक गर्ने,डिजाईन नमिलेको भए सुधारको लागि निर्देशन दिने, • नयां निर्माण हुने सवै किसिमका सार्वजनिक भवनहरुमा वेसमेन्टमा पार्किङ र फरक क्षमता भएकाहरुको सहजताको लागि ह्विलचेयर -याम्पको अनिवार्य व्यवस्था हुनु पर्ने सुनिश्चित गर्ने , • सवै किसिमका भवन निर्माण कार्यको सुपरिवेक्षण गर्ने तथा गुणस्तर नियन्त्रणमा उच्च प्राथमिकता दिने , • गाउपालिकाबाट स्वीकृत भूउपयोग नीतिले निर्धारण गरेको क्षेत्रमा मात्र शहरी विकास कार्यक्रम कार्यान्वयन हुने गरी एकीकृत वस्ती तथा आवास विकास कार्यक्रम संचालन गर्ने गरी गुरुयोजना तर्जुमा गर्ने र तदनुरुप योजना कार्यान्वयन गर्ने गराउने,

			• आफू मातहत काम गर्ने सहायक कर्मचारी हरुलाई कार्यविवरण सहित कार्यजिम्मेवारी तोक्ने , • गाउ कार्यपालिका , कार्यालय प्रमुख तथा शाखा प्रमुखबाट तोकिए बमोजिमको काम सम्पादन गर्ने • मातहत कर्मचारीको कार्यसम्पादन मूल्यांकन गर्ने ,
	अधिकृत छैठौ तह प्रशासन योजना तथा) अनुगमन (उपशाखा	१	• शाखा प्रमुखबाट प्रत्यायोजित एवं उपशाखाले गर्ने भनी निर्धारित कार्यविवरणका आधारमा शाखा प्रमुखको सामान्य निर्देशनमा रहि उपशाखा प्रमुखको हैसियतमा कार्यसम्पादन गर्ने , • गाउपालिकाको दीर्घकालीन सोच सहितको नीति,रणनीति र प्राथमिकतामा आधारित आवधिक विकास योजना निर्माण कामको संयोजन गर्ने , • गाउपालिका स्तरीय विकास कार्यक्रम सम्वन्धी नीति, कानून, मापदण्ड तयारी र नियमन सम्वन्धी कामहरु गर्ने, • स्थानीय तहको योजना तथा बजेट तजुमा दिग्दर्शन बमोजिम योजना तर्जुमाका चरण र प्रकृया पूरा गरी बार्षिक विकास कार्यक्रम र बजेट तर्जुमा गर्ने , • संघबाट स्वीकृत राष्ट्रिय योजना तथा प्रदेश स्तरीय योजनाका नीति तथा प्राथमिकता स्थानीय तहको योजना तर्जुमाको आधार हुने गरी गाउ स्तरीय योजना तर्जूमा गर्न विशेष ध्यान दिने । • बर्षिक योजना तर्जुमा गर्दा नेपालले गरेको प्रतिवद्धता पालना गर्ने गरी दिगो विकास लक्ष (SDG) का निर्धारित उद्देश्य र राष्ट्रिय लक्ष प्राप्त गर्न सहयोग पुग्ने गरी स्थानीयकरण गर्ने र सरोकारवालाहरुलाई अभिमुखीकरण गर्ने , • गाउस्तरीय मध्यमकालीन खर्च संरचना (MTEF) तयार गरी सोहि आधारमा प्राथमिकता प्राप्त आयोजनामा बजेट विनियोजन गर्ने व्यवस्था अवलम्वन गर्ने । • विकास निर्माणका काममा स्थानीय जनसहभागिता जुटाउन सो सम्वन्धी नीति र कार्यविधि कार्यपालिकाबाट स्वीकृत गरी लागु गर्ने गराउने , • उपभोक्ता समिति परिचालन सम्वन्धी कार्यविधि तर्जुमा तथा स्वीकृत गरी तदनुरुपा उपभोक्ता समितिको क्षमता विकासका कार्यक्रम संचालन गर्ने , • विकास आयोजनाको अनुगमन तथा मूल्यांकनको कार्ययोजना स्वीकृत गरी चेकलिष्टको आधारमा विषयगत अनुगमन गर्ने र प्रत्येक अनुगमनको प्रतिवेदन तयार गरी कार्यपालिका समक्ष प्रस्तुत गर्ने,

			• विकास आयोजनाको चौमासिक र बार्षिक समीक्षा गर्ने र समीक्षाबाट देखिएका कमिकमजोरी सुधारको लागि कार्यपालिका मार्फत निर्देशित गर्ने , • रु १० करोड भन्दा बढी लागतका आयोजना पूरा भएको २ बर्ष पछि बाह्य परामर्शदाताको सेवा मार्फत प्रभाव मूल्यांकन गराई सो नतीजा कार्यपालिकाका पेश गर्ने, • कार्यक्रम कार्यान्वयन गर्दा सिकिएका राम्रा तथा सबल पक्षको अभिलेख राखी अन्य आयोजनाका लागि मार्गदर्शनको रुपमा ग्रहण गर्न सवैलाई जानकारी गराउने व्यवस्था मिलाउने । • उपशाखा अन्तर्गत कार्यरत सहायक कर्मचारीहरुलाई उनीहरुले गर्ने कामको कार्यजिम्मेवारी तोकेर काममा खटाउने र सुपरिवेक्षकको हैसियतमा उनीहरुको कार्यसम्पादन मूल्यांकन गर्ने ,
	सूचना प्रविधि अधिकृत छैठौ तह प्राविधिक	१	• शाखा प्रमुखबाट प्रत्यायोजित एवं उपशाखाले गर्ने भनी निर्धारित कार्यविवरणका आधारमा शाखा प्रमुखको सामान्य निर्देशनमा रहि उपशाखा प्रमुखको हैसियतमा तोकिए अनुसारका कार्य सम्पादन गर्ने, • गाउ कार्यपालिकाको सवै बैठकका निर्णयहरु, गाउपालिकाको सवै सूचना तथा महत्वपूर्ण दस्तावेजहरु Digitize रुपमा संरक्षण गरी अभिलेख राख्ने, • गाउसभा, कार्यपालिका तथा कार्यालयबाट भएका सार्वजनिक सरोकारका महत्वपूर्ण निर्णय एवं सूचनाहरु कार्यालयको वेभसाईटमा अपलोड गर्ने र वेभसाईट नियमित रुपमा अपडेट गर्ने, • सूचनाको हक सम्वन्धी कानूनमा तोकिएका सूचनाको हकको कार्यान्वयनका कामहरु सम्पादन गर्ने, • गाउपालिका क्षेत्र भित्र 100 Watt क्षमता सम्मका FM Radio संचालनको लागि ईजाजत दिने , • वडा कार्यालयहरुमा जडान भएको प्रविधि विकास र अनलाईन प्रणालीको नियमित अनुगमन र संभार गरी जनस्तरमा प्रवाहित हुने सेवा अवरुद्ध नहुने व्यवस्थाको निगरानी गर्ने , • सूचना,संचार र प्रविधिको विकासको लागि कार्यपालिका स्तरमा कार्यरत कर्मचारीहरु र वडा कार्यालयका कर्मचारीहरुबाट प्रवाहित गरीने सेवा तथा सम्पादन हुने कामहरु प्रविधिमैत्री बनाई कार्यसम्पादनमा प्रभावकारीता ल्याउन कर्मचारीको योग्यता, पद एवं सिक्ने रुची र उत्सुकताका आधारमा क्षमता विकासका कार्य संचालन गर्ने गराउने,

			• सूचना तथा संचार प्रविधिमा आधारित अभिलेख व्यवस्थापन र तथ्यांक व्यवस्थापनमा नविनतम प्रविधिको प्रयोगमा जोड दिने , • सूचना तथा संचार प्रविधिमा आम जनताको सहज र सरल ढंगबाट पहूंच बढाउन सूचना एवं संचार प्रविधिको विकास र विस्तार सम्वन्धी कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याउन पहल गर्ने , • कार्यालय प्रमुख तथा शाखा प्रमुखबाट तोकिए बमोजिम सूचना प्रविधि सम्वन्धी अन्य काम गर्ने , • आफ्नो उपशाखा मातहत काम गर्न खटाईएका सहायक कर्मचारीहरुलाई कार्य जिम्मेवारी तोकेर काममा खटाउने र उनीहरुको कार्यसम्पादन मूल्यांकन फाराममा सुपरिवेक्षकको हैसियतमा मूल्यांकन गर्ने ,
वित्त व्यवस्था तथा राजस्व शाखा	अधिकृत सातौ तह प्रशासन , लेखा)सेवा (समूह		• प्रमृख प्रशासकीय अधिकृतबाट प्रत्यायोजित तथा तोकिए बमोजिमको कार्यविवरणका आधारमा मातहत उपशाखामा कार्यरत अधिकृतहरुलाई कार्यजिम्मेवारी प्रत्यायोजित गरी काम गर्ने गराउने । • गाउपालिकाको आर्थिक कार्यविधि तयारी, नीति निर्माण,कानुन र मापदण्ड तर्जुम गर्ने तथा कार्यान्वयन र नियमन सम्वन्धी कामहरु सम्पादन गर्ने, • स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद १० को दफा ६९ देखि ८० सम्म उल्लेख गरिएका स्थानीय तहको आर्थिक कार्यप्रणालीको अवलम्वन गर्ने गराउने , • गाउपालिकाको संचीत कोष तथा आकस्मिक कोष संचालन तथा व्यवस्थापन गर्ने, • आर्थिक कारोवारको लेखांकन, नियन्त्रण तथा व्यवस्थापनका कामहरु गर्ने, • गाउपालिकाको बार्षिक वजेट तथा कार्यक्रम तर्जुमाका लागि विभिन्न श्रोतबाट प्राप्त हुन सक्ने आन्तरिक राजस्व आय, बाह्य आय, अनुदान लगायतका बार्षिक अनुमानित आय र चालुबर्षको खर्चको आधारमा आगामी बर्ष हुन सक्ने खर्चको बार्षिक अनुमान तयार गरी कार्यपालिका समक्ष पेश गर्ने , • गाउसभाले स्वीकृत गरेको बार्षिक बजेटको आधारमा अनुमान गरिएका आय शिर्षक र खर्चको अनुपातको आधारमा गाउ पालिकाको समष्टिगत आर्थिक एवं वित्तीय अवस्थाको विश्लेषण गरी चौमासिक रुपमा प्रतिवेदन पेश गर्ने ,

			• मासिक तथा चौमासिक आय तथा व्ययको विवरण कार्यपालिका समक्ष पेश गर्ने र सो विवरण वेभसाईट मार्फत सार्वजनिक गर्ने व्यवस्था मिलाउने • चौमासिक रुपमा आन्तरिक लेखा परीक्षण गराउने र बार्षिक लेखा परीक्षण सम्पन्न गरी ले.प.प्रतिवेदन कार्यपालिका समक्ष जानकारी गराउने। • ले.प.बाट कायम बेरुजुको लगत खडा गरी आ.ले.प.शाखाको समेत सहयोगमा बेरुजु सम्परीक्षण गर्ने गराउने, • गाउपालिका अध्यक्ष र कार्यालय प्रमुखले मागेको आर्थिक प्रशासन तथा लेखा व्यवस्थापन सम्वन्धी राय सल्लाह उपलव्ध गराउने। • लेखापालन सम्वन्धी सवै कारोवारहरु प्रविधि मैत्रि बनाउने , • आर्थिक अनुशासन कायम गर्न र आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्न उच्च प्राथमिकता दिने र तदनुरुप कारोवारमा पारदर्शीता अपनाउने , • आफू मातहत कार्यरत कर्मचारीहरुको क्षमता विकासका कार्यक्रम जनशक्ति विकास उपशाखासंग समन्वय गरी संचालन गर्ने, • मातहत कर्मचारीहरुको बार्षिक कार्यसम्पादन मूल्यांकनको काम सुपरिवेक्षकको हेसियतमा गर्ने,
	अधिकृत , छैठौ तह)राजस्व प्रशासन(		• शाखा प्रमुखबाट प्रत्यायोजित एवं उपशाखाले गर्ने भनी निर्धारित कार्यविवरणका आधारमा शाखा प्रमुखको सामान्य निर्देशनमा रहि उपशाखा प्रमुखको हैसियतमा तोकिए अनुसारका कार्य सम्पादन गर्ने • राजस्व सम्वन्धी नीति, कानून तर्जूमा , कार्यान्वयन तथा नियमन सम्वन्धी कामहरु गर्ने, • संघ, प्रदेश तथा स्थानीय कानून बमोजिम नगरपालिकाको अधिकार र कार्यक्षेत्र भित्रमा सवै किसिमका कर, दस्तुर,सेवाशुल्क संकलनको काम गर्ने गराउने, • स्थानीय राजस्व प्रबर्द्धन तथा प्रोत्साहनका कामहरु, • राजस्वको संभाव्यता अध्ययन गरी राजस्व परामर्श समितिमा पेश गर्ने, • राजस्व परामर्श समितिको काममा सहयोग र सहजीकरण गरी राजस्व प्रशासन भरपर्दो बनाउने, • कर दाताको लगत अद्यावधि गर्ने र करदाता शिक्षा र प्रोत्साहनका कार्यहरु गर्ने गराउने, • राजस्व बाडफाटबाट प्राप्त हुनु पर्ने सवै शिर्षकका आय समयमा बांडफांट भएको सुनिश्चित गर्ने ,

			• गाउपालिकाको बडा कार्यालयबाट संकलन भएको आय रकम समयमा नै वैक दाखिला भएको सुनिश्चित गरी निरन्तर निगरानी र अनुगमन गर्ने, • आम्दानीको मासिक विवरण कार्यपालिका वैठकमा पेश गर्ने र गाउपालिकाको वेभसाईट मार्फत सार्वजनिक गर्ने, • आफनो उपशाखा मातहत काम गर्न खटाईएका सहायक कर्मचारीहरुलाई कार्य जिम्मेवारी तोकेर काममा खटाउने र उनीहरुको कार्यसम्पादन मूल्यांकन फाराममा सुपरिवेक्षकको हैसियतमा मूल्यांकन गर्ने ,	
आन्तरिक तथा पूर्व लेखा परिक्षण ईकाई	आन्तरिक लेखापरिक्षक पाचौ तह लेखा परिक्षण		• ध्याङलेक गाउकार्यपालिकाबाट स्वीकत गाउ कार्यपालिका (कार्यविभाजन) नियमावली २०७४ मा व्यवस्था गरिएको आन्तरिक लेखा परिक्षणको लागि तोकिएको कार्यविवरण अनुसारका कामहरु सम्पादन गर्ने , • स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७७ (२) मा व्यवस्था भएको आन्तरिक लेखा परीक्षण सम्वन्धी प्रावधानलाई कार्यान्वयन गर्ने, • बार्षिक आन्तरिक लेखा परीक्षणको कार्ययोजना प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराई आन्तरिक लेखा परीक्षण गरी प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत मार्फत कार्यपालिका समक्ष पेश गर्ने, • कार्यालयबाट हुने सेवा तथा वस्तुको खरीद सम्वन्धी भुक्तानी हुदा भुक्तानी पूर्व नै पूर्व लेखापरिक्षण गर्ने गरी व्यवस्था भएकोमा सोहि अनुसार पूर्व लेखापरिक्षण गर्ने , • कार्यालयको बार्षिक आय व्ययको अन्तिम लेखापरीक्षण कार्यमा सहयोग, समन्वय र सहजीकरण गर्ने, • कार्यालयका सवै आर्थिक वर्षको अन्तिम लेखा परीक्षणको अभिलेख Digitalर Hard Copy सुरक्षित गरी राख्ने , कार्यालयको लेखापरीक्षणबाट कायम सवै वेरुजुको लगत खडा गर्ने र सम्परिक्षण भएको आधारमा लगत कट्टा गर्ने व्यवस्था गर्ने । • कार्यालयको आर्थिक अनुशासन र आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्न सहयोग गर्ने, • लेखापालन सम्वन्धी क्षमता विकासका कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने ,	

शिक्षा,युवा तथा खेलकूद विकास	अधिकृत शिक्षा प्रशासन, छैठौं तह	१	• प्रमुख प्रशासकीय अधिकृतबाट प्रत्यायोजित तथा तोकिए बमोजिमको कार्यविवरणका आधारमा मातहत उपशाखामा कार्यरत कर्मचारीलाई कार्यजिम्मेवारी प्रत्यायोजित गरी काम गर्ने गराउने । • गाउपालिका, शिक्षा शाखा प्रमुखको हैसियतमा शिक्षा अधिकारीको भूमीका निर्वाह गर्ने , • गाउ शिक्षा समितिको सदस्य सचिव भई गाउपालिका स्तरीय शिक्षा ऐनले तोकेका कामहरु सम्पादन गर्ने , • गाउ सभाबाट स्वीकृत बार्षिक शैक्षिक कार्यक्रम कार्यान्वयन गर्ने गराउने, • आधारभूत तह र माध्यमिक विद्यालय तहको बार्षिक परीक्षा संचालन तथा समन्वयको काम गर्ने , • स्वीकृत पाठ्यक्रम र पाठ्य पुस्तक विद्यालयहरुबाट प्रयोग भएको सम्वन्धमा अनुगमन गर्ने, • विद्यायलयको नक्शांकन, अनुमति स्वीकृती, दिने काम , • विद्यालय समायोजन तथा विद्यार्थी शिक्षक अनुपातको आधारमा शिक्षकको आन्तरिक व्यवस्थापनका कामहरु , • शैक्षिक तथ्यांक तथा अभिलेख दुरुस्त राख्ने , • विद्यालय स्तरमा फरक क्षमता भएका गरीव तथा जेहेन्दार छात्रछात्राको लागि शिक्षाको अवसर सुनिश्चित गर्ने, • माध्यमिक विद्यालय तहमा व्यवसायिक तथा प्राविधिक शिक्षालाई प्रोत्साहन गर्न CTEVTबाट सम्वन्धन लिन विभिन्न प्राविधिक तथा व्यवसायिक विषयका लागि पहल तथा समन्वय गर्ने • पालिका स्तरका सवै विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति गठन गरी समितिको भूमीका तथा जिम्मेवारीका विषयमा अभिमुखीकरण गरी विद्यालय संचालन र व्यवस्थापन पक्ष भरपर्दो बनाउने • युवा लक्षित खेलकूद विकास कार्यक्रम पहिचान तथा संचालन गर्ने • विभिन्न अतिरिक्त क्रियाकलापहरुको माध्यमले छात्रछात्राको ज्ञानको दायरा विस्तार गर्न प्रोत्साहन गर्ने , • गाउ शिक्ष ऐनमा तोकिएको शिक्षा अधिकारीको काम, कर्तव्य र अधिकारको पालना तथा प्रयोग गर्ने गराउने, • विद्यालयको भौतिक अवस्था, नियमित पढाई तथा गुणस्तरको नियमित अनुगमन गरी कार्यपालिका समक्ष प्रतिवेदन दिने , • आफ्नो उपशाखा मातहतका अन्य अधिकृत र सहायक कर्मचारीहरुको कार्य जिम्मेवारी तोकेर काममा खटाउने र उनीहरुको कार्यसम्पादन मूल्यांकन फाराममा सुपरिवेक्षकको हैसियतमा मूल्यांकन गर्ने ,

			• शैक्षिक तथ्यांक संकलन तथा अभिलेख व्यवस्थापनका कामहरु गर्ने • गाउ शिक्षा ऐनमा तोकिए अनुसार विद्यालय शिक्षामा सुधारका लागि शिक्षक, अभिभावक र विद्यार्थी विचमा छलफल र परामर्श गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको काममा निरन्तर लागि रहने, • विद्यालयको भौतिक अवस्था, नियमित पढाई तथा स्तरको नियमित अनुगमन गरी शाखा प्रमुख समक्ष प्रतिवेदन दिने, • माध्यमिक विद्यालय तहको बार्षिक परीक्षा संचालनको लागि आवश्यक तयारी तथा तोकिए बमोजिमको जिम्मेवारीमा रहि परीक्षा संचालनमा भूमीका निर्वाह गर्ने , • विद्यालय स्तरमा आयोजना हुने विभिन्न भेला, बैठक तथा अन्तरक्रियात्मक छलफलमा उपस्थित हुने र पालिकाको शैक्षिक नीति र कार्यक्रमको जानकारी दिने, • माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समिति गठनमा सहजीकरण र समन्वय गर्ने र समितिको कार्य प्रभावकारीता बढाउने खालका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने, • युवा लक्षित खेलकूद विकास कार्यक्रम पहिचान तथा संचालनमा सहयोग गर्ने , • विभिन्न अतिरिक्त क्रियाकलापहरुको माध्यमले छात्रछात्राको ज्ञानको दायरा विस्तार गर्न भूमीका निर्वाह गर्ने , •
	प्राविधिक सहायक शिक्षा प्रशासन पाचौ तह	१	• शाखा प्रमुखबाट प्रत्यायोजित एवं उपशाखाले गर्ने भनी निर्धारित कार्यविवरणका आधारमा शाखा प्रमुखको सामान्य निर्देशनमा रहि उपशाखा प्रमुखको हैसियतमा तोकिए अनुसारका कार्य सम्पादन गर्ने • शैक्षिक तथ्यांक संकलन तथा अभिलेख व्यवस्थापनका कामहरु गर्ने • आधारभूत विद्यालय तहको बार्षिक परीक्षा संचालनको लागि आवश्यक तयारी तथा तोकिए बमोजिमको जिम्मेवारीमा रहि परीक्षा संचालनको व्यवस्थापन गर्ने , • आधारभूत विद्यालय तहमा आयोजना हुने विभिन्न भेला, बैठक तथा अन्तरक्रियात्मक छलफलमा उपस्थित हुने र पालिकाको शैक्षिक नीति र कार्यक्रमको जानकारी दिने,

			• आधारभूत विद्यालय तहको विद्यालय व्यवस्थापन समिति गठनमा समन्वय गर्ने र समितिको कार्य प्रभावकारीता बढाउने कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने, • विभिन्न अतिरिक्त क्रियाकलापहरु संचालन गर्न प्रोत्साहित गर्ने
समाज कल्याण शाखा	अधिकृत छैठौ तह	१	• प्रमुख प्रशासकीय अधिकृतबाट प्रत्यायोजित तथा तोकिए बमोजिमको कार्यविवरणका आधारमा मातहत उपशाखामा कार्यरत अधिकृतहरुलाई कार्यजिम्मेवारी प्रत्यायोजित गरी काम गर्ने गराउने । • सामाजिक र आर्थिक रुपमा पछाडी परेका बर्ग समुदायका व्यक्तिहरुलाई सामाजिक मूलधारमा ल्याई मानवोचित जीवन यापन गर्न सक्षम बनाउन र नागरिकका रुपमा सम्मानजनक स्थान प्राप्त हुने गरी राष्ट्रिय नीति र प्राथमिकतासंग मेल खाने गरी स्थानीय समावेशीकरण नीति,नियम, कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने गराउने , • संघ र प्रदेशबाट निर्धारित मापदण्ड बमोजिम सामाजिक सुरक्षा सम्वन्धी कार्यक्रम कार्यान्वयनको समन्वय, सहजीकरण र नेतृत्व गर्ने • सामाजिक सुरक्षा कार्यक्रम पालिकाबाट स्वीकृत स्थानीय नीति, मापदण्डलाई मूल आधार लिई कार्यान्वयन गर्ने । स्थानीय नीति र मापदण्ड निर्माणको आधार संघ र प्रदेश कानूनले निर्धारण गरे बमोजिम पालना गर्नुपर्नेछ । • सामाजिक सुरक्षा कार्यक्रमको प्रमुख आधार व्यक्तिगत घटना दर्ता अभिलेख भएकोले जन्म,मृत्यु,विवाह, बसाईसराई, सम्वन्ध विच्छेद र धर्मपुत्र र धर्मपुत्रि लगायतका व्यक्तिगत घटना दर्तासंग सम्वन्धित सवैकामहरु आधुनिक प्रविधिको उपयोग गरी अभिलेख व्यवस्थापनको काम गर्ने गरी कर्मचारीहरुको कार्य क्षमता अभिबृद्धी गर्ने गराउने , • सामाजिक सुरक्षा कार्यक्रम प्रभावकारी कार्यान्वयनको लागि स्थानीय तथ्यांक संकलन र विश्लेषण सम्वन्धी काम गर्ने , • लैगिंक समानता सम्वन्धी नीति नियम तथा कार्यक्रम तर्जुमा गर्ने र कार्यान्वयनको व्यवस्था मिलाउने , • बालबालिका किशोर किशोरी तथा युवा लक्षित नीति,नियम र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने, • अपांगता भएका व्यक्ति तथा जेष्ठ नागरिकको सुरक्षा र हित प्रबर्द्धन हुने गरी स्थानीय नीति, नियम, कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने , • गैरसरकारी संस्था परिचालन,समन्वय तथा नियमनको कानून बमोजिमका तोकिएका कामहरु गर्ने गराउने ,

			• शाखा मातहत कार्यरत अधिकृत र सहायक कर्मचारीको कामको रेखदेख , नियन्त्रण गर्ने एवं कार्यसम्पादन मूल्यांकन गर्ने ,
	महिला विकास निरीक्षक पाचौ तह	१	• शाखा प्रमुखबाट प्रत्यायोजित एवं उपशाखाले गर्ने भनी निर्धारित कार्यविवरणका आधारमा शाखा प्रमुखको सामान्य निर्देशनमा रहि उपशाखा प्रमुखको हैसियतमा तोकिए अनुसारका कार्य सम्पादन गर्ने, • महिला हकहित सम्वन्धी स्थानीय नीति नियम योजना कार्यान्वयन गर्ने गराउने, • महिलाको आर्थिक,सामाजिक,राजनीतिक सशक्तिकरण र क्षमता विकासका लागि योजना तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने , • लैगिंक हिंसा निवारणका लागि निरोधात्मक, प्रबर्द्धनात्मक र संरक्षणात्मक उपायहरुका अवलम्वन गर्ने र उनीहरुको पुनःस्थापनाको कार्यक्रम संचालन गर्ने, • लैंगिक उत्तरदायी बजेट निर्माण र परिक्षण सम्वन्धी कामहरु, • बालबालिकाको हकहित संरक्षण सम्वन्धी नीति,नियम, मापदण्ड, योजना तयारी र कार्यान्वयन गर्ने, • बालबालिकाको हकहित संरक्षणका लागि संघ,प्रदेश र विभिन्न सरोकारवाला निकायहरुसंग सम्पर्क,समन्वयर सहकार्य सम्वन्धी काम गने गराउने , • बाल मैत्री शासकीय प्रबन्ध, बाल क्लव, बाल संरक्षण समिति तथा बाल संजालको माध्यमले बाल विकास र हित प्रवर्द्धनका कामहरु समन्वयात्मक रुपमा गर्ने गराउने, • बालबालिका माथी हुने सवैप्रकारका हिंसा नियन्त्रणका उपायहरु अवलम्वन गरी बालहिंसा कानूनी अपराधको रुपमा दण्डनीय हुने व्यवस्था लागु गर्न पहल गर्ने, • असहाय बालबालिका, सडक बालबालिका व्यवस्थापनका काम लगायत बालगृह, पुनःस्थापना केन्द्र, शिशु स्याहार केन्द र बाल विकास केन्द्र स्थापना र व्यवस्थापनका कामहरु गर्ने, • आपत्कालीन बाल उद्धार कोष स्थापना गर्न र सो को व्यवस्थापनका लागि आधार तयार गरी प्रभावकारी बनाउने, • युवा सीप,उद्यमशीलता तथा नेतृत्व विकास लगायत युवा सशक्तिकरण र परिचालनका लागि प्रभावकारी कार्यक्रम पहिचान गरी कार्यान्वयन गर्ने गराउने , • जेष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिको लगत अद्यावधिक गर्ने,परिचयपत्र वितरण गर्ने,सामाजिक सुरक्षाको कार्य , तोकिए बमोजिमका सुविधा उपलव्ध गराउने एवं जेष्ठनागरिक सम्मान कार्य संचालन गर्ने,

			• अपांगता मैत्री पूर्वाधार निर्माणको अनुगमन र ध्यानाकर्षण गरी पूर्वाधार निर्माणमा पहल र समन्वय गर्ने, एकल महिलाको हकहितका लागि विभिन्न कार्यक्रम गर्ने गराउने,
स्वास्थ्य शाखा	जनस्वास्थ्य अधिकृत अधिकृत छैठौं , हेल्थ ईन्स्पेक्शन समूह	१	• प्रमुख प्रशासकीय अधिकृतबाट प्रत्यायोजित तथा तोकिए बमोजिमको कार्यविवरणका आधारमा मातहत उपशाखामा कार्यरत अधिकृतहरुलाई कार्यजिम्मेवारी प्रत्यायोजित गरी काम गर्ने गराउने । • आधारभूत स्वास्थ्य र सरसपट्य र काई सम्वन्धी स्थानीय नीति , नियम, मापदण्ड,योजना तर्जुमा, कार्यान्वयन र नियमन सम्वन्धी कामहरु गर्ने गराउने, • राष्ट्रिय र प्रदेश स्तरीय लक्ष एवं मापदण्ड बमोजिम स्थानीय स्तरको स्वास्थ्य सम्वन्धी लक्ष, गुणस्तर कायम गर्ने गराउने, • संध र प्रदेशबाट निर्धारित मापदण्डको पालना गर्दै पालिका स्तरमा स्थापना हुने अस्पताल , नर्सिङ होम, पोली क्लिनिक र अन्य स्वास्थ्य संस्थाहरुको दर्ता, संचालन अनुमति र नियमनका कामहरु गर्ने, • गाउपालिका अस्पताल स्थापना र संचालनको लागि नेपाल सरकारको स्वीकृत नीति भित्र रहि आवश्यक व्यवस्थापनका कामहरु गर्ने , • कोरोना जस्तो संक्रामक महामारीबाट बच्न सचेतात्मक र उपचारात्मक सेवा तथा सुविधाहरुको व्यवस्थापन र निगरानी बढाउने • स्वीकृत मापदण्ड र डिजाईनको स्वास्थ्य चौकी भवन निर्माण गरी भौतिक पूर्वाधारको विकासबाट भरपर्दो स्वास्थ्य सेवा उपलव्ध गराउन पहल गर्ने , • गाउंस्तरका सवै स्वास्थ्य ईकाईहरुमा तोकिएका औषधिको आपूर्तीको सुनिश्चितता गर्ने र अत्यावश्यक औजार उपकरण को उपलव्धताको प्रवन्ध मिलाउने, • जनस्वास्थ्य निगरानीको विस्तार गर्न सवै किसिमका खोप समयमा नै लगाएको, गर्भवती परिक्षण गरेको, भिटामीन ए र आईरन चक्की समयमा लिएको, हात्तीपाईले औषधि सेवन गरेको तथा नियमित Out Reach Clinicसंचालन गरी जनस्तरमा स्वास्थ्य सेवाको पहूंच विस्तार गरेको सुनिश्चित गर्ने, • आयुर्वेद र बैकल्पिक चिकित्सा तथा औषधिको विकास र विस्तारका कामहरु गर्ने, • जनस्वास्थ्य, आपतकालीन स्वास्थ्य, तथा महामारीको नियन्त्रणका कायंक्रम संचालन गर्ने

			• शाखा मातहत कार्यरत अधिकृत र सहायक कर्मचारीको कार्यसम्पादन मूल्यांकन गर्ने ,
	हे.अ.वा सि.अ.हे.व. सहायक पाचौ तह् हेल्थ ईन्स्पेक्शस समूह	१	• शाखा प्रमुखबाट प्रत्यायोजित एवं उपशाखाले गर्ने भनी निर्धारित कार्यविवरणका आधारमा शाखा प्रमुखको सामान्य निर्देशनमा रहि उपशाखा प्रमुखको हैसियतमा तोकिए अनुसारका कार्य सम्पादन गर्ने • स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन गरी स्वास्थ्य सम्बन्धी सवै किसिमका तथ्यांक संकलन र व्यवस्थापनका काम गर्ने, • औषधिको उचीत प्रयोग । सुक्ष्मजीव निरोधक प्रतिरोध न्यूनीकरणका काम गर्ने , • औषधि पसल संचालन अनुमति , निगरानी र नियमनका कामहरु गर्ने, • स्वास्थ्य बीमा र सामाजिक सुरक्षा कार्यक्रम प्रभावकारी बनाउने , • जुनोटिक र किटजन्य रोगको नियन्त्रण तथा व्यवस्थापनका कामहरु गर्ने, • सुर्ति मदिरा र लागु पदार्थजन्य बस्तुहरुको बढदो प्रयोग नियन्त्रणका लागि सचेतात्मक कार्यक्रम संचालन गर्ने , • गाउपालिकाको वडा स्तरमा रहेका स्वास्थ्य चौकी तथा स्वास्थ्य इकाईको नियमित अनुगमन गरी संचालित स्वास्थ्य केन्द्रको भौतिक पूर्वाधार तथा औजार उपकरणको अवस्था, स्वास्थ्य सेवाको गुणस्तरीयता र सेवाग्राहीहरुको सन्तुष्टीको प्रतिवेदन चौमासिक रुपमा शाखा प्रमुख समक्ष पेश गर्ने , • स्वास्थ्य सेवा सम्वन्धमा तोकिए बमोजिमका अन्य कामहरु गर्ने ।
	स्टाप नर्स पाचौ तह (प.हे.नर्स)	१	• शाखा प्रमुखबाट प्रत्यायोजित एवं उपशाखाले गर्ने भनी निर्धारित कार्यविवरणका आधारमा शाखा प्रमुखको सामान्य निर्देशनमा रहि उपशाखा प्रमुखको हैसियतमा तोकिए अनुसारका कार्य सम्पादन गर्ने • नगरपालिका अन्तर्गत वडास्तरमा संचालित स्वास्थ्यचौकी ,बर्थिङ सेन्टर तथा स्पतालमा उपलव्ध नर्सिङ जनशक्तिको क्षमता विकास गरी नर्सिङ सेवा प्रति समर्पित रहन उत्प्रेरित गर्ने , • कुनै स्वास्थ्य ईकाइमा नर्सिङ दरबन्दी रिक्त छ भने छिटो दरबन्दी पूर्तिको लागि शाखा प्रमुख मार्फत प्रशासन शाखामा जानकारी गराउने • मातृ तथा शिशु कल्याण सेवा, गर्भवती जांच तथा प्रसूति सेवा , विभिन्न खोप सेवा , उपचारात्मक सेवामा खटिने

			नर्सिङ जनशक्तिको सुरक्षा र मनोवल उच्च राख्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रम संचालन गर्ने , • नर्सिङ जनशक्तिका लागि विभिन्न संक्रमण लगायत कोरोना विरुद्धको खोप लगाउने व्यवस्था मिर्लाइ प्रोत्साहित गर्ने ,
आर्थिक क्षेत्र विकास शाखा	अधिकृत कृषि, कृषि प्रसार , छैठौ तह	१	• प्रमुख प्रशासकीय अधिकृतबाट प्रत्यायोजित तथा तोकिए बमोजिमको कार्यविवरणका आधारमा मातहत उपशाखामा कार्यरत अधिकृतहरुलाई कार्यजिम्मेवारी प्रत्यायोजित गरी काम गर्ने गराउने । • कृषि, कृषि प्रसार,कृषि उत्पादन तथा व्यवस्थापन सम्वन्धी नीति तर्जुमा, मापदण्ड तयारी योजना तर्जुमा , कार्यान्वयनको काम शाखा प्रमुखको हैसियतमा सम्पादन गर्ने गराउने , • कृषि उत्पादन विक्रीका लागि कृषि हाटबजारको संभाव्यता अध्ययन , पूर्वाधार विकास तथा संचालनको लागि आवश्यक कार्यहरु गर्ने गराउने, • विभिन्न कृषक समूहहरुको क्षमता विकासका लागि मांग र आवश्यकताको आधारमा प्रविधि विकास, सुचना तथा संचार, कृषिको आधुनिकीकरण,महामारी तथा प्रकोप व्यवस्थापन, कृषि मल बीउबिजनको उपयोग र आपूर्तिका विषयमा अभिमुखीकरण तालिम , प्रशिक्षणको व्यवस्था मिलाउने, • कृषि बीउ बिजनको गुणस्तर नियन्त्रण, मलखाद,रसायनको सहज आपूर्तिको संस्थागत प्रवन्ध मिलायने , • कृषि उत्पादनको संभावनाको आधारमा कृषिको व्यवसायिकरण र बालीको उत्पादनमा माटो सुहाउदो वाली लगाई लाभ लिन सक्ने गरी बालीको विविधीकरणका लागि कृषक स्तरमा विभिन्न प्रोत्साहनका कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाउने , • संघ तथा प्रदेश सरकारबाट कृषि विकासका लागी संचालित अनुदान सहितका विभिन्न प्रोत्साहनमा आधारित कार्यक्रमको विषयमा कृषकहरुलाई जानकारी गराई तदनुरुप लाभ लिन प्राविधिक सेवा तथा सहयोग उपलव्ध गराउने , • कृषिजन्य प्राकृतिक प्रकोप तथा महामारी रोग नियन्त्रणको पूर्व तयारी सम्वन्धि कामहरु गर्ने गराउने , • कृषक समूह गठन, कृषक सहकारी स्थापना र संचालनमा प्राविधिक सेवा सहित प्रोत्साहन दिने • उच्च मूल्यका कृषिजन्य उत्पादनहरु प्रति किसानलाई आकर्षित गर्न त्यस्ता बस्तुहरुको बारेमा जानकारी दिने र उत्पादन तथा बजारीकरणमा कृषकलाई सहयोग गर्ने ,

२०	३११५९	अन्य सार्वजनिक निर्माण	२,१९,५०,०००.००	२,१७,३२,५८५.००	२,०९,२४,१७३.००	८,०८,४१२.००	२,१७,३२,५८५.००	१,००,००,०००.००	१,१७,३२,५८५.००	२,१७,४१५.००
२१	३११६१	निर्मित भवनको संरचनात्मक सुधार खर्च	४,००,०००.००	३,९३,२०८.००	३,९३,२०८.००	०.००	३,९३,२०८.००	०.००	३,९३,२०८.००	६,७९२.००
२	नेपाल सरकार - शसर्त अनुदान चालु : नेपाल सरकार - नगद अनुदान		१२,२५,९७,०००.००	१०,८६,२९,०५६.२०	८,५३,५९,०८१.५२	२,३२,६९,९७४.६८	१०,८६,२९,०५६.२०	०.००	१०,८६,२९,०५६.२०	१,३९,६७,९४३.८०
१	२१११११	पारिश्रमिक कर्मचारी	९,०७,५२,०००.००	८,२९,५५,४९२.२०	६,४१,७४,०३०.५२	१,८७,८१,४६१.६८	८,२९,५५,४९२.२०	०.००	८,२९,५५,४९२.२०	७७,९६,५०७.८०
२	२११२२१	पोशाक	१०,०००.००	१०,०००.००	१०,०००.००	०.००	१०,०००.००	०.००	१०,०००.००	०.००
३	२११३३१	स्थानीय भत्ता	४८,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	४८,०००.००
४	२११३९	अन्य भत्ता	११,००,०००.००	१०,९८,०००.००	९,५७,०००.००	१,४१,०००.००	१०,९८,०००.००	०.००	१०,९८,०००.००	२,०००.००
५	२२३१३	पुस्तक तथा सामग्री खर्च	१५,६६,०००.००	१५,६६,०००.००	१५,६६,०००.००	०.००	१५,६६,०००.००	०.००	१५,६६,०००.००	०.००
६	२२४१३	करार सेवा शुल्क	५७,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	५७,०००.००

घ्याङलेख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुली
कार्यालयको कोड : ८०३२५५०२३००

म.ले.प.फा.नं. २१०

खर्चको फांटवारी
८० साल असार महिना

आ.व. : २०७९/८० महिना : असार

SN	खर्च संकेत नं.	खर्च शीर्षक	अन्तिम बजेट	यस महिना सम्मको निकासा	गत महिना सम्मको खर्च	यस महिनाको खर्च	यस महिना सम्मको खर्च	पेश्की	पेश्की कटाई बाँकी खर्च	बजेट बाँकी
१	२	३	४	५	६	७	८=(६+७)	९	१०=(८-९)	११=(४-८)
७	२२५१२	सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च	२०,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	२०,०००.००
८	२२५२१	उत्पादन सामग्री / सेवा खर्च	७,६२,०००.००	७,४६,१३४.००	६,०६,१३४.००	१,४०,०००.००	७,४६,१३४.००	०.००	७,४६,१३४.००	१५,८६६.००
९	२२५२२	कार्यक्रम खर्च	१,०८,७०,०००.००	७७,२३,६७१.००	४९,१६,७०८.००	२८,०६,९६३.००	७७,२३,६७१.००	०.००	७७,२३,६७१.००	३१,४६,३२९.००
१०	२२५२९	विविध कार्यक्रम खर्च	७,९०,०००.००	१,७९,५५०.००	७९,५५०.००	१,००,०००.००	१,७९,५५०.००	०.००	१,७९,५५०.००	६,१०,४५०.००
११	२२७११	विविध खर्च	२१,५६,०००.००	८,२६,९७५.००	१,६८,१७५.००	६,५८,८००.००	८,२६,९७५.००	०.००	८,२६,९७५.००	१३,२९,०२५.००
१२	२५३११	शैक्षिक संस्थाहरूलाई सहायता	६३,९६,०००.००	५७,१४,८००.००	५७,५१,३५०.००	(३६,५५०.००)	५७,१४,८००.००	०.००	५७,१४,८००.००	६,८१,२००.००
१३	२६३१२	स्थानीय तहलाइ सःशर्त चालु अनुदान	६,६५,०००.००	६,४५,०००.००	०.००	६,४५,०००.००	६,४५,०००.००	०.००	६,४५,०००.००	२०,०००.००
१४	२७२११	छात्रवृत्ति	३९,११,०००.००	३७,०९,४५०.००	३७,०९,४५०.००	०.००	३७,०९,४५०.००	०.००	३७,०९,४५०.००	२,०१,५५०.००
१५	२७२१३	औषधीखरिद खर्च	३३,८५,०००.००	३३,५६,८३४.००	३३,५६,८३४.००	०.००	३३,५६,८३४.००	०.००	३३,५६,८३४.००	२८,१६६.००
१६	२८१४९	अन्य भाडा	१,०९,०००.००	९७,१५०.००	६३,८५०.००	३३,३००.००	९७,१५०.००	०.००	९७,१५०.००	११,८५०.००
३	नेपाल सरकार - शसर्त अनुदान चालु : आई डि ए - सोझै भुक्तानी ऋण (बैदेशिक)		४,००,०००.००	३,०२,१३९.००	२,६७,४०९.००	३४,७३०.००	३,०२,१३९.००	०.००	३,०२,१३९.००	९७,८६१.००
१	२१११११	पारिश्रमिक कर्मचारी	४,००,०००.००	३,०२,१३९.००	२,६७,४०९.००	३४,७३०.००	३,०२,१३९.००	०.००	३,०२,१३९.००	९७,८६१.००
४	नेपाल सरकार - शसर्त अनुदान चालु : आई डि ए - सोधभर्ना हुने ऋण (बैदेशिक)		४६,१९,०००.००	४३,५०,९९०.००	१६,००,२१३.००	२७,५०,७७७.००	४३,५०,९९०.००	०.००	४३,५०,९९०.००	२,६८,०१०.००
१	२१११११	पारिश्रमिक कर्मचारी	३४,७२,०००.००	३४,६७,८७२.००	१०,३८,८७५.००	२४,२८,९९७.००	३४,६७,८७२.००	०.००	३४,६७,८७२.००	४,१२८.००
२	२११२१	पोशाक	२०,०००.००	१०,०००.००	१०,०००.००	०.००	१०,०००.००	०.००	१०,०००.००	१०,०००.००
३	२११३१	स्थानीय भत्ता	७८,०००.००	३४,७३०.००	०.००	३४,७३०.००	३४,७३०.००	०.००	३४,७३०.००	४३,२७०.००
४	२११३३	फिल्ड भत्ता	१,२०,०००.००	१,२०,०००.००	९१,३५०.००	२८,६५०.००	१,२०,०००.००	०.००	१,२०,०००.००	०.००
५	२२११२	संचार महसुल	७,०००.००	७,०००.००	०.००	७,०००.००	७,०००.००	०.००	७,०००.००	०.००
६	२२३११	मसलन्द तथा कार्यालय सामाग्री	३,३०,०००.००	२,९४,५१८.००	२,६६,५१८.००	२८,०००.००	२,९४,५१८.००	०.००	२,९४,५१८.००	३५,४८२.००
७	२२४१३	करार सेवा शुल्क	१,१८,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	१,१८,०००.००
८	२२५२२	कार्यक्रम खर्च	९०,०००.००	९०,०००.००	९०,०००.००	०.००	९०,०००.००	०.००	९०,०००.००	०.००
९	२२७११	विविध खर्च	३,८४,०००.००	३,२६,८७०.००	१,०३,४७०.००	२,२३,४००.००	३,२६,८७०.००	०.००	३,२६,८७०.००	५७,१३०.००
१०	३११३४	कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च	३,००,०००.००	२,५१,३०८.००	०.००	२,५१,३०८.००	२,५१,३०८.००	०.००	२,५१,३०८.००	४८,६९२.००
५	नेपाल सरकार - शसर्त अनुदान चालु : एस.इ.एस.पी. - सोधभर्ना अनुदान (बैदेशिक)		३२,३०,०००.००	१५,७६,३३३.००	१,५२,०००.००	१४,२४,३३३.००	१५,७६,३३३.००	०.००	१५,७६,३३३.००	१६,५३,६६७.००
१	२११११	पारिश्रमिक कर्मचारी	९,१९,०००.००	९,१९,०००.००	०.००	९,१९,०००.००	९,१९,०००.००	०.००	९,१९,०००.००	०.००
२	२२३१५	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	२,७९,०००.००	५०,०००.००	०.००	५०,०००.००	५०,०००.००	०.००	५०,०००.००	२,२९,०००.००
३	२२५२१	उत्पादन सामग्री / सेवा खर्च	१,११,०००.००	१,११,०००.००	१,११,०००.००	०.००	१,११,०००.००	०.००	१,११,०००.००	०.००
४	२२५२२	कार्यक्रम खर्च	२,९५,०००.००	१६,५९९.००	०.००	१६,५९९.००	१६,५९९.००	०.००	१६,५९९.००	२,७८,४०१.००

घ्याङलेख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुली
कार्यालयको कोड : ८०३२५५०२३००

खर्चको फांटवारी
८० साल असार महिना

आ.व. : २०७९/८० महिना : असार

SN	खर्च संकेत नं.	खर्च शीर्षक	अन्तिम बजेट	यस महिना सम्मको निकासा	गत महिना सम्मको खर्च	यस महिनाको खर्च	यस महिना सम्मको खर्च	पेश्की	पेश्की कटाई बाँकी खर्च	बजेट बाँकी
१	२	३	४	५	६	७	८=(६+७)	९	१०=(८-९)	११=(४-८)
५	२२७११	विविध खर्च	२,६३,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	२,६३,०००.००
६	२५३११	शैक्षिक संस्थाहरूलाई सहायता	६,६६,०००.००	२,४३,०००.००	४१,०००.००	२,०२,०००.००	२,४३,०००.००	०.००	२,४३,०००.००	४,२३,०००.००
७	२७२११	छात्रवृत्ति	६,९७,०००.००	२,३६,७३४.००	०.००	२,३६,७३४.००	२,३६,७३४.००	०.००	२,३६,७३४.००	४,६०,२६६.००
६	नेपाल सरकार - शसर्त अनुदान चालु : एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक)		६४,५७,०००.००	४७,२१,३५६.३८	२४,२६,२८६.४८	२२,९५,०६९.९०	४७,२१,३५६.३८	०.००	४७,२१,३५६.३८	१७,३५,६४३.६२
१	२१११११	पारिश्रमिक कर्मचारी	१८,३५,०००.००	१६,०९,०१५.९०	९,००,०००.००	७,०९,०१५.९०	१६,०९,०१५.९०	०.००	१६,०९,०१५.९०	२,२५,९८४.१०
२	२२३१५	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	५,६८,०००.००	४,२९,६८६.४८	४,२९,६८६.४८	०.००	४,२९,६८६.४८	०.००	४,२९,६८६.४८	१,३८,३१३.५२
३	२२५२१	उत्पादन सामग्री / सेवा खर्च	२,२६,०००.००	२,२६,०००.००	२,२६,०००.००	०.००	२,२६,०००.००	०.००	२,२६,०००.००	०.००
४	२२५२२	कार्यक्रम खर्च	१,२२,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	१,२२,०००.००
५	२२५२९	विविध कार्यक्रम खर्च	५,३६,०००.००	१,९८,८१४.००	०.००	१,९८,८१४.००	१,९८,८१४.००	०.००	१,९८,८१४.००	३,३७,१८६.००
६	२५३११	शैक्षिक संस्थाहरूलाई सहायता	१७,५२,०००.००	११,०५,६००.००	८,७०,६००.००	२,३५,०००.००	११,०५,६००.००	०.००	११,०५,६००.००	६,४६,४००.००
७	२७२११	छात्रवृत्ति	१४,१८,०००.००	११,५२,२४०.००	०.००	११,५२,२४०.००	११,५२,२४०.००	०.००	११,५२,२४०.००	२,६५,७६०.००
७	नेपाल सरकार - शसर्त अनुदान चालु : युरोपियन युनियन - नगद अनुदान (बैदेशिक)		१४,००,०००.००	१३,९७,६६६.००	१,४८,८५०.००	१२,४८,८१६.००	१३,९७,६६६.००	०.००	१३,९७,६६६.००	२,३३४.००
१	२२५२२	कार्यक्रम खर्च	९,००,०००.००	९,००,०००.००	०.००	९,००,०००.००	९,००,०००.००	०.००	९,००,०००.००	०.००
२	२२५२९	विविध कार्यक्रम खर्च	५,००,०००.००	४,९७,६६६.००	१,४८,८५०.००	३,४८,८१६.००	४,९७,६६६.००	०.००	४,९७,६६६.००	२,३३४.००
८	नेपाल सरकार - शसर्त अनुदान चालु : नेपाल सरकार - नगद (आन्तरिक ऋण)		३,००,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	३,००,०००.००
१	२२५२२	कार्यक्रम खर्च	३,००,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	३,००,०००.००
९	नेपाल सरकार - शसर्त अनुदान पुँजीगत : आन्तरिक ऋण - नगद ऋण		८८,७५,०००.००	७८,६१,६१५.००	६८,८२,९१६.००	९,७८,६९९.००	७८,६१,६१५.००	०.००	७८,६१,६१५.००	१०,१३,३८५.००
१	३११२२	मेशिनरी तथा औजार	४,००,०००.००	३,९८,८९०.००	३,९८,८९०.००	०.००	३,९८,८९०.००	०.००	३,९८,८९०.००	१,११०.००
२	३११३४	कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च	१३,००,०००.००	१२,९६,११०.००	६,४८,०५५.००	६,४८,०५५.००	१२,९६,११०.००	०.००	१२,९६,११०.००	३,८९०.००
३	३११५१	सडक तथा पूल निर्माण	१,९०,००,०००.००	१,८३,६६,२७१.००	१,५५,३०,६२७.००	२८,३५,६४४.००	१,८३,६६,२७१.००	६,५०,०००.००	१,७७,१६,२७१.००	६,३३,७२९.००
४	३११५३	विद्युत संरचना निर्माण	८,००,०००.००	७,९९,५९०.००	७,९९,५९०.००	०.००	७,९९,५९०.००	०.००	७,९९,५९०.००	४१०.००
५	३११५६	खानेपानी संरचना निर्माण	३,७५,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	३,७५,०००.००
१०	नेपाल सरकार - शसर्त अनुदान पुँजीगत : आई डि ए - सोधभर्ना हुने ऋण (बैदेशिक)		३,००,०००.००	२,५१,३०८.००	०.००	२,५१,३०८.००	२,५१,३०८.००	०.००	२,५१,३०८.००	४८,६९२.००
१	२१११११	पारिश्रमिक कर्मचारी	३४,७२,०००.००	३४,६७,८७२.००	१०,३८,८७५.००	२४,२८,९९७.००	३४,६७,८७२.००	०.००	३४,६७,८७२.००	४,१२८.००
२	२११२१	पोशाक	२०,०००.००	१०,०००.००	१०,०००.००	०.००	१०,०००.००	०.००	१०,०००.००	१०,०००.००

घ्याङलेख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुली
कार्यालयको कोड : ८०३२५५०२३००

खर्चको फांटवारी
८० साल असार महिना

आ.व. : २०७९/८० महिना : असार

SN	खर्च संकेत नं.	खर्च शीर्षक	अन्तिम बजेट	यस महिना सम्मको निकासा	गत महिना सम्मको खर्च	यस महिनाको खर्च	यस महिना सम्मको खर्च	पेश्की	पेश्की कटाई बाँकी खर्च	बजेट बाँकी
१	२	३	४	५	६	७	८=(६+७)	९	१०=(८-९)	११=(४-८)
३	२११३१	स्थानीय भत्ता	७८,०००.००	३४,७३०.००	०.००	३४,७३०.००	३४,७३०.००	०.००	३४,७३०.००	४३,२७०.००
४	२११३३	फिल्ड भत्ता	१,२०,०००.००	१,२०,०००.००	९१,३५०.००	२८,६५०.००	१,२०,०००.००	०.००	१,२०,०००.००	०.००
५	२२११२	संचार महसुल	७,०००.००	७,०००.००	०.००	७,०००.००	७,०००.००	०.००	७,०००.००	०.००
६	२२३११	मसलन्द तथा कार्यालय सामाग्री	३,३०,०००.००	२,९४,५१८.००	२,६६,५१८.००	२८,०००.००	२,९४,५१८.००	०.००	२,९४,५१८.००	३५,४८२.००
७	२२४१३	करार सेवा शुल्क	१,१८,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	१,१८,०००.००
८	२२५२२	कार्यक्रम खर्च	९०,०००.००	९०,०००.००	९०,०००.००	०.००	९०,०००.००	०.००	९०,०००.००	०.००
९	२२७११	विविध खर्च	३,८४,०००.००	३,२६,८७०.००	१,०३,४७०.००	२,२३,४००.००	३,२६,८७०.००	०.००	३,२६,८७०.००	५७,१३०.००
१०	३११३४	कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च	३,००,०००.००	२,५१,३०८.००	०.००	२,५१,३०८.००	२,५१,३०८.००	०.००	२,५१,३०८.००	४८,६९२.००
११	नेपाल सरकार - समपुरक अनुदान पुँजीगत : आन्तरिक ऋण - नगद ऋण		१,३०,००,०००.००	१,२९,९९,२४६.००	१,०४,९४,२४६.००	२५,०५,०००.००	१,२९,९९,२४६.००	६,५०,०००.००	१,२३,४९,२४६.००	७५४.००
१	३११२२	मेशिनरी तथा औजार	४,००,०००.००	३,९८,८९०.००	३,९८,८९०.००	०.००	३,९८,८९०.००	०.००	३,९८,८९०.००	१,११०.००
२	३११३४	कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च	१३,००,०००.००	१२,९६,११०.००	६,४८,०५५.००	६,४८,०५५.००	१२,९६,११०.००	०.००	१२,९६,११०.००	३,८९०.००
३	३११५१	सडक तथा पूल निर्माण	१,९०,००,०००.००	१,८३,६६,२७१.००	१,५५,३०,६२७.००	२८,३५,६४४.००	१,८३,६६,२७१.००	६,५०,०००.००	१,७७,१६,२७१.००	६,३३,७२९.००
४	३११५३	विद्युत संरचना निर्माण	८,००,०००.००	७,९९,५९०.००	७,९९,५९०.००	०.००	७,९९,५९०.००	०.००	७,९९,५९०.००	४१०.००
५	३११५६	खानेपानी संरचना निर्माण	३,७५,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	३,७५,०००.००
१२	बागमती प्रदेश - समानिकरण अनुदान : बागमती प्रदेश - नगद अनुदान		६३,७६,०००.००	३९,३८,८०५.००	३४,४४,३०५.००	४,९४,५००.००	३९,३८,८०५.००	०.००	३९,३८,८०५.००	२४,३७,१९५.००
१	२१११९	पारिश्रमिक कर्मचारी	१८,९४,५००.००	२९,७२,३०५.००	२४,७७,८०५.००	४,९४,५००.००	२९,७२,३०५.००	०.००	२९,७२,३०५.००	(१०,७७,८०५.००)
२	२२३१९	अन्य कार्यालय संचालन खर्च	१४,५००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	१४,५००.००
३	२२५२९	विविध कार्यक्रम खर्च	०.००	०.००	०.००	०.००	०.००	०.००	०.००	०.००
४	२७२१९	अन्य सामाजिक सहायता	२५,००,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	२५,००,०००.००
५	३११५१	सडक तथा पूल निर्माण	१९,६७,०००.००	९,६६,५००.००	९,६६,५००.००	०.००	९,६६,५००.००	०.००	९,६६,५००.००	१०,००,५००.००
१३	बागमती प्रदेश - शसर्त अनुदान चालु : बागमती प्रदेश - नगद अनुदान		२,१३,९०,०००.००	१,७५,११,३७९.०२	८१,७४,२३३.०२	९३,३७,१४६.००	१,७५,११,३७९.०२	०.००	१,७५,११,३७९.०२	३८,७८,६२०.९८
१	२१११९	पारिश्रमिक कर्मचारी	४,६२,०००.००	५,२३,२६४.०२	४,८१,५८८.०२	४१,६७६.००	५,२३,२६४.०२	०.००	५,२३,२६४.०२	(६१,२६४.०२)
२	२२५२२	कार्यक्रम खर्च	२६,५६,०००.००	२२,२६,७७३.००	८,९८,६७२.००	१३,२८,१०१.००	२२,२६,७७३.००	०.००	२२,२६,७७३.००	४,२९,२२७.००
३	२२५२९	विविध कार्यक्रम खर्च	१,५०,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	१,५०,०००.००
४	२५३१२	स्वास्थ संस्थाहरूलाई सहायता	२,५०,०००.००	२,५०,०००.००	२,५०,०००.००	०.००	२,५०,०००.००	०.००	२,५०,०००.००	०.००
५	२७२१२	उद्दार, राहत तथा पुनर्स्थापना खर्च	७२,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	७२,०००.००
६	२७२१९	अन्य सामाजिक सहायता	३,००,०००.००	३,००,०००.००	०.००	३,००,०००.००	३,००,०००.००	०.००	३,००,०००.००	०.००

घ्याङलेख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुली
कार्यालयको कोड : ८०३२५५०२३००

म.ले.प.फा.नं. २१०

खर्चको फांटवारी
८० साल असार महिना

आ.व. : २०७९/८० महिना : असार

SN	खर्च संकेत नं.	खर्च शीर्षक	अन्तिम बजेट	यस महिना सम्मको निकासा	गत महिना सम्मको खर्च	यस महिनाको खर्च	यस महिना सम्मको खर्च	पेश्की	पेश्की कटाई बाँकी खर्च	बजेट बाँकी
१	२	३	४	५	६	७	८=(६+७)	९	१०=(८-९)	११=(४-८)
७	३११५१	सडक तथा पूल निर्माण	१,००,००,०००.००	९४,१९,९४६.००	२५,१०,६७६.००	६९,०९,२७०.००	९४,१९,९४६.००	०.००	९४,१९,९४६.००	५,८०,०५४.००
८	३११५४	तटबन्ध तथा बाँधनिर्माण	२५,००,०००.००	२४,७४,०००.००	२४,७४,०००.००	०.००	२४,७४,०००.००	०.००	२४,७४,०००.००	२६,०००.००
९	३११५६	खानेपानी संरचना निर्माण	२५,००,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	२५,००,०००.००
१०	३११५९	अन्य सार्वजनिक निर्माण	२५,००,०००.००	२३,१७,३९६.००	१५,५९,२९७.००	७,५८,०९९.००	२३,१७,३९६.००	०.००	२३,१७,३९६.००	१,८२,६०४.००
१४	राजस्व बाँडफाँड - प्रदेश सरकार - राजस्व बाँडफाँड : राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद		१,७२,७९,०००.००	६८,५०,८५४.४८	६८,५३,७४४.००	(२,८८९.५२)	६८,५०,८५४.४८	०.००	६८,५०,८५४.४८	१,०४,२८,१४५.५२
१	२११३२	महंगी भत्ता	१०,००,०००.००	६,१२,०००.००	५,८६,०००.००	२६,०००.००	६,१२,०००.००	०.००	६,१२,०००.००	३,८८,०००.००
२	२११३३	फिल्ड भत्ता	१५,००,०००.००	२,२८,२४४.००	१,८४,२४४.००	४४,०००.००	२,२८,२४४.००	०.००	२,२८,२४४.००	१२,७१,७५६.००
३	२११३९	अन्य भत्ता	७९,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	७९,०००.००
४	२१२११	कर्मचारीको सामाजिक सुरक्षा कोष खर्च	२०,००,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	२०,००,०००.००
५	२१२१४	कर्मचारी कल्याण कोष	०.००	०.००	०.००	०.००	०.००	०.००	०.००	०.००
६	२२५१२	सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च	०.००	०.००	०.००	०.००	०.००	०.००	०.००	०.००
७	२२५२९	विविध कार्यक्रम खर्च	४,०५,०००.००	५७,४४०.००	२६,३९०.००	३१,०५०.००	५७,४४०.००	०.००	५७,४४०.००	३,४७,५६०.००
८	२२६१२	भ्रमण खर्च	७,००,०००.००	३,८३,५४८.००	३,८३,५४८.००	०.००	३,८३,५४८.००	०.००	३,८३,५४८.००	३,१६,४५२.००
९	२७२१२	उद्दार, राहत तथा पुनर्स्थापना खर्च	७,५०,०००.००	४,९२,४५०.००	३,६२,४५०.००	१,३०,०००.००	४,९२,४५०.००	०.००	४,९२,४५०.००	२,५७,५५०.००
१०	२७२१३	औषधीखरिद खर्च	२,४५,०००.००	२,४५,०००.००	२,४५,०००.००	०.००	२,४५,०००.००	०.००	२,४५,०००.००	०.००
११	२७२१९	अन्य सामाजिक सहायता	१,००,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	१,००,०००.००
१२	२८१४९	अन्य भाडा	४,००,०००.००	१,३६,९००.००	१,०४,८००.००	३२,१००.००	१,३६,९००.००	०.००	१,३६,९००.००	२,६३,१००.००
१३	३११२१	सवारी साधन	१८,००,०००.००	२३,९००.००	०.००	२३,९००.००	२३,९००.००	०.००	२३,९००.००	१७,७६,१००.००
१४	३११२२	मेशिनरी तथा औजार	६,२५,०००.००	६,२५,०००.००	६,२५,०००.००	०.००	६,२५,०००.००	०.००	६,२५,०००.००	०.००
१५	३११२३	फर्निचर तथा फिक्चर्स	२५,००,०००.००	१२,५८,२८२.००	१२,५८,२८२.००	०.००	१२,५८,२८२.००	०.००	१२,५८,२८२.००	१२,४१,७१८.००
१६	३११३१	पशुधन तथा बागवानी विकास खर्च	५,००,०००.००	२,१०,०६०.४८	५,००,०००.००	(२,८९,९३९.५२)	२,१०,०६०.४८	०.००	२,१०,०६०.४८	२,८९,९३९.५२
१७	३११३४	कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च	१५,००,०००.००	१२,७८,०३०.००	१२,७८,०३०.००	०.००	१२,७८,०३०.००	०.००	१२,७८,०३०.००	२,२१,९७०.००
१८	३११३५	पूँजीगत परामर्श खर्च	१५,००,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	१५,००,०००.००
१९	३११५१	सडक तथा पूल निर्माण	१३,००,०००.००	१३,००,०००.००	१३,००,०००.००	०.००	१३,००,०००.००	०.००	१३,००,०००.००	०.००
२०	३१५११	भैपरी आउने पूँजीगत	३,७५,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	३,७५,०००.००
१५	राजस्व बाँडफाँड - संघीय सरकार - राजस्व बाँडफाँड : राजस्व बाँडफाँड - संघीय सरकार - नगद		७,७०,८५,०००.००	५,६५,९६,१५६.७३	४,७८,६४,९१३.५३	८७,३१,२४३.२०	५,६५,९६,१५६.७३	९,५८,८९७.००	५,५६,३७,२५९.७३	२,०४,८८,८४३.२७

घ्याङलेख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुली
कार्यालयको कोड : ८०३२५५०२३००

म.ले.प.फा.नं. २१०

खर्चको फांटवारी
८० साल असार महिना

आ.व. : २०७९/८० महिना : असार

SN	खर्च संकेत नं.	खर्च शीर्षक	अन्तिम बजेट	यस महिना सम्मको निकासा	गत महिना सम्मको खर्च	यस महिनाको खर्च	यस महिना सम्मको खर्च	पेश्की	पेश्की कटाई बाँकी खर्च	बजेट बाँकी
१	२	३	४	५	६	७	८=(६+७)	९	१०=(८-९)	११=(४-८)
१	२१११	पारिश्रमिक कर्मचारी	३,१७,३५,०००.००	२,२९,००,९५६.७५	२,१०,९८,७५१.५५	१८,०२,२०५.२०	२,२९,००,९५६.७५	०.००	२,२९,००,९५६.७५	८८,३४,०४३.२५
२	२१११२	पारिश्रमिक पदाधिकारी	५०,००,०००.००	४६,०५,७८८.००	४१,२४,५४६.००	४,८१,२४२.००	४६,०५,७८८.००	०.००	४६,०५,७८८.००	३,९४,२१२.००
३	२११२१	पोशाक	८,००,०००.००	४,७०,०००.००	४,७०,०००.००	०.००	४,७०,०००.००	०.००	४,७०,०००.००	३,३०,०००.००
४	२११३२	महंगी भत्ता	५,००,०००.००	६६,०००.००	६०,०००.००	६,०००.००	६६,०००.००	०.००	६६,०००.००	४,३४,०००.००
५	२११३४	कर्मचारीको बैठक भत्ता	५,००,०००.००	४,५३,०००.००	४,५३,०००.००	०.००	४,५३,०००.००	०.००	४,५३,०००.००	४७,०००.००
६	२११३५	कर्मचारी प्रोत्साहन तथा पुरस्कार	२,००,०००.००	१,७५,०००.००	१,२५,०००.००	५०,०००.००	१,७५,०००.००	०.००	१,७५,०००.००	२५,०००.००
७	२११३९	अन्य भत्ता	३५,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	३५,०००.००
८	२१२१४	कर्मचारी कल्याण कोष	१०,००,०००.००	१८,४५१.९८	१८,४५१.९८	०.००	१८,४५१.९८	०.००	१८,४५१.९८	९,८१,५४८.०२
९	२२१११	पानी तथा बिजुली	४,००,०००.००	३,२६९.००	३,२६९.००	०.००	३,२६९.००	०.००	३,२६९.००	३,९६,७३१.००
१०	२२११२	संचार महसुल	१०,००,०००.००	७,३७,९६०.००	६,६७,२१०.००	७०,७५०.००	७,३७,९६०.००	०.००	७,३७,९६०.००	२,६२,०४०.००
११	२२२१२	इन्धन (कार्यालय प्रयोजन)	२५,००,०००.००	१९,४२,९०७.००	११,५०,८४१.००	७,९२,०६६.००	१९,४२,९०७.००	०.००	१९,४२,९०७.००	५,५७,०९३.००
१२	२२२१३	सवारी साधन मर्मत खर्च	२५,००,०००.००	२४,४९,६०४.००	२२,१३,२६९.००	२,३६,३३५.००	२४,४९,६०४.००	०.००	२४,४९,६०४.००	५०,३९६.००
१३	२२२१४	बिमा तथा नवीकरण खर्च	१०,००,०००.००	३,०६,८६४.००	३,०६,८६४.००	०.००	३,०६,८६४.००	०.००	३,०६,८६४.००	६,९३,१३६.००
१४	२२२२१	मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	१०,००,०००.००	१,९४,३५०.००	५२,८८०.००	१,४१,४७०.००	१,९४,३५०.००	०.००	१,९४,३५०.००	८,०५,६५०.००
१५	२२२३१	निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च	७,००,०००.००	१,६५,४०३.००	०.००	१,६५,४०३.००	१,६५,४०३.००	०.००	१,६५,४०३.००	५,३४,५९७.००
१६	२२३११	मसलन्द तथा कार्यालय सामाग्री	३०,००,०००.००	३०,००,०००.००	३०,००,०००.००	०.००	३०,००,०००.००	९,५८,८९७.००	२०,४१,१०३.००	०.००
१७	२२३१३	पुस्तक तथा सामग्री खर्च	५,००,०००.००	५,००,०००.००	५,००,०००.००	०.००	५,००,०००.००	०.००	५,००,०००.००	०.००
१८	२२३१५	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	१५,००,०००.००	१४,०३,४१२.००	११,३४,४६२.००	२,६८,९५०.००	१४,०३,४१२.००	०.००	१४,०३,४१२.००	९६,५८८.००
१९	२२३१९	अन्य कार्यालय संचालन खर्च	०.००	०.००	०.००	०.००	०.००	०.००	०.००	०.००
२०	२२४११	सेवा र परामर्श खर्च	१०,००,०००.००	४,९१,२९४.००	४,९१,२९४.००	०.००	४,९१,२९४.००	०.००	४,९१,२९४.००	५,०८,७०६.००
२१	२२५११	कर्मचारी तालिम खर्च	५,००,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	५,००,०००.००
२२	२२५१२	सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च	७,५०,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	७,५०,०००.००
२३	२२५२२	कार्यक्रम खर्च	५,००,०००.००	२,६२,०००.००	०.००	२,६२,०००.००	२,६२,०००.००	०.००	२,६२,०००.००	२,३८,०००.००
२४	२२५२९	विविध कार्यक्रम खर्च	२७,५०,०००.००	२०,८७,८७०.००	१५,१४,८९५.००	५,७२,९७५.००	२०,८७,८७०.००	०.००	२०,८७,८७०.००	६,६२,१३०.००
२५	२२६११	अनुगमन, मूल्यांकन खर्च	२७,००,०००.००	२४,१८,४००.००	२१,४५,६००.००	२,७२,८००.००	२४,१८,४००.००	०.००	२४,१८,४००.००	२,८१,६००.००
२६	२२६१२	भ्रमण खर्च	३,००,०००.००	१,२९,४००.००	१,२९,४००.००	०.००	१,२९,४००.००	०.००	१,२९,४००.००	१,७०,६००.००
२७	२२७११	विविध खर्च	२२,५०,०००.००	२२,४५,६१४.००	२०,८६,६५८.००	१,५८,९५६.००	२२,४५,६१४.००	०.००	२२,४५,६१४.००	४,३८६.००
२८	२७२१९	अन्य सामाजिक सहायता	५,००,०००.००	५,००,०००.००	५,००,०००.००	०.००	५,००,०००.००	०.००	५,००,०००.००	०.००

घ्याङलेख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुली
कार्यालयको कोड : ८०३२५५०२३००

खर्चको फांटवारी
८० साल असार महिना

आ.व. : २०७९/८० महिना : असार

SN	खर्च संकेत नं.	खर्च शीर्षक	अन्तिम बजेट	यस महिना सम्मको निकासा	गत महिना सम्मको खर्च	यस महिनाको खर्च	यस महिना सम्मको खर्च	पेश्की	पेश्की कटाई बाँकी खर्च	बजेट बाँकी
१	२	३	४	५	६	७	८=(६+७)	९	१०=(८-९)	११=(४-८)
२९	२८१४२	घरभाडा	२०,००,०००.००	८,४३,२६१.००	६,५७,१७०.००	१,८६,०९१.००	८,४३,२६१.००	०.००	८,४३,२६१.००	११,५६,७३९.००
३०	३१११३	निर्मित भवनको संरचनात्मक सुधार खर्च	३,६५,०००.००	३,२२,१९०.००	३,२२,१९०.००	०.००	३,२२,१९०.००	०.००	३,२२,१९०.००	४२,८१०.००
३१	३११३५	पूँजीगत परामर्श खर्च	७०,००,०००.००	५३,५६,१६२.००	२१,३९,१६२.००	३२,१७,०००.००	५३,५६,१६२.००	०.००	५३,५६,१६२.००	१६,४३,८३८.००
३२	३११५१	सडक तथा पूल निर्माण	२६,००,०००.००	२५,४७,०००.००	२५,००,०००.००	४७,०००.००	२५,४७,०००.००	०.००	२५,४७,०००.००	५३,०००.००
१६	सडक बोर्ड - आन्तरिक श्रोत : सडक बोर्ड - नगद		१२,००,०००.००	११,७५,१००.००	११,७५,१००.००	०.००	११,७५,१००.००	०.००	११,७५,१००.००	२४,९००.००
१	३११५१	सडक तथा पूल निर्माण	१२,००,०००.००	११,७५,१००.००	११,७५,१००.००	०.००	११,७५,१००.००	०.००	११,७५,१००.००	२४,९००.००
१७	जिल्ला समन्वय समिति - आन्तरिक श्रोत : जिल्ला समन्वय समिति - नगद		७,५०,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	७,५०,०००.००
१	३११५९	अन्य सार्वजनिक निर्माण	७,५०,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	७,५०,०००.००
१८	आन्तरिक श्रोत - आन्तरिक श्रोत : आन्तरिक श्रोत - नगद		८,७४,३३,५००.००	५,७३,०१,२४२.२०	४,८७,३३,५००.००	८५,६७,७४२.२०	५,७३,०१,२४२.२०	०.००	५,७३,०१,२४२.२०	३,०१,३२,२५७.८०
१	२१११९	पारिश्रमिक कर्मचारी	१६,००,०००.००	१०,७२,४६९.२०	१३,८१,१६६.००	(३,०८,६९६.८०)	१०,७२,४६९.२०	०.००	१०,७२,४६९.२०	५,२७,५३०.८०
२	२११३१	स्थानीय भत्ता	२५,००,०००.००	१८,५३,३७२.००	१७,४५,३७२.००	१,०८,०००.००	१८,५३,३७२.००	०.००	१८,५३,३७२.००	६,४६,६२८.००
३	२११३४	कर्मचारीको बैठक भत्ता	०.००	०.००	०.००	०.००	०.००	०.००	०.००	०.००
४	२११३५	कर्मचारी प्रोत्साहन तथा पुरस्कार	५,५०,०००.००	२,४६,२३५.००	०.००	२,४६,२३५.००	२,४६,२३५.००	०.००	२,४६,२३५.००	३,०३,७६५.००
५	२११३९	अन्य भत्ता	३,७९,०००.००	१,५०,५००.००	८६,०००.००	६४,५००.००	१,५०,५००.००	०.००	१,५०,५००.००	२,२८,५००.००
६	२११४१	पदाधिकारी बैठक भत्ता	१५,००,०००.००	१०,८०,०००.००	३,९३,०००.००	६,८७,०००.००	१०,८०,०००.००	०.००	१०,८०,०००.००	४,२०,०००.००
७	२१२१९	अन्य सामाजिक सुरक्षा खर्च	४,००,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	४,००,०००.००
८	२२११११	पानी तथा बिजुली	४,००,०००.००	१,६३,२१४.००	४५,१५७.००	१,१८,०५७.००	१,६३,२१४.००	०.००	१,६३,२१४.००	२,३६,७८६.००
९	२२२१४	बिमा तथा नवीकरण खर्च	१५,००,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	१५,००,०००.००
१०	२२३१४	इन्धन - अन्य प्रयोजन	५,००,०००.००	५,००,०००.००	३,३३,३७५.००	१,६६,६२५.००	५,००,०००.००	०.००	५,००,०००.००	०.००
११	२२३१५	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	०.००	०.००	०.००	०.००	०.००	०.००	०.००	०.००
१२	२२३१९	अन्य कार्यालय संचालन खर्च	६,३५,५००.००	४,१८,२५३.००	०.००	४,१८,२५३.००	४,१८,२५३.००	०.००	४,१८,२५३.००	२,१७,२४७.००
१३	२२४१४	सरसफाईसेवा शुल्क	१,००,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	१,००,०००.००
१४	२२४१९	अन्य सेवा शुल्क	०.००	०.००	०.००	०.००	०.००	०.००	०.००	०.००
१५	२२५१२	सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च	६७,५०,०००.००	५३,७१,८०५.००	५३,७१,८०५.००	०.००	५३,७१,८०५.००	०.००	५३,७१,८०५.००	१३,७८,१९५.००
१६	२२५२१	उत्पादन सामग्री / सेवा खर्च	७,५०,०००.००	३,०७,८९१.००	२,९४,८९१.००	१३,०००.००	३,०७,८९१.००	०.००	३,०७,८९१.००	४,४२,१०९.००
१७	२२५२२	कार्यक्रम खर्च	६२,००,०००.००	१४,३४,६४२.००	११,१८,७६२.००	३,१५,८८०.००	१४,३४,६४२.००	०.००	१४,३४,६४२.००	४७,६५,३५८.००
१८	२२५२९	विविध कार्यक्रम खर्च	१७,७५,०००.००	११,३३,९२४.००	८,१३,८९०.००	३,२०,०३४.००	११,३३,९२४.००	०.००	११,३३,९२४.००	६,४१,०७६.००
१९	२२६११	अनुगमन, मूल्यांकन खर्च	१,५०,०००.००	५७,३८९.००	४६,३८९.००	११,०००.००	५७,३८९.००	०.००	५७,३८९.००	९२,६११.००

घ्याङलेख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुली
कार्यालयको कोड : ८०३२५५०२३००

खर्चको फांटवारी
८० साल असार महिना

आ.व. : २०७९/८० महिना : असार

SN	खर्च संकेत नं.	खर्च शीर्षक	अन्तिम बजेट	यस महिना सम्मको निकासा	गत महिना सम्मको खर्च	यस महिनाको खर्च	यस महिना सम्मको खर्च	पेश्की	पेश्की कटाई बाँकी खर्च	बजेट बाँकी
१	२	३	४	५	६	७	८=(६+७)	९	१०=(८-९)	११=(४-८)
२०	२२६१३	विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च	१,००,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	१,००,०००.००
२१	२२७११	विविध खर्च	८,९४,०००.००	५,११,६००.००	२,३९,७३३.००	२,७१,८६७.००	५,११,६००.००	०.००	५,११,६००.००	३,८२,४००.००
२२	२५१११	गैर वित्तीय संस्थानहरूलाई चालु सहायता	०.००	०.००	०.००	०.००	०.००	०.००	०.००	०.००
२३	२५१२१	वित्तीय संस्थानहरूलाई चालु सहायता	१,५०,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	१,५०,०००.००
२४	२७११२	अन्य सामाजिक सुरक्षा	५,००,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	५,००,०००.००
२५	२७२११	छात्रवृत्ति	३,००,०००.००	१,६०,०००.००	१,००,०००.००	६०,०००.००	१,६०,०००.००	०.००	१,६०,०००.००	१,४०,०००.००
२६	२७२१२	उद्धार, राहत तथा पुनर्स्थापना खर्च	३,००,०००.००	९८,३००.००	९८,३००.००	०.००	९८,३००.००	०.००	९८,३००.००	२,०१,७००.००
२७	२७२१३	औषधीखरिद खर्च	१९,५०,०००.००	१३,४९,५९६.००	९,२९,६५१.००	४,१९,९४५.००	१३,४९,५९६.००	०.००	१३,४९,५९६.००	६,००,४०४.००
२८	२८१४३	सवारी साधन तथा मेशिनर औजार भाडा	२,००,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	२,००,०००.००
२९	३११११२	गैर आवासीय भवन निर्माण/ खरिद	०.००	०.००	०.००	०.००	०.००	०.००	०.००	०.००
३०	३११११३	निर्मित भवनको संरचनात्मक सुधार खर्च	१२,००,०००.००	१०,३०,६७६.००	१०,३०,६७६.००	०.००	१०,३०,६७६.००	०.००	१०,३०,६७६.००	१,६९,३२४.००
३१	३११२२	मेशिनरी तथा औजार	१५,००,०००.००	३,०१,६००.००	३,०१,६००.००	०.००	३,०१,६००.००	०.००	३,०१,६००.००	११,९८,४००.००
३२	३११२३	फर्निचर तथा फिक्चर्स	४,००,०००.००	१,६२,०००.००	१,६२,०००.००	०.००	१,६२,०००.००	०.००	१,६२,०००.००	२,३८,०००.००
३३	३११५१	सडक तथा पूल निर्माण	३,२८,००,०००.००	२,८५,३२,७९६.००	२,५२,७८,६२५.००	३२,५४,१७१.००	२,८५,३२,७९६.००	०.००	२,८५,३२,७९६.००	४२,६७,२०४.००
३४	३११५४	तटबन्ध तथा बाँधनिर्माण	१३,००,०००.००	७,९२,२१३.००	७,९२,२१३.००	०.००	७,९२,२१३.००	०.००	७,९२,२१३.००	५,०७,७८७.००
३५	३११५५	सिंचाई संरचना निर्माण	२८,००,०००.००	१७,७४,०५४.००	१२,७४,०७०.००	४,९९,९८४.००	१७,७४,०५४.००	०.००	१७,७४,०५४.००	१०,२५,९४६.००
३६	३११५६	खानेपानी संरचना निर्माण	३,००,०००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	३,००,०००.००
३७	३११५९	अन्य सार्वजनिक निर्माण	१,५५,५०,०००.००	७३,३५,२६७.००	५४,३३,३७९.००	१९,०१,८८८.००	७३,३५,२६७.००	०.००	७३,३५,२६७.००	८२,१४,७३३.००
३८	३११६१	निर्मित भवनको संरचनात्मक सुधार खर्च	१५,००,०००.००	१४,६३,४४६.००	१४,६३,४४६.००	०.००	१४,६३,४४६.००	०.००	१४,६३,४४६.००	३६,५५४.००
		कुल जम्मा	४४,९५,९१,५००.००	३४,६४,७८,२९६.७१	२७,६२,००,९५८.९५	७,०२,७७,३३७.७६	३४,६४,७८,२९६.७१	१,१६,०८,८९७.००	३३,४८,६९,३९९.७१	१०,३१,१३,२०३.२९

मो.नं. ९८५४०८७८८८

घ्याङलेख गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हायूटार, सिन्धुली
वागमती प्रदेश, नेपाल

घ्याङलेख गाउँपालिका कार्यपालिकाको कार्यालय हायूटार, सिन्धुली वागमती प्रदेश, नेपाल २०७२

प.सं. :- ०७९/०८०
च.नं. :- १८९८

मिति :- २०८०/०३/२५

विषय :- चौमासिक प्रगति प्रतिवेदन पठाईएको सम्वन्धमा ।

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय
बागमती प्रदेश, हेटौंडा

प्रस्तुत विषयमा यस घ्याङलेख गाउँपालिका हायूटार, सिन्धुलीको न्यायिक समिति बाट आर्थिक वर्ष २०७९/२०८० चैत्र देखि असार सम्म भए गरेका कार्यहरुको प्रतिवेदन यसै साथ संलग्न गरि पठाईएको व्यहोरा अनुरोध छ ।

.....
रामकुमार बस्की
प्रमुख प्रशासकिय अधिकृत

अनुसूची–६

(दफा १७ को उपदफा (१) सँग सम्बन्धित)

मासिक प्रगति विवरण

२०८० साल असार महिनाको मासिक प्रगति विवरण ।

सि.नं.	सम्पादन गरेको कार्य विवरण	एकाई	गत महिना सम्मको संख्या	यस महिनाको संख्या	यस महिना सम्मको जम्मा संख्या	कैफियत
१	घ्याङलेख गाउँपालिकाको कार्यविधि,नीति नियम,कानून निर्माण गर्ने कार्य गरेको ।	०	०	०	०	यस महिना न्यायिक समिति मा कुनै विवाद दर्ता नभएको ।

सहजकर्ताको

नाम :प्रकाश खतिवडा

पद :न्यायिक सहजकर्ता

स्थानीय तह :घ्याङलेख गाउँपालिका

हस्ताक्षर :

प्रमाणीत गर्नेको

नाम:.रामकुमार कार्की

पद :प्रमुख प्रशासकिय अधिकृत

स्थानीय तह:घ्याङलेख गाउँपालिका

हस्ताक्षर :

०८०।४।२८

अनुसूची–६

(दफा १७ को उपदफा (१) सँग सम्बन्धित)

मासिक प्रगति विवरण

२०८० साल जेठ महिनाको मासिक प्रगति विवरण ।

सि.नं.	सम्पादन गरेको कार्य विवरण	एकाई	गत महिना सम्मको संख्या	यस महिनाको संख्या	यस महिना सम्मको जम्मा संख्या	कैफियत
१	लेनदेन		०	१	१	
			०	१	१	

सहजकर्ताको

नाम :प्रकाश खतिवडा

पद :न्यायिक सहजकर्ता

स्थानीय तह :घ्याङलेख गाउँपालिका

हस्ताक्षर :

प्रमाणीत गर्नेको

नाम: रामकुमार कार्की

पद : प्रमुख प्रशासकिय अधिकृत

स्थानीय तह:घ्याङलेख गाउँपालिका

हस्ताक्षर :

०८/१/२८

अनुसूची–६

(दफा १७(३) को उपदफा (१) सँग सम्बन्धित)

मासिक प्रगति विवरण

२०८० साल बैशाख महिनाको मासिक प्रगति विवरण ।

सि.नं.	सम्पादन गरेको कार्य विवरण	एकाई	गत महिना सम्मको संख्या	यस महिनाको संख्या	यस महिना सम्मको जम्मा संख्या	कैफियत
१	यस महिना गाउँपालिकाको नाममा परेको उजुरीको लागि उच्च अदालत पाटन बाट भएको फैसलाको पुर्ण पाठ तयारीको लागि उच्च अदालत पाटन गएको ।	०	०	०	०	यस महिना न्यायिक समिति मा कुनै विवाद दर्ता नभएको ।
	जम्मा					

सहजकर्ताको

नाम :प्रकाश खतिवडा

पद :न्यायिक सहजकर्ता

स्थानीय तह :घ्याङलेख गाउँपालिका

हस्ताक्षर :

प्रमाणीत गर्नेको

नाम: रामकुमार कार्की

पद : प्रमुख प्रशासकिय अधिकृत

स्थानीय तह:घ्याङलेख गाउँपालिका

हस्ताक्षर :

०८०/१/२८

घ्याङलेख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हायुटार, सिन्धुली
बागमति प्रदेश, नेपाल
२०७३

अनुसूची–६

(दफा १७ को उपदफा (१) सँग सम्बन्धित)

मासिक प्रगति विवरण

२०७९ साल चैत्र महिनाको मासिक प्रगति विवरण ।

सि.नं.	सम्पादन गरेको कार्य विवरण	एकाई	गत महिना सम्मको संख्या	यस महिनाको संख्या	यस महिना सम्मको जम्मा संख्या	कैफियत
१	घट्टा माथी बाट बाटो निर्माण गरेको सम्वन्धमा		०	१	१	ठाडो निवेदन
२	लेनदेन सम्वन्धी		०	२	२	ठाडो निवेदन दिएकोहुँदा निवेदन दर्ता नगरी दुवै पक्षलाई न्यायिक समितिमा वोलाई छलफल गरी विवाद समाधान गरीएको ।
	जम्मा		०	३	३	

सहजकर्ताको

नाम :प्रकाश खतिवडा

पद :न्यायिक सहजकर्ता

स्थानीय तह :घ्याङलेख गाउँपालिका

हस्ताक्षर :

प्रमाणीत गर्नेको

नाम: रामकुमार कार्की

पद : प्रमुख प्रशासकिय अधिकृत

स्थानीय तह:घ्याङलेख गाउँपालिका

हस्ताक्षर :

०८/१/२०८०

घ्याङलेख गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

हायुटार, सिन्धुली

बागमती प्रदेश, नेपाल

(कृषि तथा पशु विकास शाखा)

प.स. :-२०७९/०८०

च.नं. :- ९८९६

मितिः-२०८०/३/२५

विषयः-वार्षिक प्रगति प्रतिवेदन पठाइएको सम्बन्धमा ।

श्री कृषि तथा पशुपञ्छी विकास मन्त्रालय,
योजना शाखा,सिंहदरबार,काठमाडौँ ।

प्रस्तुत विषयमा घ्याङलेख गाउँपालिकाको आ.व.२०७९/०८० को कृषि तथा पशु विकास शाखा तर्फको वार्षिक स्वीकृत कार्यक्रम तथा योजना अनुसार २०७९ सालको वार्षिक प्रगति प्रतिवेदन पाना-२ यसै साथ संलग्न राखी पठाईको व्यहोरा अनुरोध छ ।

बोधार्थः-
श्री कृषि तथा पशुपञ्छी विकास मन्त्रालय,
हेटौडा,नेपाल ।
श्री जिल्ला समन्वय समिति,सिन्धुली ।
श्री कृषि ज्ञान केन्द्र,सिन्धुली ।
श्री भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,सिन्धुली ।
श्री योजना शाखा घ्याङलेख गाउँपालिका,
हायुटार,सिन्धुली ।

राम कुमार काकी
प्रमुख प्रशासकीय अधिकृत

घ्याङलेख गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

हायुटार, सिन्धुली

बागमती प्रदेश, नेपाल

(कृषि तथा पशु विकास शाखा)

प.स. :-२०७९/०८०

च.नं. :-

मिति:-२०८०/३/२५

आ.व.२०७९/०८० को कृषि तथा पशु विकास शाखाको वार्षिक प्रगति विवरण

(बजेट रु. हजारमा)

क्र.सं.	कार्यक्रम	इकाई	वार्षिक लक्ष्य			हाल सम्मको प्रगति			कैफियत
			लक्ष्य	भार	बजेट	गत महिना सम्मको	यस महिना सम्मको	हाल सम्मको	
१.	एकिकृत घुम्ती शिविर(कृषि,पशु,स्वास्थ्य,पञ्जीकरण)	पटक	२		१२,००	१	०	१	आन्तरिक श्रोत
२.	कृषि तथा पशु विकास साझेदारी कार्यक्रम	वर्ष भरी	१००		५७००	०	१	१	
३.	आ.व.२०७९/०८० मा नयाँ तरकारी पकेट विकास कार्यक्रम संचालन		२		१२,००	०	१	१	संघीय सरकार सशर्त अनुदान
४.	कृत्रिम गर्भाधान मिसन कार्यक्रम		१		३,५०	१	०	१	
५	किसान सूचिकरण कार्यक्रम		१		३,००	०	१	१	
६.	इपिडेमियोलोजिकल रिपोर्टिङ		१		२०	०	१	०	
७.	पशुपन्छी रोगको अन्वेषण,नमुना सङ्कलन तथा प्रेषण		१		१०	०	०	०	
८.	आ.व.२०७८/०७९ मा स्थापना भएका तरकारीबाली पकेट विकास कार्यक्रम निरन्तर्ता		१		६,००	०	०	०	
९.	कृषि,पशुपन्छी तथा मत्स्य तथ्याकं अध्यावधिक कार्यक्रम		२		१,००	०	१	१	
१०.	खायन आलु उत्पादन कार्यक्रम		४		१५,२०	०	१	१	
११.	कागती खेती प्रवर्द्धन कार्यक्रम		२		१०,००	०	२	२	प्रदेश सरकार सशर्त अनुदान

तयार गर्ने

दस्तखत:

छिरिङ दोर्जे लामा

पद:कृषि शाखा प्रमुख

मिति:२०८०/३/२५

प्रमाणित गर्ने

दस्तखत :

राम कुमार कार्की

पद:प्र.प्र.अधिकृत

मिति:२०८०/३/२५

मो.नं. ९८५४०८७८८८

घ्याङलेख गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हायूटार, सिन्धुली

वागमती प्रदेश, नेपाल

प.सं. :- ०७९/०८०

च.नं. :- १८९९

मिति :- २०८०/०३/२५

विषय :- वार्षिक प्रतिवेदन पठाईएको सम्वन्धमा ।

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय
बागमती प्रदेश, हेटौंडा

प्रस्तुत विषयमा यस घ्याङलेख गाउँपालिका हायूटार, सिन्धुलीको न्यायिक समिति बाट आर्थिक वर्ष २०७९/२०८० साउन देखि असार सम्म भए गरेका कार्यहरुको वार्षिक प्रतिवेदन तयारी गरी पाना-२२ यसै साथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

बोधार्थ


श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,सिंहदरवार काठमाण्डौ
श्री सिन्धुली जिल्ला अदालत, सिन्धुली
श्री जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुली
श्री जिल्ला प्रशासन कार्यालय, सिन्धुली

.....

रामकुमार कार्की
प्रमुख प्रशासकिय अधिकृत

न्यायिक समितिको

वार्षिक प्रतिवेदन २०७९–२०८०



२०७९ श्रावण देखि २०८० असार मसान्त सम्म

घ्याङलेख गाउँपालिका हायुटार,सिन्धुली

बागमति, प्रदेश

विषय सूचि

सार संक्षेप १

परिच्छेद–१ प्रारम्भ तथा परिचय.....३

१.१ पृष्ठभूमि.....३

१.२ घ्याङलेख गाउँपालिकाको परिचय.....५

परिच्छेद–२ ऐतिहासिक पृष्ठभूमि र न्यायिक अधिकार ७

२.१ प्रतिवेदनको उद्देश्य.....७

२.१ प्रतिवेदन तयारी विधि.....७

२.३ नेपालमा स्थानीय शासनको ऐतिहासिक पृष्ठभूमि र न्यायिक अधिकार ८

२.३.१ स्थानीय शासनको विकासक्रम र न्यायिक अधिकार.....८

२.३.२ संवैधानिक विकासक्रम र न्यायिक अधिकार.....९

२.३.३ कानुनी विकासक्रम र न्यायिक अधिकार.....११

२.४ स्थानीयतहको वर्तमान स्वरुप र न्यायिक अधिकार **११**

२.५ न्यायिक समितिको अधिकार क्षेत्र..... .....**१२**

२.६ क्षेत्राधिकार तथा क्षेत्राधिकार प्रयोग र न्यायिक तथा कार्य सम्पादन प्रक्रिया.....**१३**

२.६.१ क्षेत्राधिकार.....१३

२.६.२ अधिकार क्षेत्रको प्रयोग.....१४

२.६.३ न्याय सम्पादन प्रक्रिया.....१६

परिच्छेद–३ वार्षिक प्रगति विवरण..... .....१८

३.१ न्यायिक समिति सम्वन्धी व्यवस्था.....१८

३.२ सम्पादित क्रियाकलापहरु.....१८

३.३ न्यायिक समितिको बैठक व्यवस्थापन.....१९

३.४ गाउँपालिकाका कानूनहरुको विवरण.....२१
३.५ अनुगमन सम्वन्धी व्यवस्था २३
३.६ मुख्य उपलब्धी २३
३.७ स्थानीय तहमा न्यायिक समिति : अवसर २४
३.८ स्थानीय तहमा न्यायिक समिति : चुनौती २५
३.९ सुझाव २५
३.१० न्यायिक समिति र अपेक्षा २६

सार संक्षेप :–

नेपालको संविधान २०७४को धारा २१७ ले गाउँपालिका तथा नगरपालिका स्तरमा विवाद निरुपण गर्न न्यायिक समिति रहने व्यवस्था गरेको छ । स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ८ को दफा ४६ देखि ५३ सम्म स्थानीय तहमा न्यायिक समितिको क्षेत्राधिकार तोकिएको छ र न्याय सम्पादन प्रक्रिया सम्वन्धी व्यवस्था स्थानीय न्यायिक प्रयोजनका लागि संवैधानिक ईतिहासमा पहिलो पटक भएको हो । संविधानमा उल्लेखित व्यवस्था लाई प्रभावकारी कार्यान्वयन गर्ने दायित्व स्थानीय तहमा रहेको छ । देश भरिका ७५३ वटै न्यायिक समितिबाट न्याय सम्पादन गर्ने ,यस प्रणालीबाट जनताको न्यायमा पहुँच सरल र सहज वनाउन मद्दत पुग्ने विश्वास लिएको छ साथै विवाद समाधानका वैकल्पीक उपायहरु अवलम्वन गर्दा न्यायिक प्रक्रिया जित जितको अवस्था सुनिश्चित हुने र न्याय प्रतिको सन्तुष्टि तथा विश्वास वढ्नुका साथै विवाद निरुपणलाई कम खर्चिलो,कम झन्झटीलो तथा मेलमिलाप मुलक प्रक्रियाबाट समाधान गर्न गराउन योगदान पुग्ने अपेक्षा गरीएको छ ।

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छद ८ को दफा ४६ देखि ५३ सम्म स्थानीय तहहरु लाई न्यायिक समितिको क्षेत्राधिकार तोकिएको र न्याय सम्पादन प्रक्रियालाई थप व्यवस्थित गर्न घ्याङलेख गाउँपालिका न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनु पर्ने (कार्यविधि) ऐन २०७५ समेत जारी गरी कार्यान्वयनमा ल्याएको छ । निर्दिष्ट कानुनको अधिनमा रहि न्याय सम्पादन कार्यलाई पारदर्शी वनाउन, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५३ (१) वमोजिम घ्याङलेख गाउँपालिकाको न्यायिक समिति, समितिको सचिवालय तथा कानून ईकाइवाट सम्पादन गरिएको कार्यहरुको अभिलेखिकृत गर्ने,स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५३ (१) वमोजिम घ्याङलेख गाउँपालिकाको न्यायिक समिति,सचिवालय तथा कानुन ईकाईवाट सम्पादन गरीएका कार्यहरुको वार्षिक विवरण अध्यक्ष मार्फत गाउँ सभामा पेश गर्ने, न्यायिक समितिबाट सम्पादन भएका कार्यहरु पेश गर्ने उद्देश्यले यो प्रतिवेदन तयार गरीएको छ । न्यायिक समिति अर्न्तगत कार्य सम्पादन गर्दा दैनिक प्रशासनिक तथा नियमित कार्यहरु सफलता पुर्वक सम्पादन गरीनु,,दैनिक प्रशाासनिक तथा नियमित कार्यहरु सफलता पुर्वक सम्पादन गरिनु न्यायिक समितिका **१०** वटा वैठक संचालन भएको थियो । न्यायिक समिति समक्ष पेश हुन आएका /भएका विभिन्न **५** वटा उजुरीहरुको वारेमा छलफल गरी आवश्यक कारवाही गरिएको छ । उक्त उजुरी मध्ये **४** वटा फछ्यौट भएको र **१** वटा फछ्यौटको प्रक्रियामा रहेका छन् भने सामुदायिक मेलमिलाप केन्द्र वाट ४ वटा विवाद समाधान भएको छ । गाउँपालिकाको कार्य सम्पादन गरिएको कार्यहरु अर्न्तगत विभिन्न विधेयक तथा कार्यविधिहरुको मस्यौदा तयार गरि समिति मार्फत प्रक्रिया अनुसार कानुनको रुपमा प्रमाणीकरण गराई कार्यान्वयन गरिएको छ ।

सरकार संचालनमा महत्वपूर्ण अङ्गहरु मध्ये न्यायपालिका एक महत्वपूर्ण अङ्ग रहेको छ, व्यवस्थापिकाले तयार गरेको कानून कार्यपालिकाले कार्यान्वयन गर्छ । यस क्रममा कानुनमा देखिएका अस्पष्टतालाई व्याख्या गर्ने र विवाद निरुपण गर्ने काम न्यायपालिकाले गर्छ । लोकतान्त्रिक गणतन्त्रको स्थापना पछि स्थानीय तह देखि नै सुदृढ एवम् सवल वनाउनको लागि स्थानीय नेतृत्व,स्थानीय कानुन र स्थानीय सरकारको व्यवस्थापनका लागि स्थानीय सरकार संचालन ऐनले स्थानीय तहमा न्यायिक समितिको व्यवस्था गरेको छ । उल्लेखित विवादका विषय वाहेकका विषयहरु पनि न्यायिक समितिले मेलमिलापका माध्यमबाट टुङ्गो लगाउनु पर्छ न्यायिक समितिमा निवेदन वा फिराद पेश भएपछि विपक्षीका नाउँमा म्याद पठाउने,प्रतिउत्तर वुझ्ने,प्रमाणको

घ्याङलेख गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हायुटार, सिन्धुली वागमती प्रदेश, नेपाल २०७३

राम कुमार काफ्ले
प्रमुख प्रशासकीय अधिकृत

परिक्षण,साक्षी परीक्षण गर्ने, मेलमिलापका लागि दुवै पक्षलाई उत्प्रेरित गर्ने लगायत सबै प्रक्रिया टुङ्ग्याएर मात्र समितिले निर्णय गर्नु पर्ने व्यवस्था अवसरको रुपमा रहेकोछ ।

स्थानीय स्तरमा अदालती अभ्यासको सुरुवात निकै नै सकारात्मक र प्रभावकारी कदम भए पनि न्याय सम्पादन गर्दा देहाय चुनौतिहरु रहेकाछन् ।

- न्याय सम्पादनका क्रममा कानूनी ज्ञानको अभाव हुनु तथा प्राविधिक ज्ञानको कमी रहनु,
- यथेष्ट प्रमाणको मूल्याङ्कन नगरी फैसला हुन सक्ने,
- चुनाव बाट आएका जनप्रतिनिधि ईजलासमा हुने भएकाले राजनीतिक पूर्वाग्रहीपन हुनसक्ने,
- कुनै पनि मुद्दामा सीधै जिल्ला अदालतमा जान सकिने भएकाले राजनीतिक रुपले फरक विचारका व्यक्तिहरु सीधै जिल्ला अदालतमा मात्र जान सक्ने ।

  न्यायिक समितिबाट न्याय सम्पादन प्रक्रियालाई प्रभावकारी बनाउन संघिय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारबाट न्यायिक समितिका पदाधिकारीहरुको क्षमता अभिवृद्धिको लागी समय समयमा कानुन सम्वन्धी तालिमहरु संचालन गरिनु पर्ने, न्यायिक समितिको सचिवालय तथा कानुनी ईकाइमा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न न्याय तथा कानुन सम्वन्धी सेवाकालीन तालीम संचालन गराई क्षमता अभिवृद्धि गर्न आवश्यक व्यवस्था मिलाईनु पर्ने, न्यायिक समिति मार्फत भए गरेका काम कारवाहीहरुका नियमित अनुगमन गरी पृष्टपोषण गर्नु पर्ने सुझाव तथा अपेक्षा समेत प्रतिवेदनमा उल्लेख गरीएकोछ ।

परिच्छेद – १ प्रारम्भ तथा परिचय


१ . १ पृष्ठभूमि

नेपालको संविधानले गाउँपालिका तथा नगरपालिका स्तरमा विवाद निरुपण गर्न न्यायिक समिति रहने व्यवस्था रहेको छ । स्थानीय न्यायिक प्रयोजनका लागि यो व्यवस्था नेपालको संवैधानिक इतिहासमा पहिलो पटक भएको हो । संविधानको उल्लेखित व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने दायित्व स्थानीय तहमा रहेकोछ ।

नेपालको संविधानको भाग ५ धारा ५६ (१) मा "संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको मुल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ" भन्ने उल्लेख छ । संविधानको ५६(२) का नेपालको "राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले यस संविधान र कानुन बमोजिम गर्नेछन्"भनि स्पष्ट पारिएको छ । नेपालको संविधानको धारा २१७ को उपधारा (१)मा कानुन बमोजिम आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरुपण गर्न गाउँपालीकाले गाउँपालीकाको उपाध्यक्ष र नगरपालीकाले नगरपालीकाको उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति रहने व्यवस्था रहेकोछ । संविधानको धारा २१७ को उपधारा (२) न्यायिक समितिमा गाउँसभा वा नगर सभाबाट आफु मध्येबाट निर्वाचित गरेको दुई जना सदस्यहरु रहने गरी न्यायिक समिति गठन विधि स्पष्ट गरेकोछ ।

नेपालको संविधानको धारा २१७ ले गाउँपालिका तथा नगरपालिका स्तरमा विवाद निरुपण गर्न न्यायिक समिति रहने व्यवस्था गरेकोछ । स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ८ को दफा ४६ देखि ५३ सम्म





स्थानीय तहहरुको न्यायिक समितिको क्षेत्राधिकार तोकिएको र न्याय सम्पादन प्रक्रिया सम्वन्धी व्यवस्था स्थानीय न्यायिक प्रयोजनका लागि संवैधानीक ईतिहासमा पहिलो पटक भएको हो ।

संविधानमा उल्लेखित व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने दायित्व स्थानीय तहमा रहेकोछ । देश भरिका ७५३ वटै न्यायिक समितिवाट न्याय सम्पादन गर्ने, यस प्रणालीवाट न्यायमा जनताको पहुँच सरल र सहज वनाउन मद्दत पुग्ने विश्वास लिईएकोछ साथै विवादको वैकल्पिक उपायहरु अवलम्वन गर्दा न्यायिक प्रक्रियामा जीत जीतको अवस्था सुनिश्चित हुने र न्याय प्रतिको सन्तुष्टी तथा विश्वास बढ्नुका साथै विवाद निरुपणलाई कम खर्चिलो,कम झन्झटिलो तथा मेलमिलाप मुलक प्रक्रियाबाट समाधान गर्न गराउन योगदान पुग्ने अपेक्षा गरिएकोछ ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ८ को दफा ४६ देखि ५३ सम्म स्थानीय तहहरुमा न्यायिक समितिको क्षेत्राधिकार तोकिएको र न्याय सम्पादन प्रक्रियालाई थप व्यवस्थित गर्न घ्याङलेख गाउँपालिकाले न्यायिक समिति (कार्यविधि सम्वन्धि) ऐन,२०७५ समेत जारी गरी कार्यान्वयनमा रहेकोछ ।

निर्दिष्ट कानुनको अधिनमा रहि न्याय सम्पादन कार्यलाई पारदर्शी बनाउन,स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ५३(१) बमोजिम घ्याङलेख गाउँपालिकाको न्यायिक समिति,समितिको सचिवालय तथा कानुन ईकाइ वाट सम्पादन गरिएको कार्यहरुको अभिलेखिकृत गर्ने,स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ५२(२) वमोजिम घ्याङलेख गाउँपालिकाको न्यायिक समिति, समितिको सचिवालय तथा कानुन समितिवाट सम्पादन गरीएको कार्यहरुको वार्षिक विवरण अध्यक्ष मार्फत गाउँसभामा पेश गर्ने, न्यायिक समितिवाट सम्पादन भएका कार्यहरुको अभिलेखिकृत प्रतिवेदन गाउँपालिका तथा सम्वन्धित निकायमा पेश गर्ने उद्देश्यले यो प्रतिवेदन तयार गरिएकोछ ।

१.२ घ्याङलेख गाउँपालिकाको परिचय

साविक मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत जनकपुर अञ्चलको सिन्धुली जिल्लाको साविकको ५३ वटा गा.वि.स. हरु मध्ये अमले, बस्तिपुर, तामाजोर, नेत्रकाली र शान्तेश्वरी गा.वि.स.हरुलाई समायोजन गरी ५ वटा वडामा

घ्याङलेख गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हायुटार, सिन्धुली बागमती प्रदेश, नेपाल

राम कुमार काकी
प्रमुख प्रशासकीय अधिकृत

विभाजन गरी २०७३ साल फाल्गुण २७ गते घ्याङलेख गाउँपालिका गठन भएको हो। संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको ७ वटा प्रदेश मध्ये बागमती प्रदेशको १३ वटा जिल्ला मध्ये सिन्धुली जिल्लाको संघीय निर्वाचन क्षेत्र नं. २ प्रदेश निर्वाचन क्षेत्र २ (ख) मा यो घ्याङलेख गाउँपालिका पर्दछ। १६६.७७ वर्ग कि.मी. क्षेत्रफल र १७३०३ जना जनसंख्या रहेको घ्याङलेख गाउँपालिकाको कार्यालय सिन्धुली जिल्लाको सदरमुकामबाट पश्चिम उत्तरमा पर्ने यो गाउँपालिका सिन्धुली बजारबाट ३५ कि.मी. र सिन्धुली जिल्ला हुदै जाने वि.पि. राजमार्गको पिपल भञ्ज्याङबाट २३ कि.मी. को दुरीमा पालिकाको केन्द्र अवस्थित रहेको छ।

साविकको नेत्रकाली गा.वि.स. मा रहेको घ्याङलेख डाँडाबाट नै यस गाउँपालिकाको नाम 'घ्याङलेख' रहन गएको हो। तामाङ भाषामा 'घ्याङ' भन्नाले देवी देवता बस्ने ठाउ र 'लेख' भन्नाले अग्लो ठाउँ जनाउने हुँदा सो अग्लो डाँडामा तामाङहरुको इष्टदेवता रहने भएको हुनाले त्यस ठाउँको नाम घ्याङलेख रहन गएको देखिन्छ। त्यस घ्याङलेख डाडामा परापूर्व समय देखि नै माघे सकान्तीका दिन ठूलो मेला लाग्ने गरेको र यस क्षेत्र वरिपरिका मानिसहरु सो मेला भर्न ठूलो संख्यामा आउने गरेको तथ्यवाट पनि सो ठाउँको ऐतिहासिक महत्व रहेको छ। वर्तमान समयमा सो ठाउँमा मेला लाग्ने प्रचलन हराएता पनि यस ठाउँको ऐतिहासिक महत्वलाई पुनर्ताजगी गराउन यस गाउँपालिकाको नाम घ्याङलेख राखिएको हो।

यो गाउँपालिका २७ डिग्री १८ मिनटदेखि २७ डिग्री २१ मिनट उत्तरी अक्षांश र ८५ डिग्री ४१ मिनटदेखि ८५ डिग्री ५२ मिनट पूर्वी देशान्तरमा अवस्थिति छ। यस गाउँपालिकाको पूर्वमा सिन्धुली जिल्लाको कमलामाई नगरपालिका, पश्चिममा काभ्रेपलान्चोक जिल्लाको महाभारत र सिन्धुली जिल्लाको मरिण गाउँपालिका, उत्तरमा काभ्रेपलान्चोक जिल्लाको रोशी र सिन्धुली जिल्लाको सुनकोशी गाउँपालिका र दक्षिणमा सिन्धुली जिल्लाको कमलामाई नगरपालिका र मरिण गाउँपालिका पर्दछन्। यस गाउँपालिका समुन्द्री सतहबाट तल्लो सतह ४८४ मिटर देखि माथिल्लो सतह २३८० मिटर सम्म फैलिएको छ। यस गाउँपालिकाको १२०० मिटरसम्म उष्ण मनसुनी हावापानी, १२०० मिटर देखि २१०० मिटरसम्म न्यानो समशितोष्ण हावापानी र २१०० मिटर देखि २३८० मिटर सम्मठण्डा समशीतोष्ण हावापानी पाइन्छ। समग्रमा समशीतोष्ण हावापानी पाईन्छ। यो गाउँपालिका महाभारतको काखमा रहेको हुँदा यहाँ प्राय भिरालो जमिन रहेको छ। यहाँ खोलाकिनारामा बलौटे पत्थरीलो र अन्य भागमा रातो फुस्रो माटो पाईन्छ।

सिन्धुली जिल्लामा यो गाउँपालिका आफ्नै मौलिक परम्परा, संस्कृति, सामाजिक तथा धार्मिक क्षेत्रको जगेर्ना गरी अगाडि बढेको गाउँपालिका हो। शहरीकरणको लागि आवश्यक पूर्वाधारको व्यवस्था सहित यो गाउँपालिका त्यस क्षेत्रमा परिवर्तनको उदाहरण र सम्वाहक पनि बनिरहेको छ।

देशमा संघीय शासन प्रणाली सुरुवातसँगै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्थाबाट स्थानीय तहको अधिकार क्षेत्र, भूमिका र जिम्मेवारी पनि बढेको अवस्था हुनाले स्थानीय तहले स्थानीय सरकारको रुपमा कार्य गरी आफ्नो क्षेत्रमा विकास कार्य सञ्चालन गर्न आफै योजना बनाउने, योजना कार्यान्वयन गर्ने, आवश्यक स्रोत साधन आफैले जुटाउने, विकास निर्माणका कार्यक्रम सञ्चालन गर्ने र

घ्याङलेख गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हायुटार, सिन्धुली बागमती प्रदेश, नेपाल २०७३

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

जनतालाई सेवा प्रवाह गर्ने जस्ता कार्यहरु सम्पादन गर्नु पर्दछ। स्थानीय सरकारको रुपमा रहेको गाउँपालिकाले उल्लिखित कार्य गर्नको लागि आफ्नो क्षेत्रको सामाजिक, आर्थिक, भौतिक, संस्थागत तथा अन्य विषयहरु सम्बन्धमा जानकारी गराउनको लागि गाउँपालिकाको वर्तमान अवस्था झल्कने गरी वस्तुगत विवरण तयार गर्नुपर्ने भएको छ। यो वस्तुगत विवरण सम्पूर्ण घरधुरीमा गणकहरु परिचालन गरी तयार गरिएको हो। तथ्याङ्क सङ्कलनको क्रममा सकभर कोही पनि नछुटुन् र प्रश्नमा उल्लेख गरिएका सबै सूचनाहरु गणकले राम्रोसँग सङ्कलन गर्न सकुन् भन्ने अभिप्रायले एक एक दिन सुक्ष्म शिक्षण र प्रयोगात्मक प्रशिक्षण गराई कार्यक्षेत्रमा परिचालन गरिएको थियो। यो तथ्याङ्क सङ्कलनगर्दा विद्युतीय माध्यम अपनाइएको छ, जहाँ मोबाइल एप्लीकेसनको माध्यमबाट गणकहरुले सूचना लिने उक्त सूचना सोही दिन केन्द्रीय सर्भरमा पठाउने व्यवस्था गरिएको हुँदा केही त्रुटि भएमा सर्भर सञ्चालन गर्ने विज्ञले तुरुन्तै जाँच गरी सुधारको लागि पुनः गणकमा पठाउने व्यवस्था गरिएको थियो।

सूचनालाई बढि भन्दा बढि यथार्थपरक बनाउने जिम्मा भने प्राथमिक रुपमा सूचना सङ्कलनकर्ता र सूचना प्रदायकमा निर्भर गर्दछ। सूचना दिनेबाट सही सूचना दिइएन र लिनेले राम्रोसँग लिइएन भने सूचनाको विश्वसनीयतामा प्रश्न चिन्ह आउन सक्दछ। तसर्थ सूचनामा कमी कमजोरी नहोस् भन्नाका खातिर यस्ता विषयमा गणकलाई सरल रुपमा बुझाई परिचालन गरिएको थियो। यस प्रतिवेदनमा प्रस्तुत गरिएका सूचनाहरुको अध्ययन गर्दा आवश्यक सूचनाहरु सबै प्राप्त भएको देखिन्छ। तथापि सूचनाले कहिले पनि पूर्णता पाउँदैन र यसमा सुधारका थुप्रै गुन्जाएस हुने हुँदा उक्त सूचनालाई सच्याउन, सुधार गर्न र अद्यावधिक गर्न सकिन्छ।

अन्त्यमा, यो वस्तुगत विवरणको सही प्रयोग गरी गाउँपालिकाको विकास योजना तर्जुमा गर्न, सेवा प्रवाहका कार्यक्रम सञ्चालन गर्न तथा अनुगमन तथा मूल्याङ्कन र अन्य आवश्यक कार्य गर्न सहज हुनेछ भन्ने आशा लिइएको छ।

गौरीशङ्कर गाउँपालिका कार्यपालिकाको कार्यालय भण्डुटार, सिन्धुली बागमती प्रदेश, नेपाल २०७३

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

यस गाउँपालिकामा तामाङ भाषा मुख्य भाषाको रुपमा रहेको सर्भेक्षणवाट देखिन आउँछ । कुल जनसंख्याको ७४.१ प्रतिशत बासिन्दाले बढी मात्रामा तामाङ भाषा प्रयोग गर्ने गरेको र दोस्रो स्थानमा खस पर्वते भाषा/नेपाली भाषा १८ प्रतिशतले मात्रा प्रयोग गर्ने गरेको देखिन्छ । यस्तै विभिन्न भाषा प्रयोग गर्ने जनसंख्याको आधारमा वडागत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं.३.४ मातृभाषाको आधारमा जनसंख्याको विवरण

मातृभाषा / वडा	१	२	३	४	५	जम्मा	जम्मा %
तामाङ भाषा	१७४३	२२७०	२५५२	४१४१	२१३१	१२८३७	७४.१९
खस पर्वते भाषा/नेपाली भाषा	३०६	६३४	१६९	५७५	१४४७	३१३१	१८.१०
मगर भाषा	१	३४५	४१	४०	५८	४८५	२.८०
थामी भाषा	०	३४८	०	०	०	३४८	२.०१
सुनुवार भाषा	१३	१९८	६३	०	०	२७४	१.५८
नेवारी भाषा	०	०	१८६	०	२६	२१२	१.२३
भाषा नखुलेको	१	१३	१	०	१	१६	०.०९
जम्मा	२०६४	३८०८	३०१२	४७५६	३६६३	१७३०३	१००.००

घरधुरी र जनसंख्या २०७८ को जनगणनामा उल्लेख गरिएकोछ ।



राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

परिच्छेद – २ ऐतिहासिक पृष्ठभूमि र न्यायिक अधिकार

२.१ प्रतिवेदनको उद्देश्य

न्यायिक समितिको प्रतिवेदन तयार गर्न देहाय बमोजिम उद्देश्य रहेका छन् ।

- स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ५३(१) बमोजिम घ्याङलेख गाउँपालिकाको न्यायिक समितिको सचिवालय तथा कानुन ईकाइ बाट सम्पादन गरीएको कार्यहरुको अभिलेखिकृत गर्ने ।
- स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ५३(२) बमोजिम घ्याङलेख गाउँपालिकाको न्यायिक समितिको सचिवालय तथा कानुन ईकाइ बाट सम्पादन गरीएको कार्यहरुको वार्षिक विवरण अध्यक्ष मार्फत सभामा पेश गर्ने ।
- न्यायिक समितिबाट सम्पादन गरीएका कार्यहरुको अभिलेखिकृत प्रतिवेदन गाउँ कार्यपालिकामा पेश गर्ने ।

२.२ प्रतिवेदन तयारी विधि

- न्यायिक समितिबाट सम्पादन गरिएका कार्यहरुको प्रतिवेदन तयार गर्न नेपालको संविधान,स्थानीय सरकारे संचालन ऐन,२०७४ घ्याङलेख गाउँपालिका न्यायिक समिति (कार्यविधि सम्वन्धी) ऐन, २०७५, न्यायिक समितिको बैठक पुस्तिकाहरुको विशेष अध्ययन तथा विश्लेषण गरी तयार गरिएकोछ ।
- उक्त प्रतिवेदन तयार गर्दा घ्याङलेख गाउँपालिकाको कार्य सम्पादन प्रक्रियामा तथा घ्याङलेख गाउँपालिकाको कार्य सम्पादन चुस्त दुरुस्त बनाउन स्वीकृत भई कार्यान्वयनमा रहेका कानुनहरुको अध्ययन विश्लेषण तयार गरिएको छ साथै प्रतिवेदन तयारको क्रममा देहाय बमोजिम अन्य दस्तावेज़हरुको समेत अध्ययन विश्लेषण गरीएकोछ ।

घ्याङलेख गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हापुटार, सिन्धुली बागमती प्रदेश, नेपाल २०७३

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

- मेलमिलाप ऐन,२०६८ र मेलमिलाप नियमावली,२०७०
  - प्रमाण ऐन,२०३१
  - मुलुकी देवानी (संहिता) ऐन,२०७४
  - मुलुकी देवानी कार्यविधि (संहिता) ऐन,२०७४
  - मुलुकी अपराध (संहिता) ऐन,२०७४
  - मुलुकी फौजदारी कार्यविधि (२०७४)
  - फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन कार्यविधि)
  - न्यायिक समिति कार्य सम्पादन श्रोत पुस्तक २०७४,
  - अन्य ऐन कानुनहरु

२.३ नेपालमा स्थानीय शासनको ऐतिहासिक पृष्ठभूमि र न्यायिक अधिकार

नेपालमा स्थानीय शासनको ऐतिहासिक पृष्ठभूमि र न्यायिक अधिकार सम्वन्धि देहाय बमोजिमको व्यवस्था रहेको पाईन्छ ।

२.३.१ स्थानीय शासनको विकासक्रम र न्यायिक अधिकार

क) गोपाल बशं :– नेपालमा आज भन्दा करीव ३००० वर्ष पहिले गोपाल वंशले ५२५ वर्ष शासन गरे भन्ने ईतिहास विद्को कथन रहेकोछ । यसबेला स्थानीय तहमा जेठा बाठाले गाउँटोलमा थिति बसाल्ने,पारिवारीक विवाद मिलाउने र गाउँ टोलमा नेतृत्वदायी भूमिका निर्वाह गर्दथे भन्ने ईतिहासकारको भनाई रहेको पाईन्छ ।

ख) महिषपाल वंश :– गोपाल वशं पछि महिषपाल वंशले करीव १०० वर्ष शासन गरे भन्ने ईतिहासविद्को कथन छ ।त्यस बेलाको शासन व्यवस्था बारे स्पष्टता नपाइएकोले गाउँघरमा सम्पत्ति सम्वन्धी तथा पारिवारीक



राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

विवाद वा केही आपसी झगडा मिलाउन स्थानीय ज्येष्टहरुको भुमिका रहन्थ्यो भन्ने ऐतिहासिक श्रुति पाइन्छ ।


ग) किराँत काल :– गोपाल बंश पछि किराँतकालमा केन्द्रिय शासन र स्थानीय शासनको अवधारण विकास भएको पाईन्छ । स्थानीय तहलाई थुम र पनचाली दुई तहमा विभाजन गरी पाञ्चालीलाई स्थानीय कर संकलन,कुलो,पानी, झै झगडा मिलाउने जिम्मेवारी दिएको पाईएकोछ ।

घ) लिच्छवी काल :– लिच्छवी कालमा आएर बस्तीहरुलाई विषय,ग्राम,द्रङ्पुर, प्रदेह र देश नामका ईकाइहरु विभाजन गरीयो । यस वेला स्थानीय न्याय सम्पादन गर्न पाँच जना स्थानीय भलादमिहरुको सभा हुन्थ्यो । जसलाई पान्चालीको मुख्यकाम आफ्नो ईलाका भित्रको झगडा छिनोफानो गर्नु र जनताका हितका लागि कुलो पानीको व्यवस्था गर्नु,पाटी पौवा वनाउनु र संरक्षण गर्नु थियो । पान्चालीले छिन्न नसकेको मुद्दा मात्र अन्तिम निर्णयका लागि माथिल्लो तहमा जाने व्यवस्था भएको पाईन्छ ।

ङ) मल्लकाल :– मल्लकालमा स्थानीय तहलाई ग्राम टोलमा विभाजन गरिएको पाईन्छ । ग्राम प्रशासन हेर्ने जिम्मा पाँच जनाको समुह भएको पञ्च कचहरीको प्रमुखलाई पञ्च थमाली भनिन्थ्यो । यस न्यायपालिका र कार्यपालीका सम्वन्धि दुवैकाम हेर्ने गर्दथ्यो । मल्लकालमा स्थानीय प्रशासनको कार्य कर संकलन,बाटो,कुलो,कुवा, पाटी,पौवा, मन्दिर निर्माण र स्थानीय झैझगडा मेलमिलाप गराउनु थियो ।

च) शाहकाल :– शाहकालमा पनि मल्लकालको पञ्चकचहरीले निरन्तरता पाएको देखिन्छ । शाहकालमा स्थानीय प्रशासन चलाउने द्वारे , उमराव, चौधरी, नायके,फौजदार नियुक्त हुन्थे । जसको मुख्यकाम स्थानीय स्तरका कर संकलन,बाटो,कुवा,कुलो, धारा, पाटी, मन्दिर,पुम्वा निर्माण र स्थानीय झै झगडा मेलमिलाप गराउनु थियो ।





छ) **राणाकाल :–** राणाकालमा शासनको केन्द्रिकरणले प्राचिन कालको पान्चाली लोप भयो । तर पनि देशको प्रशासन केन्द्रबाट मात्र संचालन गर्न सम्भव नभएकाले स्थानीय स्तरमा प्रशासन संचालन गर्न पहाड बन्दोबस्त गोश्वारा,मधेश बन्दोवस्त गोश्वारा,पाठशाला बन्दोवस्त अड्डा,माल अड्डा, ठाना जस्ता विकेद्रिकृत ईकाइहरु गठन गरिए । स्थानीय प्रशासनमा द्धारे,उमराव, चौधरी,नाईक,मुखिया, अमाली थरी,जेठाबुढा,प्रधान,फौजदार जस्ता पदहरु राखिए, सारमा नेपालमा राज्य व्यवस्थाको प्रारम्भ सँगै स्थानीय शासन व्यवस्थित हुँदै आएको र स्थानीय मामिला सम्वन्धमा जिम्मेवार हुँदै आएको पाईन्छ ।

२.३.२ संवैधानिक विकासक्रम र न्यायिक अधिकार

नेपालको मूल कानूनको रुपमा रहेको लिखित संविधानको विकाशक्रम निम्नानुसार हुँदै आएको पाईन्छ

१. नेपाल सरकार वैधानीक कानून,२००४ :– स्थानीय स्तरमा न्याय सम्पादको संस्थागत व्यवस्था नेपाल सरकार वैधानिक कानून, २००४ को धारा ४८ मा उल्लेख भएको पाईन्छ जसमा "ईन्साफ शीघ्र र सुलभ हिसाव सँग दिइने प्रवन्ध हुनेछ । शुरुमा देवानी र फौज्दारी मुद्दाहरु ऐन र नियमले तोकिने बन्देज र रेखदेखमा रही ग्राम पञ्चायतले गर्नेछन् "भन्ने उल्लेख भएको पाईन्छ ।

२. नेपालको आन्तरिम शासन विधान ,२००७ को धारा ६ मा ग्राम पञ्चायतको व्यवस्था गरी ग्राम पञ्चायतलाई स्थानीय शासन संस्थाको रुपमा मान्यता दिई आवश्यक अधिकार दिने व्यवस्था गरेको पाईन्छ ।

३. नेपाल अधिराज्यको संविधान ,२०१५ मा स्थानीय शासन सम्वन्धी कुनै पनि संस्थागत व्यवस्था भएको पाईदैन ।

४. नेपालको संविधान, २०१९ को भाग ८,धारा ३० र ३१ मा गाउँ पञ्चायत र नगर पञ्चायतको व्यवस्था गरियो । जसमा गाउँ र नगर पञ्चायतको काम,कर्तव्य र अधिकार कानून द्वारा व्यवस्थित हुने उल्लेख



राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

गरिएकोछ । यसमा भएका समय समयका सुधार र संशोधनबाट स्थानीय तहमा गाउँ र नगर पञ्चायतलाई स्थानीय स्तरका कुलो,पैनी,बाँध, साँध, सीमाना, लेनदेन,कुटपिट आदि मुद्दाहरुको सुनुवाई गर्ने अधिकार दिएको पाइन्छ ।

